# वीरेन्द्रनगर नगरपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)




नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत,

कर्णाली प्रदेश, नेपाल

२०७९ भदौ

# विषय सूची

*परिच्छेद १ : परिचय* ५

१. पृष्ठभूमि ५

२. उद्देश्य ५

३. राजस्व सुधार कार्ययोजनाको औचित्य ६

४. विधि/प्रक्रिया ७

४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ७

४.२ अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी ८

४.३ सूचना/तथ्याङ्क विश्लेषण र मस्यौदा तयारी १०

४.४ राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा पेश १०

४.५ मस्यौदा प्रस्तुतीकरण कार्यशाला गोष्ठी १०

४.६ मस्यौदा कार्ययोजना पेश ११

५. अध्ययनका सीमा ११

*परिच्छेद २ : नगरपालिकाको संक्षिप्त परिचय* १२

१. नगरपालिकाको गठन, नामकरण तथा ऐतिहासिक पृष्ठभूमि १२

२. जनसङ्ख्या १२

३. भौगोलिक स्वरूप १३

४. भूउपयोग १४

५. चाडपर्व, जात्रा, मेला १४

६. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरु १४

७. मुख्य वस्तीहरु १५

८. बसोवास गर्ने घरको किसिमको आधारमा घरपरिवारको विवरण १६

९. प्रयोगको आधारमा घरपरिवारको विवरण १७

१०. घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण १७

११. कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारको विवरण १८

१२. प्राकृतिक स्रोत १९

१३. व्यापार व्यवसाय, बैंक तथा वित्तीय संस्था १९

१४. घरेलु तथा साना उद्योग २०

१५. भौतिक स्रोत २१

१६. मानवीय स्रोत २१

*परिच्छेद ३ : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता* २२

१. संवैधानिक व्यवस्था २२

२. स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था २२

३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था २४

४. आन्तरिक आय परिचालनको अवस्था २६

५. आन्तरिक राजस्वको अवस्था र आय सम्भावना २७

५.१ कर राजस्व २७

५.२ गैरकर राजस्व ३७

*परिच्छेद ४ : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्थ* ४६
५.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना ४६
५.२ राजस्व सम्बन्धी नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरु ४६
५.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ४७
५.४ राजस्व परिचालनमा रहेका सवालहरु ४८
५.५ विगतको आय परिचालनको अवस्था ४९

*परिच्छेद ५ : राजस्व सुधार कार्ययोजना* ५३
१. राजस्व प्रशासन सुधार ५३
२. कर राजस्व सुधार योजना ५४
३. गैरकर राजस्व सुधार योजना ५६

*परिच्छेद ६ : आगामी तीन वर्षको राजस्व प्रक्षेपण* ५८

*परिच्छेद ७ : अपेक्षित नतिजा* ६४

*परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन* ६५

*अनुसूची* ६७
अनुसूची–१ : छलफलका लागि २०७९ असारमा नगरपालिकामा पेश गरिएको प्रस्तावित आर्थिक विधेयक,२०७९ ६७
अनुसूची–२ : सन्दर्भ सामग्रीहरु ९३
अनुसूची–३ : तथ्याङ्क सङ्कलन सूची ९४
अनुसूची–४ : तथ्याङ्क सङ्कलन फाराम ९५
अनुसूची–५ : अभिमुखीकरण कार्यक्रम उपस्थिति ९८
अनुसूची–६ : राजस्व परामर्श समितिकौ वैठक तथा राजस्व सुधार योजना सम्वन्धमा छलफल ९९
अनुसूची–७ : नगरपालिकाको कार्यालयमा राजस्व सुधार योजनाको मस्यौदा प्रस्तुती र छलफल १०१
अनुसूची–८ : नगरपालिकाको कार्यालयमा राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि कार्यशाला गोष्ठी १०३
अनुसूची–९ : नगरपालिकाको कार्यालयमा राजस्व सुधार राजस्व सुधार कार्ययोजनाको मस्यौदामाथि छलफल १०५

# तालिका सूची


तालिका १ : जनसङ्ख्या, २०७५ १३

तालिका २ : भूउपयोग १४

तालिका ३ : धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थलहरु १४

तालिका ४ : मुख्य वस्ती तथा बजार केन्द्रहरु १५

तालिका ५ : घरको किसिमको आधारमा घरपरिवारको संख्यात्मक विवरण १६

तालिका ६ : प्रयोगका आधारमा घरपरिवारको संख्यात्मक विवरण १७

तालिका ७ : स्वामित्वको आधारमा घरपरिवारको संख्यात्मक विवरण १८

तालिका ८ : कोठा वा फ्ल्याट भाडामा दिएका घर परिवारको विवरण १८

तालिका ९ : मुख्य प्राकृतिक स्रोत १९

तालिका १० : नगरपालिकामा सञ्चालित व्यापार व्यवसाय २०

तालिका ११ : साना तथा घरेलु उद्योगको सङ्ख्यात्मक विवरण २०

तालिका १२ : कर्मचारीको सङ्ख्यात्मक विवरण २१

तालिका १३ : नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २६

तालिका १४ : व्यवसाय करबापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी ३३

तालिका १५ : विज्ञापन करबापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी ३६

तालिका १६ : नक्सापास बापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी ३९

तालिका १७ : सिफारिश दस्तुरबापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी ४३

तालिका १८ : सरकारी सम्पत्तिको बहालबाट प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी ४४

तालिका १९ : सामुदायिक वनहरुबाट प्राप्त हुने सम्भाव्य आम्दानी ४५

तालिका २०: राजस्व परामर्श समिति ४६

तालिका २१ : विगत पाँच वर्षको आय परिचालनको अवस्था ५०

तालिका २२ : आय परिचालनको अवस्था ५१

तालिका २३ : विगत पाँच वर्षको आय परिचालनको अवस्था ५२

तालिका २४ : राजस्व प्रशासन सुधार योजना ५३

तालिका २६ : कर राजस्व सुधार योजना ५४

तालिका २६ : गैरकर राजस्व सुधार योजना ५६

तालिका २७ : सम्भाव्य आय तथा आय प्रक्षेपणका आधार ५८

तालिका २८ : सम्भाव्य आय तथा आय प्रक्षेपण ६०

# परिच्छेद १ : परिचय

## १. पृष्ठभूमि

नेपालमा तीनवटै तहका सरकारहरूबीच सम्वैधानिक रुपमा राजस्व अधिकारको बाँडफाँट गरिएपछि यस व्यवस्थाबाट स्थानीय तहहरूलाई आर्थिक रुपमा सक्षम, सबल बन्ने अवसर प्राप्त भएको भए पनि संविधानप्रदत्त यस दायित्वको पूरा गर्दै स्थानीय जनआकाङ्क्षालाई सम्बोधन गर्ने अवसरको सदुपयोग गर्नेतर्फ भने धेरै काम गर्न बाँकी नै रहेको छ । यसै परिवेशलाई मध्यनजर गरी नगरपालिकाको समग्र राजस्व परिचालनको अवस्थामा सुधार गर्ने मूल ध्येयसहित नगर विकास कोषको आर्थिक सहयोग र सेन्टर फर रिजिलियन्स एण्ड डिभेलपमेन्ट प्रा.लि.को प्राविधिक सहयोगमा वीरेन्द्रनगर नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको छ ।

यस कार्ययोजनामा नगरपालिकाको राजस्व परिचालनको विद्यमान अवस्था अध्ययन, विश्लेषणका अतिरिक्त कुल राजस्वको सम्भावना पहिचान गरी सम्भावनाअनुरुप राजस्व परिचालनका लागि गर्नुपर्ने सुधारका कार्यहरू सहितको कार्ययोजना समेटिएको छ । आगामी तीन आर्थिक वर्ष (आ.व. २०८०/८१ - २०८२/८३) को सम्भाव्य राजस्व शीर्षकगत रुपमा प्रक्षेपण गरी सम्भाव्य राजस्वको कुल आकार आँकलन गरिएको छ । साथै, नगरपालिकाको आ.व. २०७८/७९ को आर्थिक ऐनको विस्तृत अध्ययन गरी आ.व. २०७९/८० का लागि आर्थिक ऐनको सुधार सहितको मस्यौदा नगरपालिकामा २०७९ असारमा नगरपालिकामा पेश गरिएको छ । यस कार्ययोजनामा प्रस्तुत राजस्व प्रक्षेपणले नगरपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ । समग्रमा यो कार्ययोजनाले नगरपालिकाको राजस्व व्यवस्थापनमा सुधार गर्न महत्वपूर्ण सहयोग गर्ने अपेक्षा गरिएको छ । यस प्रतिवेदनमा निम्नअनुसारका विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको परिचय
२. राजस्व परिचालनको वर्तमान अवस्था सिंहावलोकन
३. आन्तरिक आय सम्भावना विश्लेषण
४. राजस्व सुधार कार्ययोजना
५. आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण
६. अपेक्षित नतिजा
७. अनुसूची

## २. उद्देश्य

वीरेन्द्रनगर नगरपालिकाको राजस्व परिचालनका विद्यमान संभावनाहरूको विश्लेषणका आधारमा राजस्व परिचालनमा सुधार ल्याउनका लागि गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी उक्त क्रियाकलापहरूको कार्यान्वयन योजना बनाउनु यस कार्ययोजनाको प्रमुख उद्देश्य हो । यस योजनाका विशिष्ठ उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- नगरपालिकाका पदाधिकारी तथा राजस्व परामर्श समितिका सदस्यहरूलाई नगरपालिकाको राजस्व अधिकार तथा राजस्व सुधार कार्ययोजनाको आवश्यकता सम्बन्धी विषयमा अभिमुखीकरण गर्नु
- नगरपालिकाको आन्तरिक आयका आधारहरूको विश्लेषण तथा विगत तीन आर्थिक वर्षको प्रवृत्ति विश्लेषण गरी नगरपालिकाको राजस्व परिचालनको विद्यमान अवस्था विश्लेषण गर्नु
- सङ्घ तथा प्रदेश सरकारबाट हुने राजस्व बाँडफाँट तथा अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त हुने समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानको विश्लेषण गर्नु
- नगरपालिकाले अवलम्बन गरेका राजस्व सम्बन्धी विद्यमान नीति, कानून, संस्थागत संरचना, सूचना प्रविधि र तथ्याङ्क एवम् प्रतिवेदन प्रणाली लगायत समग्र राजस्व प्रशासनको विश्लेषणको आधारमा सुधारका क्षेत्रहरु पहिचान गर्नु

- स्थानीय आर्थिक विकासका दृष्टिकोणबाट सम्भाव्य तर नगरपालिकाले हालसम्म सङ्कलन नगरेका राजस्वका नयाँ स्रोतहरू पहिचान गर्नु
- आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण तथा राजस्व सुधारका कृयाकलाप र सोको कार्यान्वयन जिम्मेवारी निर्धारण एवम् राजस्व सुधारका रणनीतिहरूसहितको वीरेन्द्रनगर नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नु
- नगरपालिकाको छलफलका लागि आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनको मस्यौदा प्रस्तुत गर्नु
- भविष्यमा राजस्व प्रक्षेपण तथा राजस्व सुधार कार्ययोजना पुनरावलोकन गरी अद्यावधिक गर्न सक्ने गरी नगरपालिकालाई प्राविधिक सहयोग पुऱ्याउनु ।

## ३. राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालमा सङ्घीय व्यवस्था कार्यान्वयनमा आएसँगै वित्तीय अधिकार (Fiscal Power) तथा वित्तीय जिम्मेवारी (Fiscal Responsibility) लाई सम्वैधानिक रुपमै सरकारका तीन तहहरूबीच बाँडफाँट र समायोजन गरिएपश्चात् आन्तरिक राजस्व क्षमता सुदृढीकरणका लागि स्थानीय करहरू सङ्कलन गर्न संविधान एवम् अन्य कानुनहरूद्वारा स्थानीय तहहरूलाई राजस्व अधिकारहरू समेत प्रदान गरिएको छ । आन्तरिक राजस्व क्षमता सुदृढ भएमा मात्र स्थानीय तहले आफ्नो क्षेत्रको सामाजिक, आर्थिक, भौतिक विकासका लागि खर्च क्षमता वृद्धि गरी स्थानीय स्तरको मर्म, भावना र आवश्यकताअनुकूलको विकास र समृद्धिका लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पुरा गर्न सक्षम हुन सक्दछन् र अन्ततोगत्वा सम्वैधानिक व्यवस्थाले पनि सार्थकता पाउन सक्दछ । यसै कारणले नै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा स्थानीय तहको कुल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा १० प्रतिशतसम्म भए कमजोर, १०-२० प्रतिशत भए सामान्य र २० प्रतिशतभन्दा बढी भए उत्तम मानी सोही अनुसार अङ्कभार गणना हुने व्यवस्था गरिएको छ ।

सङ्घीय व्यवस्थामा स्थानीय सरकारहरूले प्राप्त राजस्व अधिकारको उपयोग गर्न नसकेमा स्थानीय सरकारको कर सङ्कलन सामर्थ्यमाथि प्रश्न चिन्ह उठ्न सक्ने मात्र होइन यसले अधिकार हस्तान्तरण गर्ने पद्धति माथि नै प्रश्न खडा गर्न सक्छ । नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाभएपश्चात् स्थापित स्थानीय सरकारहरूको पहिलो कार्यकाल सम्पन्न भई हाल स्थानीय तहको दोस्रो चरणको निर्वाचन समेत सम्पन्न भइसकेको छ । यस अवधिमा स्थानीय सरकारहरूले संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानुनबमोजिम हरेक आर्थिक वर्षमा आर्थिक ऐन तथा विनियोजन ऐन बनाई कार्यान्वयनमा ल्याउने अभ्यासलाई संस्थागत गरेका छन् । कतिपय स्थानीय तहहरूले राजस्व सङ्कलनमा उदाहरणीय कार्य प्रस्तुत गरेका भए पनि धेरैजसो स्थानीय तहहरूले सम्भावनाअनुकुल राजस्व सङ्कलन गर्न नसकेका, कतिपय स्थानीय तहहरूले राजस्व सङ्कलनलाई प्राथमिकताको विषयमा नराखेको र उल्लेख्य चासो समेत नदिएको अवस्था रहेको छ ।

उपर्युक्त पृष्ठभूमिमा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नाले सम्बन्धित स्थानीय तहहरूलाई राजस्व सुधारको आवश्यकता तथा महत्वप्रति सजग, सचेत बनाउने; राजस्वको सम्भावना तथा सङ्कलनको यथार्थ अवस्थाको तुलनात्मक अवस्था पहिचान हुने, सम्भावनाका तुलनामा सङ्कलन कम भएका क्षेत्रहरूमा राजस्व सङ्कलनमा वृद्धिका लागि आवश्यक कार्यहरू पहिचान गरी राजस्व सुधार कार्ययोजना तर्जुमालगायतका कार्यहरू गरी स्थानीय तहहरूलाई प्राप्त अख्तियारी बमोजिम संभाव्य राजस्व सङ्कलन गर्न सक्ने सामर्थ्य वृद्धिमा सहयोग गर्दछ । यसर्थ, जनअपेक्षा र खर्चका आवश्यकताहरू असङ्ख्य रहेको वर्तमान परिवेशमा दिगो आम्दानी वृद्धि गर्न सघाउने राजस्व सुधार कार्ययोजना आफैंमा एउटा महत्वपूर्ण विषय हो । यसै महत्वलाई आत्मसात् गर्ने सन्दर्भमा नै वीरेन्द्रनगर नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको छ ।

## ४. विधि/प्रक्रिया

परामर्शदातृ संस्थाले नगर विकास कोष तथा वीरेन्द्रनगर नगरपालिकाका सम्बन्धित पदाधिकारीसँगको नजिकको समन्वयमा रही तोकिएको ढाँचामा राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको छ । राजस्व सुधार कार्ययोजना तर्जुमामा मूलतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वि.सं. २०७६ मा जारी गरेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शनले निर्देशित गरेअनुसारका विधि, प्रक्रिया अवलम्बन गरिएकोछ, जुन मूलतः निम्नअनुसार छन् :

- सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन
- सूचना सङ्कलन फाराम पुनरावलोकन तथा अन्तिम रुप प्रदान
- योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना
- सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण
- राजस्व सुधार कार्ययोजना तयारी
- राजस्व सम्भावना विश्लेषण र राजस्व प्रक्षेपण
- मस्यौदा तयारी
- मस्यौदाको पुनरावलोकन र सुझाव सङ्कलन
- अन्तिम मस्यौदा तयारी

**राजस्व सुधार कार्ययोजना तर्जुमाका सन्दर्भमा सम्पादन गरिने क्रियाकलापहरूको श्रृङ्खला**

१. राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२. योजना तर्जुमाको कार्यदल गठन
३. योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरुको संकलन तथा अध्ययन
४. प्रारम्भिक कार्यशालाको आयोजना
५. सूचना तथा तथ्यांक संकलन एवम् विश्लेषण
६. राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७. योजनाको मस्यौदा तयारी
८. राजस्व संभावना विश्लेषण र राजस्व प्रक्षेपण
९. मस्यौदाको पुनरावलोकन र सुझाव संकलन
१०. अन्तिम मस्यौदा तयारी
११. कार्यपालिकाबाट स्वीकृति

*स्रोत : गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६*

यस कार्ययोजना तर्जुमा गर्ने क्रममा नगरपालिकाका सम्बन्धित कर्मचारीहरूसँग छलफल गरी नगरपालिकाको राजस्व सङ्कलनको पद्धति, कार्यविधि, मानव संशाधन लगायत राजस्व प्रशासनको समग्र अवस्था अध्ययन गरिएको छ । यसका अतिरिक्त उद्योग वाणिज्य सङ्घका प्रतिनिधि एवम् अन्य सरोकारवाला/सूचना प्रदायकसँग खुला प्रश्नावली विधिमा आधारित अन्तर्वार्ता गरी नगरपालिकामा उद्योग व्यवसायको विवरण, नगरपालिकाको राजस्व सङ्कलन अधिकार तथा नगरपालिकाले सङ्लन गर्ने कर तथा समस्या, चुनौती र सम्भावनाहरूका बारेमा सूचना सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कका आधारमा नगरपालिकाको विगत तीन वर्षको राजस्व प्रवृत्ति समेत विश्लेषण गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

### ४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

यस चरणमा सङ्घीय, प्रादेशिक र स्थानीय स्तरमा उपलब्ध प्राथमिक तथा द्वितीय दुवै स्रोतको सन्दर्भ सामग्रीहरूको सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । सङ्घीय र प्रादेशिक स्तरका सन्दर्भ सामग्रीहरू विशेषतः संविधान र सम्बन्धित ऐन, कानुनहरूमा रहेका स्थानीय सरकारसँग सम्बन्धित राजस्व अधिकारसँग सम्बन्धित प्रावधानहरू रहेका थिए । नगरपालिकाको गत पाँच वर्षको आय विवरण, चालु आर्थिक वर्षको आर्थिक ऐन तथा त्यसको कार्यान्वयन अवस्था सम्बन्धी सूचना सङ्कलन गरी राजस्व विश्लेषणको आधार तयार गरिएको थियो । प्राथमिक तथ्याङ्कका लागि अन्य स्थानीय तहहरूमा गरिएका अभ्यास तथा अनुभव समेतलाई मध्यनजर गरी सूचना सङ्कलनका लागि आवश्यक फारामहरूलाई अन्तिम रुप दिइएको थियो । नगरपालिकाको स्थलगत भ्रमण गरी राजस्व परामर्श समितिका पदाधिकारी, राजस्व एकाइका कर्मचारी तथा अन्य सूचना प्रदायकहरूसँग छलफल गरी आवश्यक सूचना सङ्कलन गरिएको थियो । यसका अतिरिक्त नगरपालिकाका विभिन्न शाखा/एकाइहरूका

अभिलेखहरूबाट चालु वर्षको आर्थिक ऐन तथा वार्षिक बजेट, नगरपालिकाको वस्तुगत विवरण, कर्मचारी विवरण तथा संगठन संरचना, आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण, आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू तथा घरजग्गा, व्यवसाय, सार्वजनिक स्थान तथा तिनमा निर्मित संरचना, घरजग्गा वहालको अवस्था, नगरपालिकाबाट निर्माण/सञ्चालन गरेका सेवा वा संरचनाहरू, विज्ञापन सामग्री, प्राकृतिक स्रोतलगायत नगरपालिकालाई राजस्व प्राप्त हुने अन्य क्षेत्रहरूका बारेमा आवश्यक सूचना, तथ्याङ्क सङ्कलन गरिएको थियो । यस क्रममा देहायअनुसार दस्तावेज अध्ययन गरिएको थियो :

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान | - राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट (भाग १९ : धारा २२८ देखि २३० सम्म) |
| | - स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखि २३० सम्म) |
| | - संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | - गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद: ३) |
| | - गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेद: ९) |
| | - गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद: १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | - राजस्वको अधिकार (परिच्छेद: २) |
| | - राजस्वको बाँडफाँड (परिच्छेद: ३) |
| | - अनुदानको व्यवस्था (परिच्छेद: ४) |
| | - वैदेशिक सहायता तथा ऋण (परिच्छेद: ५) |
| | - आय-व्ययको प्रक्षेपण गर्ने (दफा १८) |
| | - राजस्व प्रस्ताव तयार गर्ने (दफा १९) |
| | - वित्तिय अनुशासन (परिच्छेद: ८) |
| | - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १,२ र ३) |
| आर्थिक ऐन | - नगरपालिकाको आ.व. २०७८/७९ सहित विगत तीन वर्षको आर्थिक ऐन, विभिन्न क्षेत्रमा तोकिएको दर रेट, विगत तीन वर्षमा भएका दररेटको परिवर्तन |
| नगरपालिकाको आय विवरण | - नगरपालिकाको आ.व. २०७८/७९ को फागुन मसान्तसम्मको आय विवरण सहित विगत पाँच वर्षको यथार्थ आय विवरण, कर तथा गैरकरको सङ्कलन अवस्था |
| न.पा.का वार्षिक नीति, योजना, बजेट, तथा कार्यक्रमहरू | - स्वीकृत आर्थिक एवम् वित्तीय नीतिहरू |
| नगरपालिकाको वस्तुस्थिति विवरण (पार्श्वचित्र) | - जनसङ्ख्या, घरधुरी सङ्ख्या, प्रकार/बनोटअनुसार घरहरूको सङ्ख्या, घरजग्गा बहालको अवस्था, भू-उपयोगको अवस्था, उद्योग व्यवसायको अवस्था, धार्मिक साँस्कृतिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरू, उद्यानहरू, प्राकृतिक स्रोत साधन |

## ४.२ अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी

सन्दर्भ सामग्रीहरूको अध्ययन, पुनरावलोकन तथा योजना तर्जुमाको खाका तयार गरिसकेपश्चात् नगर विकास कोषमा प्रारम्भिक प्रतिवेदन पेश गरिएको थियो । यसपश्चात् नगरपालिकासँगको समन्वयमा योजना तर्जुमा कार्यशाला गोष्ठीका रुपमा प्रारम्भिक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीको समय नगर प्रमुखले तय गर्नु भएको थियो । यद्यपि अन्य महत्वपूर्ण कार्यले गर्दा नगर प्रमुख तथा उपप्रमुखको उपस्थिति रहन सकेन भने अन्य निर्वाचित पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरूको सहभागिता रहेको थियो ।

कार्यशाला गोष्ठीको प्रारम्भमा औपचारिक सत्र, मध्यमा प्राविधिक सत्र र अन्तिममा पुनः औपचारिक सत्रसहित कार्यक्रम सञ्चालन गरिएको थियो । औपचारिक सत्रमा अध्यक्षता, आसन ग्रहण, स्वागत, उद्देश्यबारे प्रस्तुतीका कार्यक्रमहरू नगरपालिकाका तर्फबाट प्रस्तुत गरिएको थियो भने प्राविधिक सत्रमा परामर्शदातृ संस्थाका तर्फबाट

टोली नेता तथा विज्ञ सदस्यले राजस्व सुधार कार्ययोजनाको परिचय, आवश्यकता, महत्व, स्थानीय तहका राजस्व अधिकार, राजस्वका सैद्धान्तिक पक्षहरूका बारेमा प्रस्तुती गरिएको थियो ।


अभिमुखीकरणका क्रममा प्रमुख प्रशासकीय अधिकृत श्री नरहरि तिवारी कार्यक्रमको बारेमा जानकारी गराउनु हुँदै

औपचारिक सत्रमा स्वागत मन्तव्यका क्रममा प्रमुख प्रशासकीय अधिकृत नरहरि तिवारीले वीरेन्द्रनगर नगरपालिकाले उपमहानगर पालिकामा स्तरोन्नति हुने सोच राखेको भए पनि आन्तरिक स्रोत वृद्धिका लागि पर्याप्त र सन्तोषजनक पहल हुन नसकेको बताउनु भयो । नागरिकको घरदैलोको सरकार भएकाले पनि नगरपालिकालाई कर उठाउन कठिन भएको बताउँदै उहाँले उठ्नुपर्ने जति राजस्व नउठिरहेको जानकारी गराउनु भयो । साथै, उहाँले युरोपियन युनियनको आर्थिक सहयोगमा सञ्चालित नगर वित्त क्षमता अभिवृद्धि (Municipal Finance Capacity Building- MFCB) र नगर विकास कोषको सहयोगमा तर्जुमा हुन गइरहेको राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको सम्भाव्य राजस्व वृद्धि गर्न व्यावहारिक योजना अघि सार्ने विश्वास व्यक्त गर्दै यस सहयोगका लागि एमएफसीबी र युरोपिन युनियनलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले राजस्व सुधार कार्ययोजनाका अतिरिक्त मध्यमकालीन खर्च संरचना र आवधिक विकास योजना तर्जुमा गर्नुपर्ने समेत आवश्यकता रहेको औंल्याउनुभयो ।

औपचारिक सत्रमै मन्तव्य राख्दै राजस्व परामर्श समितिका तर्फबाट समिति सदस्य तथा वडा नं. ६ का वडा अध्यक्ष श्री मोती प्रसाद कँडेलले नगरपालिकामा राजस्व प्रशासनको विविध पक्षमा प्रकाश पार्नुभयो । उहाँले सम्पत्ति मूल्याङ्कनको व्यावहारिक अवस्था र कानुनी प्रक्रिया कागजातमा देखाउने क्रममा व्यापक अन्तर रहेकाले राजस्वमा सुधारका लागि यो अन्तर घटाउनु आवश्यक रहेको बताउनु भयो । वन ऐन पनि स्थानीय सरकार सञ्चालन ऐनसँग बाझिएको प्रकाश पार्दै सामुदायिक वनहरूबाट स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुरुप नगरपालिकाले हालसम्म कुनै रकम प्राप्त गर्न नसकेको बताउनुभयो । यस्तैगरी, विभिन्न वडामा राजस्व सङ्कलनको सम्भावना फरक फरक रहेकाले सम्भावनाअनुरुपमा वडा कार्यालयमा राजस्व कर्मचारीको व्यवस्था गर्नुपर्ने आवश्यकता पनि औंल्याउनुभयो । करदातालाई खुसी बनाउन तथा रहरले कर तिर्ने वातावरण बनाउन नसकेको उल्लेख गर्दै उहाँले बैंक चाँडै बन्द हुने कारणले कार्यालय समयभित्र करदाता आउँदा पनि राजस्व शाखा बन्द भइसक्ने अवस्था रहेको बताउँदै सेफ लकरलगायतको वैकल्पिक व्यवस्था गरी करदाताले कार्यालय समयभरि कर तिर्न पाउनुपर्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो । यस्तैगरी मालपोत र वडा कार्यालयको सफ्टवेयर एकापसमा अन्तरआबद्ध नभएका कारणले मालपोतमा लगत कट्टा भए पनि वडा कार्यालयको सफ्टवेयरमा लगत कट्टा नहुँदा करदाताले समस्याहरू व्यहोर्नुपरेको प्रष्ट पार्नुभयो ।


अभिमुखीकरण कार्यक्रममा छलफलमा सहभागी हुँदै तत्कालीन राजस्व उपशाखा प्रमुख श्री हृदयराम ढकाल

कार्यशाला गोष्ठीमा औपचारिक सत्र सम्पन्न भएपश्चात् प्राविधिक टोलीका तर्फबाट प्राविधिक सत्रको सहजीकरण गरिएको थियो । प्राविधिक सत्रको सुरुआतमा प्राविधिक टोलीका टोली नेता वसन्त भट्टराईले राजस्व सुधार कार्ययोजनाको उद्देश्य, राजस्व सुधार कार्ययोजनाको परिचय, आवश्यक तथा महत्व, यसबाट हुने उपलब्धी, राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया, राजस्व सुधार कार्ययोजनाको विषयवस्तु, स्थानीय सरकारका कर अधिकार क्षेत्रहरू, राजस्व सुधारका क्षेत्रहरू पहिचान, राजस्व विश्लेषण (दर, दायरा तथा व्यवस्थापनको अध्ययन), करका आधारहरू, करका दर निर्धारणका प्रक्रियाहरू, राजस्व

प्रशासनलाई प्रभावकारी बनाउने उपायहरू, आयका प्रकार लगायतका विषयमा प्रकाश पार्नुभएको थियो । कार्यशाला गोष्ठीमा सहभागितामूलक ढङ्गले छलफल, प्रस्तुतीकरण एवम् सूचना सङ्कलन गर्नुका साथै राजस्वका सैद्धान्तिक पक्षहरू, स्थानीय सरकारका राजस्वका अधिकारहरू, स्थानीय राजस्वको सम्भावनासमेतको बारेमा प्रस्तुती गरी सहभागीहरूको राजस्वसम्बन्धी बुझाइ र क्षमता अभिवृद्धिमा समेत ध्यान दिइएको थियो ।

दोस्रो प्राविधिक सत्र वित्त विज्ञ विष्णु नेपालले सहजीकरण गर्नुभएको थियो । यस सत्रमा समूह तथा प्लेनरीमा छलफल गरी नगरपालिकाले निर्धारण गरेको विद्यमान दररेट, करतर्फ सुधार गर्नुपर्ने पक्ष/विषयहरू, गैरकरतर्फका सुधार पक्ष/विषयहरू तथा राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्ष/विषयहरूका बारेमा छलफल गरिएको थियो । यसपश्चात् नगरपालिकाका तर्फबाट पुनः औपचारिक सत्र सञ्चालन गरी एकदिने कार्यक्रमलाई विधिवत् रुपमा समापन गरिएको थियो ।

## ४.३ सूचना/तथ्याङ्क विश्लेषण र मस्यौदा तयारी

योजना तर्जुमा कार्यशाला गोष्ठी र आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरिसकेपश्चात् सूचना तथ्याङ्क विश्लेषणको कार्य आरम्भ गरिएको थियो । कार्यशाला गोष्ठी, राजस्व परामर्श समिति पदाधिकारी लगायत अन्य सूचना प्रदायकहरूसँगको छलफल तथा नगरपालिकाका विभिन्न दस्तावेजहरूबाट सङ्कलन गरिएका तथ्याङ्कलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको थियो । यसपश्चात् राजस्वका आधारहरू तथा आन्तरिक राजस्वको कम्तीमा गत तीन वर्षको राजस्वका प्रवृत्तिको पुनरावलोकन र विश्लेषण गरी आन्तरिक राजस्वको अवस्था विश्लेषण गरिएको थियो । विभिन्न क्षेत्रमा कर तथा गैरकरको सम्भावना, कर तथा गैरकरको दररेट निर्धारणको अवस्था, कार्यान्वयनको अवस्था अध्ययन गरी राजस्व विश्लेषणको अवस्था अध्ययन गरिएको थियो । यस क्रममा नगरपालिकाको कुल बजेट र वार्षिक पूँजीगत विकास बजेटमा आन्तरिक राजस्वको योगदानको अवस्थाको समेत अध्ययन गरियो । साथै, राजस्व बाँडफाँट तथा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त भएका विभिन्न अनुदानहरू तथा नगरपालिकाको राजस्व प्रशासनको अवस्थासमेत विश्लेषण गरी राजस्व सुधारका लागि नीतिगत र क्षमता विकासका आवश्यकताहरू पहिचान गरियो । विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकीकरण गरी स्थानीय सरकारका रुपमा नगरपालिकालाई राजस्व सङ्कलनका लागि अधिकारप्राप्त सबै क्षेत्रको विश्लेषण प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । नगरपालिकाको आन्तरिक राजस्वको अवस्था अध्ययन गर्ने क्रममा नगरपालिकाको सङ्गठनात्मक संरचना तथा कर्मचारी पदस्थापनाको अवस्था, राजस्व सङ्कलन सफ्टवेयर तथा राजस्व सङ्कलनका लागि पूर्वाधारको अवस्थासमेतको अध्ययन गरी सम्भाव्य स्रोतहरू पहिचान गरी आवश्यक राय सुझाव समेत प्रस्तुत गरिएको छ ।

## ४.४राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा पेश

आगामी तीन वर्षको आय प्रक्षेपण एवम् आ.व. २०७९/८० को आर्थिक ऐनको मस्यौदासमेत समावेश गरी राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरी आवश्यक सल्लाह, सुझाव तथा पृष्ठपोषणका लागि नगर विकास कोष तथा नगरपालिकामा पेश गरिएको थियो । नगर विकास कोष र नगरपालिकाबाट राजस्व सुधार कार्ययोजनाको मस्यौदामा आवश्यक सल्लाह सुझाव प्राप्त भइसकेपश्चात् प्राप्त सल्लाह सुझावहरूलाई समेत समावेश गरी तयार गरिएको मस्यौदामा परामर्शदातृ संस्थाले सम्बन्धित विज्ञहरूबाट पुनरावलोकन गराई प्राप्त सुझाव समेतका आधारमा मस्यौदामा परिमार्जन गरिएको थियो ।

## ४.५मस्यौदा प्रस्तुतीकरण कार्यशाला गोष्ठी

राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदालाई आवश्यक छलफल र प्रामाणीकरणका लागि नगरपालिकामा २०७९ असार ७ गते मस्यौदा प्रस्तुतीकरण/प्रामाणीकरण कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा नगरपालिका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी, उ.वा.संघलगायतका

सरोकारवालासँग विस्तृत छलफल गरी प्राप्त राय सुझावका आधारमा प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिइएको थियो ।

### ४.६ मस्यौदा कार्ययोजना पेश

मस्यौदा प्रस्तुती कार्यशाला गोष्ठीबाट प्राप्त सल्लाह सुझावहरू, नगरपालिकालगायत अन्य सरोकारवालाहरूको सुझाव तथा प्राविधिक टोलीको स्थलगत अध्ययन र परामर्शदाताको समग्र अनुभवलाई उचित स्थानमा सम्बोधन गरी राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको दिग्दर्शनले निर्दिष्ट गरेको ढाँचामा आधारित रही राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप प्रदान गरिएको छ । यसरी तयार गरिएको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदालाई नगर विकास कोष तथा वीरेन्द्रनगर नगरपालिकामा पेश गरिएको छ ।

## ५. अध्ययनका सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको कमी तथा स्थानीय तहको निर्वाचनको माहौलमा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू निर्वाचनलगायत अन्य कार्यहरूमा निकै व्यस्त भएको समयमा यो अध्ययन सम्पन्न गरिएको छ । यस अध्ययनका थप सीमितताहरू देहायअनुसार रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफल तथा विद्युतीय माध्यमबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू कार्यालयको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट सङकलन गरिएको छ ।

- तथ्यांक सङ्कलनको लागि विस्तृत छुट्टै स्थलगत सर्भेक्षण कार्य नगरिएको हुँदा विभिन्न शीर्षकमा राजस्वको सम्भावना आँकलन गर्न सान्दर्भिक अन्य तथ्याङ्क जस्तो कि कुल घरधुरीको सङ्ख्या, खेती गरिएको जमिनसम्बन्धी तथ्याङ्क, राष्ट्रियस्तरबाट भएका सर्भेक्षणबाट प्राप्त सम्बन्धित तथ्याङ्कलगायतका स्रोतहरूको प्रयोग गरिएको छ ।

- नगरपालिकाको जनसङ्ख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधारको रुपमा लिन सकिएको छैन ।

# परिच्छेद २ : नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको आधारभूत जानकारी खासगरी यहाँको राजस्वलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित गर्ने विभिन्न पक्षहरू समेटेर नगरपालिकाको आधारभूत वस्तुस्थिति विवरण प्रस्तुत गरिएको छ ।

## १. नगरपालिकाको गठन, नामकरण तथा ऐतिहासिक पृष्ठभूमि

वीरेन्द्रनगर नेपालका पुराना नगरपालिकाहरूमध्येको एउटा नगरपालिका हो । वि.सं. २०३३ मा सुर्खेत उपत्यकाभित्र अवस्थित तत्कालीन गाउँ पञ्चायतहरू कटकुवा, गोठीकाँडा र जर्बुटालाई समावेश गरी नगरपालिका घोषणा गरिएको र तत्कालीन राजा वीरेन्द्रको नामबाट नामकरण गरिएको थियो । यद्यपि, पहिले चौहानचौर नाम रहेको यो स्थान वि.सं. २०२९ देखि नै वीरेन्द्रनरका नामबाट परिचित रहँदै आएको छ । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि राज्यको पुनर्संरचना गर्ने क्रममा मिति २०७३ फागुन २२ को मन्त्रीपरिषद्बाट निर्णयअनुसार छिमेकी गढी, रतुवा र गर्पन गाविस समावेश भएपछि वीरेन्द्रनगर नगरपालिकाले हालको भौगोलिक आकार प्राप्त गरेको हो ।




राजनीतिक/प्रशासनिक वर्गीकरण अनुसार वीरेन्द्रनगर सुर्खेत जिल्लाको सदरमुकाम र हाल कर्णाली प्रदेशको राजधानी शहर हो । ऐतिहासिक पृष्ठभूमि हेर्दा वि.सं. २०२३ देखि यहाँ बसोवासको सुरुआत भएको पाइन्छ । त्यसअघि यहाँ औलो लाग्ने भएकाले छिटपुटरुपमा थारु र राजी समुदायको बसोवास रहेको पाइन्छ । वि.सं. २०२२ मा यहाँ विमानस्थल स्थापना भई नियमित उडानसमेत सुरु भएको र वि.सं. २०३८ मा रत्नराजमार्गको निर्माण सम्पन्न भई नियमित यातायात सुचारु भएपछि वीरेन्द्रनगर हालको कर्णाली प्रदेशका विभिन्न जिल्ला प्रवेश गर्नेहरूका लागि प्रवेशद्वार र त्यस क्षेत्रका वासिन्दाका लागि आकर्षणको केन्द्रका रुपमा रहँदै आएको छ । कर्णाली प्रदेशको राजधानी, मुख्य बजार केन्द्र र प्रवेशद्वार समेत भएको हुँदा वीरेन्द्रनगरमा व्यापारिक, व्यावसायिक, शैक्षिक, पर्यटकीय गतिविधिहरू निरन्तर वृद्धि भइरहेका छन् ।

## २. जनसङ्ख्या

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजाअनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या १,५४,८८६ रहेको छ, जसमध्ये महिला ७८९६५ (४९ प्रतिशत) र पुरुष ७५९२१ (५१ प्रतिशत) रहेका छन् । यस नगरपालिकामा कुल ३१८४७ घरमा गणना भएकोमा परिवार सङ्ख्या कुल ३९३९१ रहेको देखिएको छ । यस आधारमा हेर्दा परिवारको आकार औसतमा ३.९ जना प्रति परिवार रहेको देखिन्छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणअनुसार यहाँको कुल जनसङ्ख्या ११५४५१ रहेको थियो जसमध्ये महिला ५८९९४ र पुरुष ५६३९२ रहेका थिए । यस दश

वर्षको अवधिमा यस नगरपालिकामा कुल जनसङ्ख्यामा ३९४३५ ले वृद्धि भएको छ, यस आधारमा हेर्दा यहाँको जनसङ्ख्यामा कुल ३४ प्रतिशतले वृद्धि भएको छ र वार्षिक करिब ३४४४ जनाले वृद्धि भएको देखिन्छ। राष्ट्रिय जनजगणनाको प्रारम्भिक प्रतिवेदनअनुसार दश वर्षमा नेपालको जनसङ्ख्याको सरदर वार्षिक वृद्धिदर ०.९३ प्रतिशत रहेको छ भने हिमाली क्षेत्रमा ॠणात्मक (०.०२ प्रतिशत) र पहाडी क्षेत्रमा न्यून मात्रामा धनात्मक (०.२९ प्रतिशत) रहेको, पछिल्लो समयमा नेपालमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा हुने बसोवास उच्च रहेको, र वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशकै एक प्रमुख शहरका रुपमा रहेको अवस्थामा यहाँको जनसङ्ख्या वृद्धिमा जन्मदरभन्दा बसाइ-सराइ महत्वपूर्ण कारक रहेको अनुमान गर्न सकिन्छ।

**तालिका १ : जनसङ्ख्या, २०७५**

| वडा नं. | परिवार संख्या | अक्सर बसोवास गर्ने जनसंख्या | | | लैङ्गिक अनुपात | औसत परिवार आकार | क्षेत्रफल (व.कि.मि) | जनघनत्व (प्रति व.कि.मि) |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | | |
| १ | २१२४ | ४१४४ | ४५२३ | ८६६७ | ९१.६२ | ४.०८ | ६.१ | १४२१ |
| २ | २१२६ | ४२९७ | ४६५२ | ८९४९ | ९२.३७ | ४.२१ | २९.२ | ३०६ |
| ३ | ३४२६ | ७२३२ | ६७७१ | १४००३ | १०६८१ | ४.०९ | ६.६२ | २११५ |
| ४ | २०२७ | ४१०९ | ४०२१ | ८१३० | १०२.१९ | ४.०१ | ७.१ | ११४५ |
| ५ | ११६५ | २३८५ | २५२६ | ४९११ | ९४.४२ | ४.२२ | ५.८ | ८४७ |
| ६ | २७३१ | ३७११ | ३७३४ | ७४४५ | ९९.३८ | २.७३ | ०.६ | १२४०८ |
| ७ | १३४४ | २७१४ | २८८९ | ५६०३ | ९३.९४ | ४.१७ | ५.२ | १०७८ |
| ८ | १७६० | ३०२१ | २९६१ | ५९८२ | १०२.०३ | ३.४० | १.४ | ४२७३ |
| ९ | २०९९ | ४२४६ | ४४२९ | ८६७५ | ९५.८७ | ४.१३ | २८.८२ | ३०१ |
| १० | २७२४ | ५३०७ | ५९१८ | ११२२५ | ८९.६८ | ४.१२ | १७ | ६६० |
| ११ | २२१७ | ३८७१ | ४३१४ | ८१८५ | ८९.७३ | ३.६९ | २६.७ | ३०७ |
| १२ | २८०४ | ५३१७ | ६०५८ | ११३७५ | ८७.७७ | ४.०६ | ८.८२ | १२९० |
| १३ | १२१५ | २७८४ | २८११ | ५५९५ | ९९.०४ | ४.६० | २५.९ | २१६ |
| १४ | ६६० | १४११ | १४९० | २९०१ | ९४.७० | ४.४० | २८.९६ | १०० |
| १५ | ३५६ | ८६० | ८४० | १७०० | १०२.३८ | ४.७८ | २४.६१ | ६९ |
| १६ | ४३८ | १००३ | १०६७ | २०७० | ९४.०० | ४.७३ | २२.२३ | ९३ |
| कुल | २९२१६ | ५६३९२ | ५८९९४ | ११५४५१ | ९५.५९ | ३.९५ | २४५.०६ | ४७१ |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## ३. भौगोलिक स्वरूप

वीरेन्द्रनगर नगरपालिका भौगोलिक रुपमा भित्री मधेशअन्तर्गत पर्ने नेपालको एउटा प्रमुख शहर हो। उत्तरमा महाभारत पर्वत श्रृङ्खलाको रानीमत्ता, रातानाङ्ला क्षेत्र दक्षिणमा चुरे पर्वत श्रृङ्खलाको हर्रे, देउराली क्षेत्रका बीचमा मनोरम उपत्यकाका रुपमा रहेको यस नगरपालिकाको क्षेत्रफल प्रारम्भमा ३६ व.कि.मी. रहेकोमा विभिन्न समयमा नगरपालिकाको पुनर्गठन हुने क्रममा विस्तार हुँदै हाल कुल २४५.८५ व.कि.मी. मा फैलिएको छ।

समुन्द्री सतहबाट ३६४ मिटरदेखि २२८० मिटरको उचाइसम्म विस्तारित यो नगरपालिका झुप्रा खोला र भेरी नदीको किनारमा अवस्थित रहेको छ। यी नदीहरूबाहेक नगरपालिकामा करिब दुई दर्जन खोलानालाहरू रहेका छन् जसमध्ये ढोडेखोला, इत्राम खोला, आँपखोली खोला, नेवारे खोला, रतनघैरा खोला, आँपडाली खोला, हारेपानी खोला, गाग्रेताल खोला, खारखोट्टी खोला, घोलघोले खोला, गडेलउली खोला, घट्टे खोला, राम्चे खोला केही प्रमुख हुन्। नगरपालिकाको सम्पूर्ण भूभाग भेरी नदीको जलाधार क्षेत्रअन्तर्गत पर्दछ।

## ४. भूउपयोग

नगरपालिकाको प्राप्त भू-उपयोग तथ्याङ्क अनुसार यहाँको कुल भू-भागमध्ये झण्डै दुई तिहाइ भाग (६४.९ प्रतिशत) वन जङ्गल तथा झाडी क्षेत्रले ढाकिएको छ भने ३०.१८ प्रतिशत भूमिमा खेती गर्ने गरिएको छ । यस्तैगरी, बगर तथा खोलानालाले यहाँको कुल भूभागको १.२३ प्रतिशत भूमि ओगटेको छ । थप विवरण देहायअनुसार रहेको छ :

तालिका २ : भूउपयोग

| क्र. स. | जमिनको प्रयोग | क्षेत्रफल (वर्ग कि.मी) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | ७४.१९ | ३०.१८ |
| २ | वन जंगल | १२१.०० | ४९.२२ |
| ३ | झाडी | ३८.५८ | १५.६९ |
| ४ | वागवानी बगैंचा | ०.०२ | ०.०१ |
| ५ | घाँसे जमिन | ८.७४ | ३.५६ |
| ६ | बगर | २.३७ | ०.९६ |
| ७ | खोला, नाला | ०.६७ | ०.२७ |
| ८ | बाँझो जमिन | ०.१९ | ०.०८ |
| ९ | तलाउ, पोखरी | ०.०७ | ०.०३ |
| १० | अन्य | ०.०२ | ०.०० |
| जम्मा | | २४५.०६ | १०० |

*स्रोत : नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, वीरेन्द्रनगर नगरपालिका, २०७७*

## ५. चाडपर्व, जात्रा, मेला

विभिन्न जातजातिको मिश्रित बसोवास रहेको यस नगरपालिकामा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तीज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाहपञ्चमी, होली, चैतेदशैं, साउने सङ्क्रान्ती, माघे सङ्क्रान्ती, श्रीकृष्णजन्माष्टमी, नागपञ्चमी, रक्षाबन्धन, कुशेऔंसी, श्रीस्वस्थानी पूर्णिमा, ल्होछार, इद उल फितर तथा इद अल अधा, क्रिसमस आदि मुख्य छन् ।

## ६. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरु

यस नगरपालिकामा तालतलैया, मन्दिर, गुम्बा आदि उल्लेख्य सङ्ख्यामा प्राकृतिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका सम्पदाहरू रहेका छन् । काँक्रे बिहार, बुलबुल ताल, देउती बज्यै, लाटीकोइली, मङ्गलगढी, सुर्खेत सङ्ग्रहालय, घण्टाघर आदि यहाँका केही धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थलहरू हुन् । यी बाहेकका अन्य महत्वपूर्ण स्थलहरू देहायबमोजिम रहेका छन् :

तालिका ३ : धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

| क्र. सं. | स्थलको नाम | वडा नं. | सडक पहुँच | विशेषता |
|---|---|---|---|---|
| १. | दुर्गा मन्दिर | १ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| २. | जलेश्वर मन्दिर, उत्तरगङ्गा | ३ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| ३. | भैरव मन्दिर | ४ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| ४. | गणेश मन्दिर, गणेशचोक | ५, ६ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| ५. | ओमकारेश्वर शिवर मन्दिर, गणेश चोक | ६ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |

| क्र. सं. | स्थलको नाम | वडा नं. | सडक पहुँच | विशेषता |
|---|---|---|---|---|
| ६. | गणेश मन्दिर, राम मन्दिर | ६ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| ७. | राधा सर्वेश्वर कृष्ण मन्दिर, गणेशचोक | ६ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| ८. | सिद्धेश्वर शिव मन्दिर | ८ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| ९. | घण्टाघर | ८ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १० | सुर्खेत सङ्ग्रहालय | ८ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| ११. | राधाकृष्ण मन्दिर | ८ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १२ | मङ्गलगढी | ९ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १३. | पातालगङ्गा | ९ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १४ | नारायण मन्दिर लाटीकोइली | ९ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १५ | कपिलेश्वर शिव मन्दिर | ९ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १६. | राधाकृष्ण मन्दिर, लाटीकोइली, पर्सेनी | ९ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १७ | गीता मन्दिर, लाटीकोइली, पर्सेनी | ९ | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १८ | बुलबुले ताल | १० | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| १९ | देउतीबज्यै मन्दिर | १० | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| २० | काँक्रेबिहार | १० | भएको | ऐतिहासिक, पर्यटकीय तथा अन्य |
| २१ | कालिकामन्दिर, अछामीडाँडा | ११ | भएको | धार्मिक |
| २२ | श्वेत बराह मन्दिर | १२ | भएको | धार्मिक |
| २३ | रामजानकी मन्दिर | १३ | भएको | धार्मिक |
| २४ | बौद्ध गुम्बा | १३ | भएको | धार्मिक |
| २५ | प्रशंसा चर्च | १३ | भएको | धार्मिक |
| २६ | सिद्धपाइला मन्दिर | १४ | भएको | धार्मिक |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## ७. मुख्य वस्तीहरु

नगरपालिकाका १५ वटा वडाहरूमा झण्डै १०० भन्दा बढी वस्तीहरू रहेका छन् भने करिब डेढ दर्जनको सङ्ख्यामा बजार तथा व्यापारिक केन्द्रहरू रहेका छन् । यहाँस्थित बजार तथा व्यापारिक केन्द्रहरूमा स्थानीय खपतका लागि खुद्रा बजार तथा अन्य स्थानीय तह तथा जिल्लामा खपतका लागि थोक व्यापार हुने गरेको छ ।

**तालिका ४ : मुख्य वस्ती तथा बजार केन्द्रहरु**

| वडा नं. | बजार/व्यापारिक केन्द्रको नाम | उपलब्ध हुने सामग्रीहरू |
|---|---|---|
| १. | टेम्पु पार्क | दैनिक उपभोग्य सामग्री |
| २. | भरेली चोक | दैनिक उपभोग्य सामग्री |
| ३. | एरिचोक | दैनिक उपभोग्य सामग्री, माछा, मासु, हार्डवेयर, बैङ्क, मेडिकल |
| ४. | भैरवस्थान | दैनिक उपभोग्य सामग्री, क्षेत्रीय अस्पताल, मेडिकल |
| ५. | गणेशचोक | दैनिक उपभोग्य सामग्री, फेन्सी, खाद्य तथा माछामासु |
| ६. | पिपल चौतारा, वीरेन्द्रचोक (मुख्य बजार) | दैनिक उपभोग्य सामग्री, फेन्सी, खाद्य तथा माछामासु, मेडिकल, एफएम, छापाखाना, बैङ्क तथा अन्य |

| वडा नं. | बजार/व्यापारिक केन्द्रको नाम | उपलब्ध हुने सामग्रीहरू |
|---|---|---|
| ७. | इत्राम | खुद्रा, खाद्य सामग्री, सरकारी कार्यालय |
| ८. | क्याम्पस लाइन | खुद्रा, खाद्य, सरकारी कार्यालय |
| ९. | लाटी कोइली | खुद्रा, खाद्य, कृषि |
| १०. | घुस्रा | खुद्रा, खाद्य, कृषि |
| ११. | धुलियाबिट | खुद्रा, खाद्य, कृषि |
| १२. | नेवारे | दैनिक उपभोग्य सामग्री, कृषि सामग्री |
| १३. | करैखोला | दैनिक उपभोग्य सामग्री, कृषि सामग्री |
| १४. | गोठीकाँडा | दैनिक उपभोग्य सामग्री, कृषि सामग्री |
| १५. | देवीस्थान | दैनिक उपभोग्य सामग्री, कृषि सामग्री |
| १६. | मेहली गर्पन | दैनिक उपभोग्य सामग्री, कृषि सामग्री |

उपर्युक्त बजारकेन्द्रहरूमध्ये टेम्पु पार्कमा अनुमानित २०० पसल व्यवसाय, येरी चोकमा अनुमानित २०० पसल व्यवसाय, पिपराचोकमा १५० पसल व्यवसाय, गोठीकाँडामा अनुमानित ५० पसल व्यवसाय र रातानाङ्लामा अनुमानित ४० पसल व्यवसाय रहेका छन् ।

## ८. बसोवास गर्ने घरको किसिमको आधारमा घरपरिवारको विवरण

नगरपालिकाको नगर पार्श्वचित्र, २०७५ मा प्रस्तुत तथ्याङ्अनुसार यहाँ कुल ५७.८ प्रतिशत पक्की घर, १७.२ प्रतिशत अर्धपक्की घर, २२.९ प्रतिशत कच्ची घर, २.९ प्रतिशत झुप्रो/टहरो, ०.०१ प्रतिशत अन्य प्रकार र १ वटा घरको प्रकृति उल्लेख नभएको पाइएको छ । थप विवरण देहायअनुसार रहेको छ :

तालिका ५ : घरको किसिमको आधारमा घरपरिवारको संख्यात्मक विवरण

| वडा नं. | पक्की | अर्धपक्की | कच्ची | झुप्रो/टहरो | अन्य | उल्लेख नभएको | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | ७५५ | ७६० | ५१४ | ९५ | ० | ० | |
| २ | ७३५ | ४६२ | ८०६ | १२३ | | | |
| ३ | २६७९ | १७१ | ५३६ | ३९ | | १ | |
| ४ | १३७८ | ३०७ | ३२२ | २० | | | |
| ५ | ५९० | १७८ | ३५७ | ४० | | | |
| ६ | २४७३ | १९३ | ६३ | २ | | | |
| ७ | ८५४ | २८६ | १६५ | ३९ | | | |
| ८ | १५७४ | ८७ | ६५ | ३३ | १ | | |
| ९ | ११८० | १३७ | ६९३ | ८९ | | | |
| १० | १४६२ | ४९७ | ७३८ | २६ | १ | | |
| ११ | १२५८ | ४१८ | ४७६ | ६४ | १ | | |
| १२ | १७४९ | ४५४ | ५७२ | २९ | | | |
| १३ | १६२ | ६४५ | ४०१ | ७ | | | |
| १४ | ३१ | ३९८ | २२५ | ६ | | | |
| १५ | १ | १ | ३५३ | १ | | | |
| १६ | ४ | २४ | ४०९ | १ | | | |

| वडा नं. | पक्की | अर्धपक्की | कच्ची | झुप्रो/टहरो | अन्य | उल्लेख नभएको | कुल |
|---|---|---|---|---|---|---|---|
| कुल | १६८८५ | ५०१८ | ६६९५ | ६१४ | ३ | १ | २९२१६ |
| प्रतिशत | ५७.८ | १७.२ | २२.९ | २.१ | ०.०१ | ०.०० | १००.० |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## ९. प्रयोगको आधारमा घरपरिवारको विवरण

नगरपालिकाका कुल ३०६८१ घरपरिवारमध्ये ४.८ प्रतिशत घरपरिवारले व्यवसाय/कार्यालय प्रयोजनका लागि घर प्रयोग गर्नुभएको देखिन्छ भने २.६ प्रतिशतले आवासीय र व्यवसाय/कार्यालय दुवै प्रयोजनका लागि घर प्रयोग गरेको देखिन्छ र बाँकी ९२.६ प्रतिशत घरपरिवारले आवासी प्रयोजनका लागि मात्र घरको प्रयोग गरेको देखिन्छ। थप विवरण देहायअनुसार रहेको छ :

**तालिका ६ : प्रयोगका आधारमा घरपरिवारको संख्यात्मक विवरण**

| वडा नं. | आवासीय प्रयोजनका लागि मात्र | आवासीय र व्यवसाय/कार्यालय दुवै प्रयोजनका लागि | व्यवसाय/कार्यालय प्रयोजनका लागि मात्र | जम्मा |
|---|---|---|---|---|
| १ | २१०२ | २२ | ७६ | २२०० |
| २ | २११७ | ९ | ० | २१२६ |
| ३ | ३३६८ | ५८ | ४२ | ३४६८ |
| ४ | १९९८ | २९ | २२ | २०४९ |
| ५ | ११६५ | ० | ० | ११६५ |
| ६ | २४६३ | २६८ | ८३२ | ३५६३ |
| ७ | १३०४ | ४० | ९२ | १४३६ |
| ८ | १७२९ | ३१ | ३१ | १७९१ |
| ९ | २०९७ | २ | ९४ | २१९३ |
| १० | २६५४ | ७० | १०७ | २८३१ |
| ११ | २१२३ | ९४ | १३६ | २३५३ |
| १२ | २६६० | १४४ | २२ | २८२६ |
| १३ | १२१५ | ० | ० | १२१५ |
| १४ | ६४० | २० | ४ | ६६४ |
| १५ | ३५६ | ० | ० | ३५६ |
| १६ | ४३० | ८ | ७ | ४४५ |
| कुल | २८४२१ | ७९५ | १४६५ | ३०६८१ |
| प्रतिशत | ९२.६ | २.६ | ४.८ | १००.० |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## १०. घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

उपलब्ध तथ्याङ्कअनुसार यस नगरपालिकामा कुल घरपरिवारमध्ये ६५.८ प्रतिशत घरपरिवार आफ्नै स्वामित्वको घरपरिवार (लालपूर्जा भएको) घरमा बसेका छन् भने १९.५ प्रतिशत लालपूर्जा नभएको घरमा बस्दै आएका छन्। यस सम्बन्धी थप विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ७ : स्वामित्वको आधारमा घरपरिवारको संख्यात्मक विवरण**

| वडा नं. | लालपूर्जा भएको | लाजपूर्जा नभएको | थाहा नभएको | लागू नहुने | कुल |
|---|---|---|---|---|---|
| १ | १४३८ | ५०४ | १३६ | ४६ | २१२४ |
| २ | ८६० | ११७४ | ८७ | ५ | २१२६ |
| ३ | २९५९ | २८८ | १७४ | ५ | ३४२६ |
| ४ | १४९५ | २६१ | २०६ | ६५ | २०२७ |
| ५ | ८६० | २६३ | ४१ | १ | ११६५ |
| ६ | १२१५ | १४४ | १२९३ | ७९ | २७३१ |
| ७ | ८८४ | २४० | २१० | १० | १३४४ |
| ८ | ९७३ | ६४९ | १८ | १२० | १७६० |
| ९ | १५५३ | २६३ | २८३ | ० | २०९९ |
| १० | १७५९ | ५९७ | ३२६ | ४२ | २७२४ |
| ११ | ११७४ | ५१६ | ५२२ | ५ | २२१७ |
| १२ | २०४३ | २८८ | १२३ | ३५० | २८०४ |
| १३ | ७८८ | ४०२ | २५ | ० | १२१५ |
| १४ | ५३८ | ३३ | ३६ | ५३ | ६६० |
| १५ | ३१६ | ३६ | ३ | १ | ३५६ |
| १६ | ३८२ | ३७ | १९ | ० | ४३८ |
| कुल | १९२३७ | ५६९५ | ३५०२ | ७८२ | २९२१६ |
| प्रतिशत | ६५.८ | १९.५ | १२.० | २.७ | १००.० |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## ११. कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारको विवरण

उपलब्ध तथ्याङ्कअनुसार यस नगरपालिकामा कुल घरपरिवारमध्ये करिब १० प्रतिशत घरपरिवारले आफ्नो घरको फ्ल्याट वा कोठा भाडामा दिएका छन् भने करिब ९० प्रतिशतले भाडामा दिएका छैनन् । थप विवरण देहायअनुसार रहेको छ :

**तालिका ८ : कोठा वा फ्ल्याट भाडामा दिएका घर परिवारको विवरण**

| वडा नं. | भाडामा दिएका घरपरिवार | भाडामा नदिएका घरपरिवार | कुल | प्रतिशत |
|---|---|---|---|---|
| १ | ३७ | २०४१ | २०७८ | ७.३ |
| २ | १८ | २१०३ | २१२१ | ७.५ |
| ३ | ५७८ | २८४३ | ३४२१ | १२.० |
| ४ | १५६ | १८०६ | १९६२ | ६.९ |
| ५ | ४६ | १११८ | ११६४ | ४.१ |
| ६ | ५०७ | २१४५ | २६५२ | ९.३ |
| ७ | २०९ | ११२५ | १३३४ | ४.७ |
| ८ | २६९ | १३७१ | १६४० | ५.८ |
| ९ | १६९ | १९३० | २०९९ | ७.४ |
| १० | २६६ | २४१६ | २६८२ | ९.४ |

| वडा नं. | भाडामा दिएका घरपरिवार | भाडामा नदिएका घरपरिवार | कुल | प्रतिशत |
|---|---|---|---|---|
| ११ | ११७ | २०९५ | २२१२ | ७.८ |
| १२ | ३२४ | २१३० | २४५४ | ८.६ |
| १३ | ६ | १२०९ | १२१५ | ४.३ |
| १४ | ३ | ६०४ | ६०७ | २.१ |
| १५ | ० | ३५५ | ३५५ | १.२ |
| १६ | १ | ४३७ | ४३८ | १.५ |
| कुल | २७०६ | २५७२८ | २८४३४ | १००.० |
| प्रतिशत | ९.५ | ९०.५ | १००.० | |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## १२. प्राकृतिक स्रोत

नगरपालिकाका विभिन्न नदी खोलाहरूमा ढुङ्गा, गिट्टी, बालुवाका अतिरिक्त विभिन्न खनिज साधनहरू रहेको छ भने चुरे पर्वत श्रृङ्खलामा ठूलो मात्रामा चुनढुङ्गा उपलब्ध हुन सक्ने अनुमान रहेको छ । नगरपालिकामा रहेका खनिज साधन तथा उक्त साधनहरू रहेका स्थान देहायबमोजिम रहेका छन् :

**तालिका ९ : मुख्य प्राकृतिक स्रोत**

| क्र.सं. | खनिज साधन | उपलब्ध स्थान | अवस्था |
|---|---|---|---|
| १. | गिट्टी, बालुवा, ढुङ्गा | गिरिघाट, भेरी दोभान | चालु |
| २. | गिट्टी, बालुवा, ढुङ्गा | गिरिघाट बगर आसपास | चालु |
| ३. | बालुवा, ढुङ्गा, गिट्टी | झुप्रा भेरी दोभान | चालु |
| ४. | गिट्टी, बालुवा, ढुङ्गा | भुतचोक झुप्रा पावरहाउस | चालु |
| ५. | तामाखानी | जर्बुटा | सम्भावित |
| ६. | सुनखानी | गरगरे | सम्भावित |
| ७. | चुनढुङ्गा खानी | सल्लेरी डाँडा | सम्भावित |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## १३. व्यापार व्यवसाय, बैंक तथा वित्तीय संस्था

नगरपालिकाले वि.सं. २०७५ मा तयार गरेको नगरपार्श्वचित्र अनुसार यस नगरपालिका क्षेत्रमा बैङ्क, पेट्रोल पम्प, सिनेमा हल, निर्माण व्यवसायी, होटल, क्लिनिक/औषधी व्यवसायी, दुग्ध व्यवसायी/डेरी, कुरियर, भेटनरी, राइस मिलगायत विभिन्न ५३ किसिमका २७४० वटा व्यापार-व्यवसाय रहेको देखिन्छ । यस बाहेक, नगरपालिकामा १५ वटा बैङ्क र २५३ वटा सहकारी संस्थाहरू रहेका छन् । अधिकांश सहकारी संस्थाहरू बचत तथा ऋण सहकारी रहेका छन् । यस सम्बन्धी विवरण तालिका-१० मा प्रस्तुत गरिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागले वि.सं. २०७५ मा नै गरेको राष्ट्रिय आर्थिक गणनाअनुसार यस नगरपालिकामा कुल ५२२८ व्यवसाय रहेका छन् जसमा ८८३९ महिला तथा १२१४२ पुरुष गरी कुल कुल २०९८१ जना सङ्लग्न रहेको तथ्याङ्क छ ।

तालिका १० : नगरपालिकामा सञ्चालित व्यापार व्यवसाय

| क्र.सं. | व्यापार व्यवसायको नाम | संख्या | क्र.सं. | व्यापार व्यवसायको नाम | सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | दुग्ध व्यवसायी/डेरी | २५ | २. | फिल्म हल | १ |
| ३. | टेलर्स | ७५ | ४. | ढुवान सेवा | २५ |
| ५. | सुनचाँदी व्यवसायी | १०० | ६. | ट्युसन सेन्टर | १५ |
| ७. | भाँडा व्यवसायी | ३२ | ८. | हाउजिङ | १२ |
| ९. | होटल व्यवसायी | ३५० | १०. | कार्पेट | २५ |
| ११. | फेन्सी व्यवसायी | ४५० | १२. | मनि ट्रान्सफर | ५ |
| १३. | क्लिनिक तथा औषधी व्यवसायी | ७० | १४. | नर्सरी फुल व्यवसायी | ५ |
| १५. | क्याटरिङ |  | १६. | कुरियर | २ |
| १७. | इलेक्ट्रोनिक व्यवसायी | १७८ | १८. | मदिरा व्यवसायी | १५ |
| १९. | माछामासु पसल व्यवसायी | १२४ | २०. | ग्याँस डिलर/अन्य डिलर | ३५ |
| २१. | पार्टी प्यालेस | १ | २२. | नृत्य तथा सङ्गीत प्रशिक्षण केन्द्र | १ |
| २३. | उद्योग | ३५ | २४. | शैक्षिक संस्था (निजी विद्यालय) | ४९ |
| २५. | आर्ट व्यवसायी | ७ | २६. | तरकारी तथा फलफूल व्यवसायी | १५० |
| २७. | बेकरी तथा मिष्ठान्न व्यवसायी | ४० | २८. | कानुन व्यवसायी र परामर्श सेवा | ९० |
| २९. | बङ्गुरपालन | १५ | ३०. | जिमखाना | १ |
| ३१. | पाउ भण्डार | ५ | ३२. | निर्माण व्यवसायी तथा सप्लायर्स | ३५ |
| ३३. | ठेक्का पट्टा | १० | ३४. | कवाडी सङ्कलन केन्द्र | ५ |
| ३५. | जुत्ता पसल | ११० | ३६. | कम्प्युटर ट्रेनिङ सेन्टर/साइवर व्यवसायी | ८३ |
| ३७. | फोटो स्टुडियो | १०० | ३८. | खाजाघर तथा चिया पसल | १५० |
| ३९. | फर्निचर | ७५ | ४०. | सिसा पसल | २५ |
| ४१. | किनारा पसल तथा खाद्य पसल | १००६ | ४२. | पुस्तक व्यवसायी तथा फोटोकपी | ७० |
| ४३. | अटो वर्कसप | ५० | ४४. | सहकारी | ५० |
| ४५. | कपास उद्योग | ४ | ४६. | विज्ञापन मिडिया तथा केवल सेवा | ६ |
| ४७. | राइस मिल | २३ | ४८. | कागज उद्योग तथा छापाखाना | १० |
| ४९. | घडी, रेडियो, टिभी मर्मत | १७ | ५०. | हेयर सैलुङ तथा सौन्दर्यकला व्यवसायी | ३५ |
| ५१. | पेट्रोल पम्प | ६ | ५२. | भेटनरी | १९ |
| ५३. | मसला उद्योग | ५ | ५४. | बैङ्क | १५ |
| ५५. | चस्मा पसल | १० | ५६. | सहकारी | २५३ |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## १४. घरेलु तथा साना उद्योग

यस नगरपालिकामा उत्पादन, सेवा, पर्यटन, कृषि तथा वनजन्य, निर्माण गरी पाँच किसिमका घरेलु तथा साना उद्योगहरू रहेका छन्, जसको सङ्ख्यात्मक विवरण देहायबमोजिम रहेको छ :

तालिका ११ : साना तथा घरेलु उद्योगको सङ्ख्यात्मक विवरण

| क्र.सं. | उद्योगको प्रकार | सङ्ख्या |
|---|---|---|
| १. | उत्पादनमूलक | २२१ |
| २. | सेवामूलक | १२६८ |
| ३. | पर्यटनसम्बन्धी | ६ |

| क.सं. | उद्योगको प्रकार | सङ्ख्या |
|---|---|---|
| ४. | कृषि तथा वनजन्य | ५३१ |
| ५. | निर्माणसम्बन्धी | २८२ |
| | कुल | २३०८ |

*स्रोत : नगर पार्श्वचित्र, २०७५, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत*

## १५. भौतिक स्रोत

वीरेन्द्रनगर नगरपालिकाको आफ्नै स्वामित्वमा कार्यालय प्रयोजनका लागि २ वटा भवन रहेका छन्, जसमा कुल ४० वटा कोठाहरू रहेका छन् । यस्तैगरी, वडा नं. १, २, ३, ४, ५, ७, ९, १०, १३, १४, १५, १६ का पनि आफ्नै स्वामित्वमा कार्यालय भवनहरू रहेका छन् भने वडा नं. ६, ८ ११ र १२ का आफ्नो स्वामित्वको कार्यालय भवन रहेको छैन । मेसिर औजार अन्तर्गत व्याक हो लोडर २ वटा, मिनी टिपर १ वटा, ठूलो टिपर १ वटा, दमकल १ वटा, सानो रोलर १ वटा, ट्र्याक्टर १ वटा, एम्बुलेन्स १ वटा, स्कर्पियो १ वटा, टाटा महिन्द्रा जिप २ वटा, मोटरसाइकल ४९ वटा, स्कुटर ६ वटा, कम्प्युटर ३९ वटा, प्रिन्टर ४० वटा र सभाहल २ वटा रहेका छन् । यसबाहेक कार्यालय सञ्चालनका लागि टेबुल, कुर्सी, दराज, सोफा तथा अन्य कार्यालय सामग्रीहरू रहेका छन् ।

## १६. मानवीय स्रोत

नगरपालिकामा नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष १६ जना र कार्यपालिका सदस्य ८ जना गरी कुल २६ जना कार्यपालिका सदस्य रहेका छन् । नगरपालिकाको २०७७ चैत्र महिनाको तथ्याङ्कअनुसार ३४१ कर्मचारी कार्यरत रहेका छन् । कर्मचारीहरूको विस्तृत विवरण देहायअनुसार रहेको छ :

**तालिका १२ : कर्मचारीको सङ्ख्यात्मक विवरण**

| अप्राविधितर्फ | | | प्राविधिकतर्फ | | कुल जम्मा |
|---|---|---|---|---|---|
| तह | स्थायी | करार | स्थायी | करार | |
| ९ | १ | ० | ० | ० | १ |
| ८ | ३ | ० | ० | ० | ३ |
| ७ | २ | ० | २ | ० | ४ |
| ६ | २० | ० | ३३ | ३ | ५७ |
| ५ | २१ | २ | ४५ | २८ | ९५ |
| ४ | ६ | २ | ३४ | २६ | ६८ |
| ३ | १ | ० | | | १ |
| श्रेणीविहीन | १७ | ५८ | | ७ | ८२ |
| जम्मा | ७१ | ६२ | ११४ | ६४ | ३११ |
| सेवा खरिद | | | | | ३० |
| खुद जम्मा | | | | | ३४१ |

*स्रोत: प्रशासन शाखा, वीरेन्द्रनगरनगरपालिका, २०७७ चैत्र*

# परिच्छेद ३ : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐनलगायतका प्रचलित कानुनबाट स्थानीय सरकारहरूलाई प्राप्त राजस्व अधिकारका बारेमा विस्तृत व्याख्या गर्नुका साथै वीरेन्द्रनगर नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विश्लेषण गरिएको छ ।

## १. संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका रुपमा निम्नअनुसार राजस्व अधिकारहरूको व्यवस्था गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- पर्यटन शुल्क
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

## २. स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ :

### ३.२.१ गाउँ/नगरपालिकाको एकल अधिकार :

**अ) कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था)*
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

## आ) शुल्क

- बहाल बिटौरी शुल्क: आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ् शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

## इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको *खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि* सेवामा
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

## ई) दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सापास दस्तुर
- व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

## उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)*

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

## ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

> ‡६२ख. सामुदायिक वनबाट आय प्राप्त गर्ने: (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।
>
> (२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।
>
> ‡ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

- वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

*नोट : केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०७५ वाट संशोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा देहायअनुसार व्यवस्था गरिएको छ :*

> २२. **<u>वनको विकासको लागि खर्च गर्नु पर्नेः</u>** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।
>
> (२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ। - वन ऐन, २०७६ (प्रमाणीकरण मिति २०७६।०६।२७)

### ३.२.२ प्रदेश तथा सङ्घीय कानून अनुसार प्राप्त हुने रोयल्टी तथा अन्य (दफा ११(४))

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

## ३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने*
- *राष्ट्रिय प्राकृतिक स्रोत तथा आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनतर्फको अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- <u>वित्तीय समानीकरण अनुदानः</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने । यसमा संघीय सरकारले प्रदान गर्ने अनुदान रकम न्यूनतम अनुदान, कार्यसम्पादनमा आधारित अनुदान र सूत्रमा आधारित अनुदानको योगफलको रुपमा प्रदान गरिने ।
- <u>सशर्त अनुदानः</u> सङ्घ र प्रदेशले आफ्नोतर्फबाट सम्पादन गर्नुपर्ने आफ्नो सबै भौगोलिक क्षेत्रमा समेट्नुपर्ने कार्यलाई स्थानीय तहमार्फत् गराउन यो अनुदान दिइन्छ । यसमा नेपाल सरकारद्वारा साविक सञ्चालनमा रहेका कार्यक्रम तथा आयोजनाहरु प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरी सेवा प्रवाहमा निरन्तरता दिने ध्येय रहेको ।
- <u>समपूरक अनुदानः</u> पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>विशेष अनुदानः</u> आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले विशेष प्रकृतिको क्षेत्रमा विकास गर्ने उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्रदान गरिने ।

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने । तर यस सम्बन्धी कानून तर्जुमा भइनसेकेकोले हालसम्म यो व्यवस्था कार्यान्वयनमा आउन सकेको छैन ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् :

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था) ।
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफैं वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ४. आन्तरिक आय परिचालनको अवस्था

कानुनी अधिकारको आधारमा यस नगरपालिकाका सम्भाव्य आय शिर्षकहरूको परिचालनका अवस्था विश्लेषण गरिएको छ। यसअन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई पहिचान गरिएको छ। यहाँ सम्भावना भन्नाले कम्तीमा आगामी तीन वर्षभित्र नगरपालिकाले राजस्व सङ्कलन गर्न सक्ने अवस्थालाई आँकलन गरिएको छ।

तालिका १३ : नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | सङ्कलन |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| १. | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २. | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३. | सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | भएको | भएको |
| ४. | घर जग्गा बहाल कर | भएको | भएको | भएको (न्यून) |
| ५. | व्यवसाय कर | भएको | भएको | भएको (न्यून) |
| ६. | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | भएको | भएको (न्यून) |
| ७. | विज्ञापन कर | भएको | भएको | भएको |
| **ख.** | **गैरकर** | | | |
| ८. | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री | भएको | भएको | भएको |
| ९. | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | भएको | भएको |
| १०. | सामुदायिक वन पैदावार बिक्री | भएको | - | नभएको |
| ११. | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| १२. | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | भएको | भएको | भएको |
| १३. | बहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| १४. | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| १५. | फोहरमैला व्यवस्थापन शुल्क | भएको | बोलपत्र मार्फत् | नभएको |
| १६. | स्थानीय खानेपानी महसुल | भएको | सिफारिश शुल्क मात्र सङ्कलन | नभएको |
| १७. | स्थानीय विद्युत् महसुल | नभएको | नभएको | नभएको |
| १८. | मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (केवलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि) | नभएको | भएको (आर्थिक ऐनमा उल्लेख नगरिएको, कापाले तोकेअनुरुप सङ्कलन गर्ने व्यवस्था गरिएको) | नभएको |
| १९. | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क** | भएको | भएको | भएको |
| २०. | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| २१. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, “घ” वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | भएको | भएको | भएको (आंशिक) |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | सङ्कलन |
|---|---|---|---|---|
| २२. | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २३. | दण्ड जरिवाना | भएको | भएको | भएको |

***खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि*

माथि दिइएको तालिका-१३ को तथ्याङ्क अध्ययन गर्दा करतर्फ दिइएका सातवटै करहरूको सम्भावना भएको र दर निर्धारण पनि भएको पाइन्छ तर घरजग्गा बहाल घर, व्यवसाय कर तथा जडिबुटी कवाडी र जीवजन्तु कर न्यून मात्रामा मात्र सङ्कलन हुने गरेको छ । यस्तै, गैरकरतर्फ केवलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसाय सुरु नभएकाले तत्कालका लागि कर सङ्कलनको सम्भावना रहेको देखिँदैन अन्य गैरकरका शीर्षकमा कर सङ्कलनको सम्भावना रहेको देखिन्छ। गैरकरको दररेट निर्धारणको अवस्था हेर्दा निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क र ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्कको दर रेट निर्धारण भएको पाइँदैन भने अन्य शीर्षकमा दररेट निर्धारण भएको पाइन्छ । गैरकरहरूमध्ये १० शीर्षकबाट कर सङ्कलन हुने गरेको देखिन्छ।

## ५. आन्तरिक राजस्वको अवस्था र आय सम्भावना

नगरपालिकाले नेपालको संविधान अन्तर्गत स्थानीय तहको अधिकार सूचीभित्र पर्ने सम्पत्ति कर, भूमीकर, घरजग्गा वहालकर, व्यवसाय कर, जडिबुटी, कवाडि तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, वहाल विटौरी शुल्क, पार्किङ शुल्क, विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवम् शुल्क तिरेको अनुभूति हुने गरी कर सङ्कलन कार्यलाई निरन्तरता दिने नीति लिएको छ। नेपालको संविधान एवम् प्रचलित अन्य कानुनबमोजिम स्थानीय तहका रुपमा वीरेन्द्रनगर नगरपालिकालाई प्राप्त हुनसक्ने सम्भाव्य आन्तरिक स्रोतहरूको शीर्षकगत विश्लेषण देहायअनुसार रहेको छ :

### ५.१ कर राजस्व

#### ५.१.१ सम्पत्ती कर

**विद्यमान अवस्था**

सङ्घीय कानुनअनुसार केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को प्रावधानअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ।

> .**सम्पत्ति कर:** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ।
>
> (२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ।
>
> **स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक ऐनले प्रचलित सरकारी दररेट (रजिष्ट्रेशन प्रयोजनका लागि कायम भएको दर) लाई न्यूनतम मूल्याङ्कन कायम गरी अनुसूचीमा तोकिएको दरमा सम्पत्ति कर लगाउने र असुल उपर गर्ने व्यवस्था गरिएको छ। सम्पत्ति कर व्यवस्थापनका लागि नगरपालिकाले सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ जारी गरेको छ र यस कार्यविधिको दफा ३ बमोजिम कर लगाउने प्रयोजनको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको सम्पत्तिको विवरणको लगत कायम गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनको सम्पत्ति कर सम्बन्धी दफाको स्पष्टीकरणमा "घरले चर्चेको जग्गा" भन्नाले "घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ" भन्ने उल्लेख गरेको भए पनि नगरपालिकाको आर्थिक ऐन र सम्पत्ति कर व्यवस्थापन कार्यविधिमा भने यो व्यवस्था प्रतिविम्बित भएको देखिँदैन। सम्पत्ति मूल्याङ्कनमा स्वघोषणा गर्ने गरिएको छ र धेरै करदातालो स्वघोषणा गर्ने रकम वास्तविक र स्वाभाविकभन्दा निकै न्यून हुने गरेको छ । आर्थिक ऐनको व्यवस्थाअनुसार न्यूनतम रु.१ देखि ५ लाखसम्मको मूल्याङ्कनमा वार्षिक एकमुष्ट रु. ५० तोकिएको

छ भने अधिकतम रु. ४ करोड १ देखि माथिको मूल्याङ्कनमा प्रतिसय रु. ०.०८ तोकिएको छ। सम्पत्ति कर सङ्कलनको गत पाँच वर्षको अवस्था अध्ययन गर्दा आ.व. २०७४/७५ मा हालसम्मको सबैभन्दा धेरै अर्थात् १ करोड ८६ लाख ९५ हजार सम्पत्ति कर सङ्कलन भएको देखिन्छ भने आ.व. २०७७/७८ मा रु. १ करोड २५ लाख ४६ हजार सङ्कलन भएको देखिन्छ। प्रारम्भमा एकीकृत सम्पत्ति कर कार्यान्वयन भएको र पछि भूमिकर छुट्टै सङ्कलन गर्न थालेपछि सम्पत्तिकरको आकार घटेको देखिन्छ।

नगरपालिका कार्यालय लगायत सबै वडा कार्यालयहरूमा बिलिङका लागि कम्प्युटर सफ्टवेयर तथा वैकल्पिक विद्युत्को व्यवस्था रहेको छ। आ.व.०७८/७९ मा कर तिरिरहेका सम्पत्ति करदाताको सङ्ख्या १३९९८ जना रहेको छ भने अघिल्लो आ.व. ७७/७८ मा कुल २०९३२ जनाले सम्पत्ति कर तिरेको अभिलेख रहेको छ। नगरपालिका राजस्व उपशाखाले हाल कर तिरिरहेका करदाताको सङ्ख्याको आधारमा करिब ६० हजार करदाता रहेको अनुमान गरेको छ।

**सम्भाव्यता**

वि.सं. २०७८ को राष्ट्रिय जनगणनामा यस नगरपालिकामा कुल ३१८४७ घरमा गणना भएकोमा कुल परिवार सङ्ख्या ३९३९१ रहेको देखिएको छ। नगरपालिका क्षेत्रभित्र कुनै एक व्यक्तिका नाममा विभिन्न स्थानमा सम्पत्ति/घरजग्गा रहेको अवस्था छ। साथै, कर्णाली प्रदेशको राजधानी एवम् मुख्य व्यापारिक शहर भएको नाताले विभिन्न जिल्लाका मानिसहरूले यहाँ घरजग्गा किनेर छोड्ने प्रचलन पनि निकै बढी रहेको छ। नगरपालिका राजस्व शाखा, राजस्व सफ्टवेयरमा अभिलेखीकृत भएअनुसार यहाँ कुल ६०,००० सम्पत्ति करदाता रहेको देखिन्छ। यही अङ्क र विद्यमान सम्पत्ति करको दरलाई आधार मानी नगरपालिकाको समग्र सम्पत्ति करको आकारलाई निम्नअनुसार गणना गरिएको छ :

| | |
|---|---|
| प्रति करदाता औसत अनुमानित सम्पत्ति करयोग्य जग्गा (कट्ठा) | ०.५ |
| *सम्पत्ति करयोग्य जग्गाको औसत मूल्य (प्रतिकट्ठा)* | *३000000* |
| *प्रति करदाताको सम्पत्ति करयोग्य जग्गाको मात्र औसत मूल्य* | *१५00000* |
| *औसत करदाताको घरको मात्र अनुमानित मूल्य रु.* | *३000000* |
| प्रति करदाताको करयोग्य औसत सम्पत्ति (घर र घरले चर्चेको दोब्बरसम्म जग्गाको औसत मूल्य) | ६०००००० |
| सम्पत्ति करको दर प्रति सय रु. (प्रस्तावित) | ०.०१२५ |
| प्रति करदाता उठ्न सक्ने औसत सम्पत्ति कर (रु.) | ६५० |
| सम्पत्ति करदाता (संख्या) | ६०००० |
| समग्रमा उठ्न सक्ने कुल सम्पत्ति कर (रु.) | ३९०००००० |

नगरपालिकाको सम्पत्ति करको विद्यमान दरमा आधारित रही माथि दिइएको तालिकाअनुसार यस नगरपालिकामा प्रति करदाता औसत सम्पत्ति कर रु. ६५० ले गणना गर्दा सम्पत्ति करको कुल सम्भाव्यता वार्षिक कुल रु. ३ करोड ९० लाख हुन आउने देखिन्छ। सम्भावनाको सबै रकम तत्काल असुल हुन नसक्ने भएकाले चालु आ.व.मा कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछि वार्षिक रुपमा १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान गरिएको छ। यस गणनाअनुसार सबै करदाता करको दायरामा नआएको अथवा सम्पत्ति करको मूल्याङ्कन गर्दा न्यून मूल्याङ्कन गरिएकोलगायतका विभिन्न कारणहरूले गर्दा सम्भाव्य सम्पत्ति कर उठ्न नसकेको देखिन्छ।

**सुधारका क्षेत्र**

नगरपालिकाको सम्पत्ति करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- नगरपालिकाका सबै सम्भावित करदाताको लगत सङ्कलन गरी घर दर्ता सम्पन्न गर्ने।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत् करको दायरामा ल्याउने
- सम्बन्धित करदाताको घर कति फुटको कस्तो गुणस्तरको बाटोले छोएको हो भन्ने सहज तथ्याङ्क नभएको हुँदा यथाशक्य कच्ची र सानो बाटो देखाई सम्पत्ति कर तिर्ने परिपाटी विद्यमान भएको हुँदा

हरेक घर र बाटोको डिजिटल नक्साङ्कन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व सङ्कलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।

- सम्पत्तिको मूल्याङ्कनलाई व्यावहारिक, विश्वसनीय र प्रचलित मूल्यसँग मिल्दो बनाउने
- शहरीकरण, जनघनत्व, घरजग्गाको प्रचलित बजारमूल्यलगायतका विषयका आधारमा शहरलाई विभिन्न क्षेत्रमा वर्गीकरण गरी तदनुरुप करको दर निर्धारण गर्ने
- निर्माण सम्पन्न भएका घरका निर्माण सम्पन्न प्रतिवेदन दिँदाखेरी नै सम्पत्ति करको दायरामा ल्याउने
- राजस्व परामर्श समिति र राजस्व शाखाका कर्मचारीलाई स्थानीय स्तरका घर जग्गाको मूल्यबारे बढी जानकार बनाउने
- स्थलगत अनुगमनलाई नियमित, प्रभावकारी बनाउने तथा अनुगमन निचोडलाई व्यावहारिक सुधारमा जोड्ने
- सम्पत्ती करसम्बन्धी कानुनी व्यवस्थाबारे आमजनतालाई विभिन्न माध्यमबाट सुसूचित गर्ने ।
- सम्पत्ती मूल्याकङ्नमा स्वघोषणा विधिबाट कर व्यवस्थापनबारे पदाधिकारी तथा कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने नीति रहेको भए पनि क्षमता विकासका कार्यक्रमहरू पर्याप्त नभएको हुँदा क्षमता विकास आवश्यकता पहिचान गरी आवश्यकताअनुसार क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- आर्थिक ऐन र सम्पत्ति कर व्यवस्थापन कार्यविधिमा स्थानीय सरकार सञ्चालन ऐनको सम्पत्ति कर सम्बन्धी दफाको स्पष्टीकरणमा उल्लेख भएबमोजिमको “घरले चर्चेको जग्गा” भन्नाले “घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ” भन्ने व्यवस्थासमेत रहेकाले आर्थिक ऐनमा यससम्बन्धी व्यवस्थामा सामाञ्जस्यता ल्याउने ।
- सबै वडामा कम्प्युटरमा “पावर ब्याकअप” सुदृढीकरण गरी कम्प्युटर बिलिङ सुनिश्चित गर्ने
- वडा कार्यालयबाट उठ्ने/उठ्न सक्ने करको आकारका आधारमा कर्मचारीको व्यवस्था गर्ने
- करदातालाई तिर्नु पर्ने कर रकमबारे सूचना प्रविधिको माध्यमद्वारा अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

### ५.१.२ भूमि कर/मालपोत कर

**विद्यमान अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ ले “गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउनेछ” भन्ने व्यवस्था गरेको छ । नगरपालिकाको आर्थिक ऐनले भूमिकर तथा मालपोत साविककै दरमा असुल उपर गर्ने व्यवस्था गरेको छ । सम्पत्ति कर र भूमि करको दर फरक-फरक हुने भए पनि आर्थिक ऐनमा यी दुवैथरी करका लागि एउटै दर निर्धारण गरिएको छ। साथै भूमिकर र मालपोतलाई समानार्थी रुपमा प्रयोग गरिएको छ। नगरपालिकाका विभिन्न क्षेत्रहरूबीच भूगोल र विकासको अवस्थामा निकै फरक रहेको भए पनि सबै ठाउँको जमिनमा एकैनासले मालपोत सङ्कलन गर्ने गरिएको छ । नगरपालिकाले चालु आ.व. २०७८/७९ मा रु.५५ लाख सङ्कलन गर्ने लक्ष्य राखेको छ । यस शीर्षकमा आ.व.२०७७/७८ मा रु. ५२ लाख ७१ र त्यसअघि २०७६/७७ मा ८१ लाख ४२ हजार सङ्कलन गरेको थियो । आ.व. २०७४/७५ र २०७५/७६ मा एकीकृत सम्पत्ति कर कार्यान्वयनमा रहेकाले सो अवधिमा भूमिकरको सङ्कलन उल्लेख्य छैन ।

**भूमिकर सङ्कलनको प्रवृत्ति**
**आ.व. २०७४/७५ – २०७७/७८**




**सम्भाव्यता**

नगरपालिकामा भूमिकर तिर्नुपर्ने करदाताको संख्या तथा सम्भावित करदातासँग भएको भूमिको स्वामित्व सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा भूउपयोगको तथ्याङ्क अनुरुपको खेती गरिएको जमिनको क्षेत्रफल (७४.१९ व.कि.मी, तालिका २) लाई भूमिकर लागि करयोग्य जमिन र वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसारको कुल घरपरिवार सङ्ख्या ३९३९१ लाई आधार मानी भूमिकरको दरअनुसार कुल सम्भाव्य भूमिकर आँकलन गरिएको छ, जुन निम्नअनुसार रहेको छ :

| | |
|---|---|
| कुल भूमिकरयोग्य जमिन (कट्ठा) | २१९०८८ |
| कुल घरपरिवार सङ्ख्या | ३९३९१ |
| प्रति परिवार औसत भूमिकरयोग्य जमिन (कट्ठा) | ५.६ |
| प्रति कट्ठा भूमि करको दर (प्रस्तावित) | ३५ |
| कुल सम्भाव्य भूमिकर (रु) | ७६६८०८० |

**सुधारका क्षेत्र**

नगरपालिकाको भूमिकर (मालपोत) मा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- नगरपालिकाको सम्पूर्ण क्षेत्रलाई ग्रामीण तथा शहरी क्षेत्रमा वर्गीकरण गर्ने । शहरी क्षेत्रमा भूमिको उपयोगका आधारमा भूमिकर लगाउने र ग्रामीण क्षेत्रमा मालपोत लगाउने व्यवस्था गर्ने
- मालपोतको सफ्टवेयरसँग नगरपालिकाको राजस्व सफ्टवेयरलाई अन्तरआबद्ध गर्दा उचित हुने
- भूमि कर तथा मालपोतको दर सम्पत्ति करभन्दा न्यून हुने गरी कायम गरी आर्थिक ऐन तर्जुमा गर्ने
- निर्णय कार्यान्वयनमा कर्मचारीको क्षमता र मनोबल बढाउने
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने
- मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिकाभित्रका जग्गाधनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।

### ५.१.३ घरजग्गा बहाल कर

**विद्यमान अवस्था**

नगरपालिकाको आर्थिक ऐनले नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले घरजग्गा वहाल कर लगाइने र असुल गर्ने व्यवस्था गरेको छ र सो अनुरुप सङ्कलन समेत गर्दै आएको छ । नगरपालिकाले घरवहाल कर व्यवस्थित गर्नका लागि कार्यविधि समेत बनाएको छ र घरहरूको न्यूनतम कोठा तथा घर भाडा दर तोकी घरवहाल कर कार्यविधि अनुसार असुल उपर गर्ने नीति लिएकोछ । बहालको दररेट निर्धारण गर्न कार्यविधिले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको अध्यक्षता र राजस्व शाखा प्रमुख सदस्य सचिव तथा उद्योग वाणिज्य सङ्घको प्रतिनिधिसमेत रहने गरी पाँच सदस्यीय

समितिसमेत गठन गर्न सक्ने व्यवस्था गरेको छ । घरजग्गाको बहाल कर विगत पाँच वर्षयता निरन्तर बढ्दै आएको देखिन्छ, यद्यपि संभावनाअनुसारको राजस्व भने सङ्कलन भइसकेको देखिँदैन । केही करदाताहरूमा अझसम्म कर कार्यालयमा गई घरबहाल कर तिर्न जाने र कर कार्यालयले कर नलिएपछि वडा कार्यालय जाने परिपाटी समेत कायमै रहेको देखिन्छ । घरजग्गाबहाल कर सम्भावनाअनुसार सङ्कलन गर्न नगरपालिकाबाट पर्याप्त प्रयास गर्नुपर्ने खाँचो रहेको छ । कुल करदातामध्ये के कति करदाता करको दायरामा आए र के कति करदाता करको दायरामा आउन सकेका छैनन् भन्ने यकिन तथ्याङ्कको अभाव रहेको छ । घरजग्गा कर सङ्कलनलाई प्रभावकारी बनाउन विगतमा उद्योग वाणिज्य सङ्घलाई २० प्रतिशत खर्च गर्न दिने गरी कर उठाउन दिने निर्णय भएको भए पनि सो निर्णय कार्यान्वयनमा ल्याएको भने देखिँदैन छैन । सङ्कलनको विगत पाँच वर्षको अवस्था रेखाचित्रमा निम्न अनुसार प्रस्तुत गरिएको छ :




**सम्भाव्यता**

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानी; कर्णाली प्रदेशको शिक्षा, स्वास्थ्यको केन्द्र तथा यस प्रदेशको प्रवेशद्वार र आफैंमा नेपालको एक पुरानो शहर भएको हुनाले यहाँ संस्थागत, व्यावसायिक एवम् व्यक्तिगत प्रयोजनका लागि घरजग्गाको माग निरन्तर बढ्दो छ । नगर पार्श्वचित्र २०७५ मा प्रस्तुत तथ्याङ्क अनुसार यहाँ कुल घरपरिवारमध्ये १० प्रतिशतले घर भाडामा लगाएका छन् । वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार यस नगरपालिकामा कुल ३९३९१ घरपरिवार रहेका छन् । यस आधारमा यस नगरपालिकामा कुल ३९३९१ को १० प्रतिशत अर्थात् ३९३९ घरपरिवारले घरबहालमा लगाएको अनुमान गरी निम्नअनुसारको गणनाको आधारमा यस नगरपालिकाको कुल घरजगा करको आकार अनुमान गरिएको छ । यस अनुमान अनुसार यस नगरपालिकामा निम्नअनुसार कुल रु. चार करोड ५३ लाख ७८ हजार ४३२ हुन सक्ने अनुमान गरिएको छ :

| क्र.सं. | घर बहालमा लगाउनेको प्रयोजन | बहालमा लगाउने घरधनीको सङ्ख्या (क) | मासिक औसत भाडा रकम (ख) | कुल घरबहाल करदाताले उठाउने वार्षिक औसत भाडा रकम रु. (ग)<br>क × ख × १२ | संभाव्य घर बहाल कर* |
|---|---|---|---|---|---|
| १ | आवासीय प्रयोजनका लागि घर बहालमा लगाउने | ३७४२ | ८००० | ३५९२४५९२० | ३५९२४५९२ |
| २ | संस्थागत वा व्यावसायिक प्रयोजनका लागि घर बहालमा लगाउने | १९७ | ४०००० | ९४५३८४०० | ९४५३८४० |
| | कुल सम्भाव्य घर बहाल कर | | | | ४,५३,७८,४३२ |

*घर बहाल कर घर बहालमा लगाउने घरधनी/करदातासँग वार्षिक १० प्रतिशतका दरले सङ्कलन गर्ने गरी सोहीअनुसार गणना गरिएको

**सुधारका क्षेत्र**

नगरपालिकाको घरजग्गा बहाल करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- नगरपालिकामा घरबहालको अवस्थाबारे विस्तृत विवरण सङ्कलन गर्ने तथा नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने
- घर बहाल कर आयमा आधारित कर भएकोले करको दरलाई आय स्लावको आधारमा प्रगतिशील बनाई बहालमा लगाउने सबै घरधनीलाई घरबहाल करको दायरामा ल्याउने
- आवासीय प्रयोजन, व्यावसायिक प्रयोजन तथा कार्यालय प्रयोजनका लागि बहाल करको अलग अलग दर कायम गर्ने । प्रारम्भका केही वर्षका लागि आवासीय प्रयोजनका लागि घरजग्गा बहाल करको दर न्यून गरी बढीभन्दा बढी करदातालाई आकर्षित गर्ने
- आर्थिक गतिविधिका आधारमा सम्पूर्ण वडाहरुलाई विभिन्न वर्गमा वर्गीकरण गरी सो अनुसार न्यूनतम घर बहाल दर निर्धारण गर्ने
- घरबहाल कर सङ्कलन गर्दा नगरपालिकाले निर्धारण गरेको दरमा नघट्ने गरी कर असुली गर्ने
- विभिन्न कार्यक्रमहरू सञ्चालन गरी घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने तथा बहालमा लगाएका घर जग्गाको तथ्याङ्क संकलन गर्ने
- सम्पत्ति कर, व्यवसाय कर र घर जग्गा बहाल कर सङ्कलनलाई एकीकृत रुपमा एकैपटक उठाउन सकिने गरी तथ्याङ्क र असूली प्रकृयामा सफ्टवेयर पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने
- ऐलानी तथा पर्ती जग्गामा बनेका संरचना बहालमा लगाएको अवस्थामा त्यस्ता घरधनीलाई पनि कानूनमा व्यवस्था गरी करको दायरामा ल्याउने ।

### ५.१.४ व्यवसाय कर

**विद्यमान अवस्था**

व्यवसाय करलाई नेपालको संविधान, २०७२ ले स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । संविधान, नगरपालिकाको आर्थिक ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्राप्त अधिकारअनुरुप नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । यस ऐनले व्यवसायहरूलाई विभिन्न ४६ प्रकारका वर्गीकरण गरी करका दरहरू स्वीकृत गरेको छ । सबैभन्दा धेरै कर थ्रीस्टार होटल तथा केवल नेटवर्क/इन्टरनेट सेवा प्रदायकलाई रु. २५०००, नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका बाहेक केन्द्रीय स्तरका वाणिज्य बैंकहरूलाई रु. २०००० तोकिएको छ भने सबैभन्दा कम मैनबत्ती उद्योग तथा लेखनदासलाई रु. ४०० तोकिएको छ । नगरपालिका राजस्व शाखाको अभिलेखअनुसार चालु आ.व. २०७७/७८ मा व्यवसाय कर तिर्ने करदाताको सङ्ख्या ४४३ जना रहेको छ ।

नगरपालिकाले घरवहालकर, व्यवसायकर आदिको असुली दरमा प्रभावकारिता ल्याउन राजस्व सुधार कार्ययोजना अनुरुपका कार्यहरू गर्ने तथा कर असुली कार्यलाई प्रविधीमैत्री बनाउँदै नगर तथा वडामा कार्यरत कर्मचारीहरुलाई विभिन्न क्षमता विकास तथा प्रविधीमैत्री तालिमहरू सञ्चालन गर्ने नीति लिएको छ । साथै, नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर तिरेको व्यवसायीहरुबाट मात्र वस्तु तथा सेवाहरु खरिद गर्न नगरपालिका अन्तर्गतका कार्यालय र अन्य सार्वजनिक निकायलाई समेत अनुरोध गर्ने नीति लिएकोछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले "गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर गराउनेछ" भन्ने व्यवस्था गरी सो अनुरुप कार्यान्वयन पनि गर्दै आएको छ । नगरपालिकाले विगत पाँच वर्षमा सङ्कलन गरेको व्यवसाय करको अवस्था देहायको रेखाचित्रमा प्रस्तुत गरिएको छ :




**सम्भाव्यता**

कर्णाली प्रदेशको राजधानी एवम् देशको एक पुरानो ठूलो शहर भएको नाताले यहाँ व्यापार व्यवसाय उल्लेख्य रहेको भए पनि व्यवसाय कर सम्भावना अनुरुप सङ्कलन हुन सकेको छैन । नगरपालिकाको पार्श्वचित्र अनुसार यहाँ कुल २५३ किसिमका २७४० वटा व्यापार व्यवसाय, १५ वटा बैंक तथा २५३ वटा सहकारी गरी कुल ३००८ वटा व्यवसाय रहेको देखिन्छ भने केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय आर्थिक गणनाअनुसार यहाँ कुल ५२२८ वटा व्यवसाय रहेका छन् । नगरपालिकामा व्यवसाय करको सम्भाव्य आकार पहिचानका लागि यहाँ नगरपालिकाको पार्श्वचित्रअनुसारको तथ्याङ्लाई आधार लिई त्यसमा छुट भएका केही व्यवसाय समेत थप गरी व्यवसाय करको आकार गणना निम्नअनुसार गरिएको छ :

**तालिका १४ : व्यवसाय करबापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी**

| क्र.सं. | व्यापार व्यवसायको नाम | संख्या | दर (प्रस्तावित औसत) | रकम |
|---|---|---|---|---|
| १ | दुग्ध व्यवसायी/डेरी | ३० | ४५०० | १३५००० |
| २ | टेलर्स | ९० | २००० | १८०००० |
| ३ | सुनचाँदी व्यवसायी | १२० | ५५०० | ६६०००० |
| ४ | भाँडा व्यवसायी | ३८ | ४००० | १५३६०० |
| ५ | होटल व्यवसायी | ४२० | ५५०० | २३१०००० |
| ६ | फेन्सी व्यवसायी | ५४० | ५००० | २७००००० |
| ७ | क्लिनिक तथा औषधी व्यवसायी | ८४ | ३५०० | २९४००० |
| ८ | इलेक्ट्रोनिक व्यवसायी | २१४ | ३५०० | ७४७६०० |
| ९ | किनारा पसल तथा खाद्य पसल | १२०७ | २५०० | ३०१८००० |
| १० | माछामासु पसल व्यवसायी | १४९ | २००० | २९७६०० |
| ११ | बेकरी तथा मिष्ठान्न व्यवसायी | ४८ | २५०० | १२०००० |
| १२ | पाउ भण्डार | ६ | १५०० | ९००० |
| १३ | पार्टी प्यालेस | १ | ६००० | ७२०० |
| १४ | उद्योग | ४२ | ६००० | २५२००० |
| १५ | आर्ट व्यवसायी | ८ | १५०० | १२६०० |
| १६ | बङ्गुरपालन | १८ | २००० | ३६००० |
| १७ | ठेक्का पट्टा | १२ | १०००० | १२०००० |
| १८ | जुत्ता पसल | १३२ | १५०० | १९८००० |
| १९ | फोटो स्टुडियो | १२० | २५०० | ३००००० |
| २० | फर्निचर | ९० | ५००० | ४५०००० |
| २१ | अटो वर्कसप | ६० | ४००० | २४०००० |

| क.सं. | व्यापार व्यवसायको नाम | संख्या | दर (प्रस्तावित औसत) | रकम |
|---|---|---|---|---|
| २२ | कपास उद्योग | ५ | ३००० | १४४०० |
| २३ | राइस मिल | २८ | ३००० | ८२८०० |
| २४ | घडी, रेडियो, टिभी मर्मत | २० | १५०० | ३०६०० |
| २५ | पेट्रोल पम्प | ७ | १०००० | ७२००० |
| २६ | मसला उद्योग | ६ | २००० | १२००० |
| २७ | चस्मा पसल | १२ | १५०० | १८००० |
| २८ | फिल्म हल | १ | २५०० | ३००० |
| २९ | ढुवानी सेवा | ३० | ४००० | १२०००० |
| ३० | हाउजिङ | १४ | २५०० | ३६००० |
| ३१ | कार्पेट | ३० | १५०० | ४५००० |
| ३२ | मनि ट्रान्सफर | ६ | १५०० | ९००० |
| ३३ | बैङ्क | १८ | २००० | ३६००० |
| ३४ | सहकारी | ३०४ | ३००० | ९१०८०० |
| ३५ | तरकारी तथा फलफूल व्यवसायी | १८० | १२०० | २१६००० |
| ३६ | नर्सरी फुल व्यवसायी | ६ | १५०० | ९००० |
| ३७ | कुरियर | २ | ६०० | १४४० |
| ३८ | मदिरा व्यवसायी | १८ | ८५०० | १५३००० |
| ३९ | ग्याँस डिलर/अन्य डिलर | ४२ | ३५०० | १४७००० |
| ४० | शैक्षिक संस्था (निजी विद्यालय) | ५९ | ५५०० | ३२३४०० |
| ४१ | नृत्य तथा सङ्गीत प्रशिक्षण केन्द्र | १ | १५०० | १८०० |
| ४२ | ट्युसन सेन्टर | १८ | २००० | ३६००० |
| ४३ | कम्प्युटर ट्रेनिङ सेन्टर/साइवर व्यवसायी | १०० | २००० | १९९२०० |
| ४४ | कानुन व्यवसायी र परामर्श सेवा | १०८ | ३००० | ३२४००० |
| ४५ | जिमखाना | १ | २००० | २४०० |
| ४६ | निर्माण व्यवसायी तथा सप्लायर्स | ४२ | ३५०० | १४७००० |
| ४७ | कवाडी सङ्कलन केन्द्र | ६ | २५०० | १५००० |
| ४८ | खाजाघर तथा चिया पसल | १८० | १५०० | २७०००० |
| ४९ | सिसा पसल | ३० | ३००० | ९०००० |
| ५० | पुस्तक व्यवसायी तथा फोटोकपी | ८४ | २५०० | २१०००० |
| ५१ | सहकारी | ६० | ४००० | २४०००० |
| ५२ | विज्ञापन मिडिया तथा केवल सेवा | ७ | ५५०० | ३९६०० |
| ५३ | कागज उद्योग तथा छापाखाना | १२ | ३००० | ३६००० |
| ५४ | एफएम रेडियो | ७ | ५५०० | ३९६०० |
| ५५ | हेयर सैलुङ तथा सौन्दर्यकला व्यवसायी | ४२ | १५०० | ६३००० |
| ५६ | भेटनरी | २३ | २५०० | ५७००० |
| ५७ | क्याटरिङ | १२ | ४५०० | ५४००० |
| | कुल | ४९५१ | | १६३०४६४० |

**सुधारका क्षेत्र**

नगरपालिकाको व्यवसाय करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- सचेतना कार्यक्रम, घरदैलो शिविरलगायतका कार्यक्रमहरू सञ्चालन गरी नगरपालिकाका सम्पूर्ण व्यवसायीहरूलाई करको दायरामा ल्याउने
- करको दायरामा नआएका करदातालाई नगरपालिकामा दर्ता गर्न सूचना जारी गर्ने
- करको स्वघोणाको सट्टामा व्यवसायको यथार्थ विवरण सङ्कलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्ने । सम्भाव्य करदाता अर्थात् उद्यमी, व्यवसायी, व्यापारीहरूको आधारभूत विवरणसहितको अभिलेख तयार गर्ने
- व्यवसाय करलाई नगरपालिकाको सेवासँग आवद्ध गर्ने । नगरपालिकाको सेवाका लागि व्यवसाय कर अनिवार्य बनाउने
- सबै प्रकार र सम्पूर्ण व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा सुरुमा न्यून दर कायम गर्ने
- कर संकलन गर्न वडागत रूपमा घुम्ती शिविरहरू सञ्चालन गर्ने
- समयमा कर नतिर्ने व्यवसायीहरूका लागि आर्थिक ऐनमा दण्डात्मक प्रावधानहरू राख्ने ।
- करदातासँग सम्मानित व्यवहार गर्ने तथा कर तिर्ने समय अगावै तिर्नुपर्ने करको परिमाणबारे जानकारी गराउने ।

### ५.१.५ जडीबुटी, कवाडी, जीवजन्तु कर

**विद्यमान अवस्था**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेवापत तोकिएबमोजिम कर लगाउन सक्ने व्यवस्था रहेको छ । नगरपालिकामा कुल पाँच वडा कवाडी सङ्कलन केन्द्र रहेका छन् जसमध्ये वडा नं. ९ मा दुईवटा र वडा नं. ६ तथा ४ मा एक/एक वटा छन् । नगरपालिकामा कवाडी सङ्कलन केन्द्रहरू रहेका भए पनि सबै कवाडी सङ्कलन हुन सकेको छैन भने जीवजन्तु तथा जडीबुटी कर सङ्कलन भएको छैन । जडिबुटी, कवाडी, जीवजन्तु कर सङ्कन वृद्धिमा नगरपालिकाले विशेष पहल गर्नुपर्ने देखिन्छ ।

**सम्भाव्यता**

कर्णाली प्रदेश जडिबुटीका लागि सिङ्गो नेपालको एक मुख्य क्षेत्र हो र वीरेन्द्रनगर कर्णाली प्रदेशको प्रवेशद्वार । कर्णालीमा पाइने जडीबुटीको प्रशोधन गर्न र व्यावसायिक रुपमा बिक्री वितरण गर्ने उद्देश्यले २०६८ सालमा जडीबुटी सङ्कलन तथा प्रशोधन केन्द्र निर्माण थालनी गरिएको थियो, यद्यपि निर्माण सम्पन्न भने भएको छैन । सामान्य प्रशोधनको व्यवस्था गर्दा पनि जडीबुटी निकासीको सम्भावना भने उच्च रहेको छ । निजी क्षेत्रबाट हुने सङ्कन, निकासीको अवस्था यकीन नहुँदा नगरपालिकाले जडीबुटीको व्यावसायिक कारोबार बापत राजस्व सङ्कलन गर्न सकेको छैन यद्यपि, कवाडी सङ्कलन केन्द्रहरू रहेकाले कवाडी कर सङ्कलन गर्दै आएको छ । चालु आ.व. २०७८/७९ का लागि रु. ६ लाख २५ हजारमा ठेक्का लागेको छ । व्यावसायिक कारोबार बढ्दै जाने हुँदा आगामी आर्थिक वर्ष यस शीर्षकमा रु. ७ लाख ५० हजार आय हुन सक्ने एकमुष्ठ अनुमान गरिएको छ ।

**सुधारका क्षेत्र**

कर्णाली प्रदेश जडिबुटीको भण्डार भएको हुँदा जडिबुटी प्रशोधन केन्द्ररूको प्रवर्द्धन गर्न सकेमा नगरपालिकाका लागि दिगो आयआर्जनलाई सघाउ पुऱ्याउने देखिन्छ । जडिबुटी, कवाडी, जीवजन्तु कर सङ्कलनमा सुधार गर्न निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- व्यवसायीहरुको दर्ता, अभिलेखीकरण तथा नियमित अद्यावधिकरण गर्ने ।
- अभिलेखीकरण तथा अनुगमनलाई प्रभावकारी बनाई जडिबुटीको प्रत्यक्ष बिक्रीबाट हुने चुहावट नियन्त्रण गर्ने ।

- कवाडी सामान सङ्कलन स्थल सुरक्षित गर्न सहयोग गरी स्थल, जल तथा अन्य वातावरणीय प्रदूषण न्यूनीकरण सुनिश्चित गर्ने
- जडीबुटीको व्यवसायिक खेतीको प्रवर्द्धन गर्ने ।
- जडिबुटी प्रशोधन केन्द्रहरूको प्रवर्द्धन विस्तार गर्ने ।

### ५.१.६ विज्ञापन कर

#### विद्यमान अवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को एकल कर प्रशासन सम्बन्धी व्यवस्थाअनुसार विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐनले नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा सो ऐनको अनुसूचीमा तोकिएबमोजिम विज्ञापन कर लगाउने र असुलउपर गर्ने तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने व्यवस्था गरेको छ । कर्णाली प्रदेशको आर्थिक ऐनमा प्रदेशभित्र विज्ञापन सामग्री राखेबापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विज्ञापन कर लगाई असुल उपर गर्नेछ भन्ने व्यवस्था छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा भएको व्यवस्था अनुसार यो करको दर निर्धारण गर्ने र उठाउने अधिकार नगरपालिकाको नै भएकोले प्रदेश सरकारले यस विषयमा कानून बनाउन मिल्ने देखिदैन र नगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था नै प्रभावकारी हुने देखिन्छ । नगरपालिकाले आ.व. २०७६/७७ र २०७७/७८ मा विज्ञापन कर शीर्षकमा कुनै कर सङ्कलन गरेको देखिँदैन भने चालु आ.व. २०७८/७९ मा कुल रु. १० लाख सङ्कलन हुने अनुमान गरेको छ ।

#### सम्भाव्यता

नगरपालिका क्षेत्रमा डेढ दर्जन बजार केन्द्रहरु रहनु (तालिका ३) तथा दुई दर्जनभन्दा बढी सङ्ख्यामा धार्मिक, साँस्कृतिक, पर्यटकीय महत्वका स्थलहरू रहनु, जनघनत्व तीव्र रुपमा वृद्धि हुँदै जानु, कर्णाली प्रदेशको राजधानी तथा आगागमन गर्ने मार्गमा रहनु आदि कारणले यस नगरपालिकामा विज्ञापन करको सम्भावना फराकिलो हुँदै गएको छ । नगरपालिकाको विज्ञापन करको संभावना नगरपालिकाले वि.सं. २०७५ मा तर्जुमा गरेको नगरपालिका राजस्व सुधार योजनामा प्रस्तुत तथ्याङ्कमा आधारित रही निम्नअनुसार गणना गरिएको छ :

**तालिका १५ : विज्ञापन करबापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी**

| क्र.सं. | विज्ञापन प्रकार | सङ्ख्या | प्रस्तावित औसत दर | अनुमानित रकम रु. |
|---|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | १२० | १५०० | १८०००० |
| २ | साइन बोर्ड | ६०० | १००० | ६००००० |
| ३ | ग्लो बोर्ड | १२० | १००० | १२०००० |
| ४ | डिजिटल बोर्ड | ६० | ८०० | ४८००० |
| ५ | धातुको फ्रेम | २४ | ७०० | १६८०० |
| ६ | नियोन | १८ | ५०० | ९००० |
| ७ | अन्य विज्ञापन स्टल | ६० | ८०० | ४८००० |
| ८ | व्यावसायिक माइकिङ | ६० | ४०० | २४००० |
| | **कुल** | **१०६२** | **८३८** | **१०,४५,८००** |

*स्रोतः राजस्व सुधार योजना, वीरेन्द्रनगर नगरपालिका, २०७५*

#### सुधारका क्षेत्र

विज्ञापन करमा सुधार गर्न निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत सङ्कलन गर्ने
- विज्ञापन कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
- विज्ञापन कर सङ्कलनमा निजी क्षेत्रसँग सहकार्य गर्ने
- विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने

- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यवस्था गर्ने

### ५.१.७ सवारी साधन कर

**विद्यमान अवस्था**

नेपालको संविधान अनुसार सवारी कर प्रदेश र स्थानीय तहको दोहोरो अधिकार क्षेत्रभित्रको कर हो । स्थानीय सरकार सञ्चालन ऐन (दफा ६४) ले सवारी साधन करको दर निर्धारण तथा सङ्कलन प्रदेशले गर्ने तर गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी करको दर निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ । नगरपालिकाको आर्थिक ऐनले नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सो ऐनको अनुसूचीमा तोकिएबमोजि सवारी साधन कर र बाटो इजाजत दस्तुर लगाइने र असुल उपर गरिने तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने भन्ने व्यवस्था गरेको छ । प्रदेश आर्थिक ऐनको सवारी कर सम्बन्धी दफामा “यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउन र उठाउन सक्नेछ” भन्ने व्यवस्था गरिएको छ । प्रचलित कानुनी प्रावधानअनुरुप नगरपालिकाले साना सवारीहरू दर्ता गर्ने, रुट अनुमति दिने तथा कर लिने कार्य गरिरहेको छ । नगरपालिकामा २०७८ चैत्र महिनासम्ममा कुल ७५३ वटा रिक्सा दर्ता भएका छन् तर बजारमा कुल २२०० वटा रिक्सा सञ्चालनमा रहेको अनुमान छ । साना सवारीको दर्ता/नवीकरणबाट नगरपालिकाले आ.व. २०७७/७८ मा रु. ६ लाख ७५ हजार आय सङ्कलन गरेको थियो ।

**सम्भाव्यता**

नगरपालिकामा टेम्पो, अटो रिक्सा, पावर टिलर, रिक्सा, टाँगा, गाडा, ठेलाजस्ता साना सवारी साधनहरू सञ्चालनमा रहेका छन् । वीरेन्द्रनगर नगरपालिकामा कुल २२०० इ-रिक्सा/टेम्पो सञ्चालनमा रहेको अनुमान भए पनि ७५३ वटा मात्र नगरपालिकामा दर्ता भएका छन् । नगरपालिकाका मुख्य बजार र आसपासका क्षेत्रहरूमा बढ्दो शहरीकरणका कारण साना सवारी साधनको ठूलो सङ्ख्यामा वृद्धि भए पनि उक्त सबै साधनहरू नगरपालिकामा दर्ता हुन नसक्दा हाल नगरपालिकाले सम्भावनाअनुरुप साना सवारी साधन कर सङ्कलन गर्न नसकेको भए पनि दर्तामा सुधार गरी सञ्चालितमध्ये कम्तिमा ८० प्रतिशतसम्म साना सवारी साधन दर्ता गर्दा कुल रु. १२ लाख सङ्कलन हुने एकमुष्ट अनुमान गरिएको छ ।

**सुधारका क्षेत्र**

सवारी करमा सुधार गर्न निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- नगरपालिकामा सञ्चालनमा रहेमा टेम्पो, अटो रिक्सा, पावर टिलर, रिक्सा, टाँगा, गाडा, ठेला साना सवारीको तथ्यांक संकलन गरी नगरपालिकामा दर्ता गराउने
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण, जनशक्ति व्यवस्थापन गर्ने तथा अन्य सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गर्ने
- इञ्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने

## ५.२ गैरकर राजस्व

### ५.२.१ वहाल बिटौरी शुल्क

**विद्यमान अवस्था**

स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोगबापत बहाल बिटौरी शुल्क लगाउने कुरा उल्लेख गरेको छ भने नगरपालिकाको आर्थिक ऐनले नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसलमा बहाल बिटौरी शुल्क लगाउने र असूल उपर गर्ने व्यवस्था

गरेको छ । यी कानुनी प्रावधानहरूमा आधारमा रही नगरपालिकाले ठेक्का तथा अमानत विधिबाट राजस्व सङ्कलन गर्दै आएको छ। नगरपालिकाको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ मा यहाँ कुल १५ लाख २८ लाख बहाल बिटौरी शुल्क सङ्कलन गरिएको थियो भने आ.व. २०७८/७९ मा रु. १ करोड १२ लाख सङ्कलन गर्ने लक्ष्य रहेको छ। विगत पाँच वर्षको बहाल बिटौरी शुल्क सङ्कलनको प्रवृत्ति देहायअनुसार रहेको छ :




**सम्भाव्यता**

नगरपालिकाले आ.व.२०७८/७९ मा बसपार्क पूर्व तथा पश्चिम (रु. ३ करोड २० लाख), विशाल बजार पिपल चौतारी (रु. १० लाख ६८ हजार), घण्टाघरलाइन (रु. २७ लाख) तथा हटिया क्षेत्र (रु. ८ लाख ४० हजार) गरी विभिन्न चार क्षेत्रबाट कुल रु. ४ करोड १८ लाख ८ हजार ठेक्का तथा अमानतबाट सङ्कलन गर्ने सम्झौता गरेको छ । आ.व. २०७९/८० मा कुल रु. एक करोड १० लाख सङ्कलन गर्ने अनुमान गरेको छ । आ.व.२०७८/७९ को ठेक्का अङ्कभन्दा आ.व. २०७९/८० को अनुमान निकै बढी भएकोले आ.व. २०८०/८१ मा यसको ५ प्रतिशतले मात्र वृद्धि हुन सक्ने अनुमान गरी कुल रु. एक करोड १५ लाख ५० हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

### ५.२.२ सुधारका क्षेत्र

नगरपालिकाको बहाल बिटौरी शुल्कमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्याङ्क सङ्कलन गर्ने
- जमिन तथा संरचनाको भइरहेको उपयोग र प्रकृतिका आधारमा वर्गीकरण गरी बिटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अङ्क कायम गर्ने ।
- सम्झौताअनुसारको मासिक उठ्नुपर्ने रकम नियमित र अनिवार्य रुपमा सङ्कलन गर्ने ।

### ५.२.३ नक्सापास दस्तुर

**विद्यमान अवस्था**

नक्सापास दस्तुर नगरपालिकाको एक प्रमुख आयस्रोतका रुपमा रहेको छ । नगरपालिकामा निर्माण हुने सबै किसिमका भवनहरूमा नक्सापासको दर एउटै राखिएको छ। नक्सापास कडाइका साथ कार्यान्वयन हुन सकेको छैन । धेरै घरहरूमा तला थप भए पनि नक्सापास लिने नगरेको अवस्था छ।

नगरपालिकाको आर्थिक ऐनमा मापदण्ड पुगेका घर निर्माणमा नक्सापास दस्तुर अनुसूचीमा तोकिएबमोजिम र मापदण्ड नपुगेको घरहरूको हकमा कार्यपालिकाबाट स्वीकृत निर्देशिका बमोजिम हुने व्यवस्था गरिएको छ ।

नक्सापास दस्तुरको विगत पाँच वर्षको तथ्याङ्क अध्ययन गर्दा आ.व. २०७५/७६ मा सबैभन्दा बढी अर्थात् रु. ४ करोड ९९ लाख ४० हजार राजस्व सङ्कलन भएको देखिन्छ। गत आ.व. २०७७/७८ मा १ करोड ४५ लाख ४३ हजार सङ्कलन भएको देखिन्छ भने चालु आ.व. २०७८/७९ मा २ करोड सङ्कलन हुने अनुमान गरिएको छ। राजस्व वृद्धिमा पदाधिकारीको चासो र सक्रियता बढाउनुपर्ने खाँचो रहेको देखिन्छ। कोभिडका कारण घर निर्माणको गति नहुँदा यसले नगरपालिकाको नक्सापास दस्तुरबाट प्राप्त हुने राजस्वमा पनि उल्लेख्य गिरावट आएको देखिन्छ। गत पाँच वर्षमा नगरपालिकाले सङ्कलन गरेको नक्सापास दस्तुरको रकम देहायअनुसार रहेको छ :




**सम्भाव्यता**

नगरपालिकामा वार्षिक सरदर १००० घरहरूले नक्सापास लिने गरेका छन् भने एउटा भुईंतले घर सरदरमा ९०० वर्गफिटको निर्माण हुने गरेको छ। यस्तै, तला थप गर्ने घरहरूको सङ्ख्या वार्षिक १५० वटा हुने गरेको छ। नयाँ भवन र तला थपमा फरक फरक दर कायम गरिएको छ। मापदण्ड लागु हुनुभन्दा अघिको घरहरूको हकमा तला थप्दा प्रतिवर्ग फिट थप १० रुपैंया लिई स्वीकृति दिने गरिएको छ। नक्सापासबिना निर्माण गरिएका घरहरूलाई प्रक्रियामा ल्याउन विगतमा प्रयास भएको, नगरपालिका पुरानो भएकाले नक्सापास नगराई बनाइएका घरहरूको संख्या पनि सीमित रहेको र बाँकी रहेका घरहरूलाई प्रक्रियामा ल्याउँदा उठ्न सक्ने रकम पनि न्यून नै भएकाले यहाँ गणना गरिएको छैन। यसबाहेक नक्सापासबाट नगरपालिकालाई प्राप्त हुने सम्भाव्य आय निम्नअनुसार आँकलन गरिएको छ :

तालिका १६ : नक्सापास बापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी

| क.सं. | नक्सापास शुल्क दस्तुर | अनुमानित संख्या | दुई तलाको औसत क्षेत्रफल (वर्गफुट) | प्रस्तावित औसत दर | कुल राजस्व रकम रु. |
|---|---|---|---|---|---|
| १ | आर.सी.सी. घर | ८०० | १८०० | रु. १० प्रति वर्ग फुट | १४४००००० |
| २ | लोडवियरिङमा आधारित घर | २०० | १४०० | रु. ८ प्रति वर्ग फुट | २२४०००० |
| ३ | तला थप गर्ने घर | १५० | १२०० | रु. १० प्रति वर्ग फुट | १८००००० |
| ४ | कच्ची, ट्रस | २०० | १२०० | रु. ७ प्रति वर्ग फुट | १६८०००० |
| ५ | फाराम शुल्क तथा अन्य | १२०० | | रु. १००० | १२००००० |
| ६ | अभिलेखीकरण तथा अन्य सम्बन्धित दस्तुर | ६०० | | रु. १००० | ६००००० |
| कुल सम्भाव्य राजस्व रु. | | | | | **२१९२००००** |

**सुधारका क्षेत्र**

नक्सापास सम्बन्धी राजस्व व्यवस्थापनमा सुधारका क्षेत्रहरू निम्नअनुसार पहिचान गरिएको छ :

- निश्चित समय सीमाभित्र नगरपालिकाभित्रका सबै घरलाई अभिलेखीकरण गरी सक्ने गरी अभियानका रुपमा कार्यक्रम सञ्चालन गर्ने
- दर निर्धारणमा प्रगतिशील सिद्धान्त अवलम्बन गर्ने । आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्त करदातालाई सहुलियत प्रदान गर्ने
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक-आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने

### ५.२.४ पार्किङ शुल्क

**विद्यमान अवस्था**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएबापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ। नगरपालिकाको आर्थिक ऐनले नगरपालिकाभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएबापत तोकिएबमोजिम पार्किङ शुल्क लगाउने र असुल उपर गर्ने व्यवस्था गरेको छ। बस, ट्रक, ट्याक्टर, टेम्पो, रिक्सा टाँगालगायत विभिन्न ठूला तथा साना सवारी साधनका लागि पार्किङ शुल्क तोकिएको छ तर नगरपालिकाले हालसम्म पार्किङ सेवा उपलब्ध गराएको र पार्किङ शुल्क लिएको छैन। यद्यपि नगरपालिकामा पार्किङ सुविधाको आवश्यकता रहेको छ र वडा नं. ६ मा पार्किङ स्थल निर्माणका लागि स्थान पनि उपलब्ध रहेको छ।

**सम्भाव्यता**

कर्णाली जिल्ला तथा विभिन्न स्थानीय तह, नगरभित्रकै विभिन्न स्थानहरू तथा नेपालगञ्जलगायतका विभिन्न स्थानमा आवत जावत गर्ने विभिन्न किसिमका यातायातका साधनहरूलाई पार्किङको सुविधा उपलब्ध गराएर नगरपालिकाले पार्किङ शुल्क सङ्कलन गर्ने सम्भावना रहेको छ र यसका लागि नगरपालिकाले अध्ययन गरेर विभिन्न स्थानमा पार्किङ सुविधाहरू विस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ। हाल पार्किङ सुविधा विस्तार नभइसकेको हुँदा यस शीर्षकमा कुनै सम्भाव्यता अनुमान गरिएको छैन।

**सुधारका क्षेत्र**

नगरपालिकाले नगरका विभिन्न स्थानमा पार्किङ सुविधा विस्तार गरेको खण्डमा नगरको यातायात व्यवस्थापनमा सुधार हुनुका साथै नगरपालिकाको आम्दानीमा समेत वृद्धि हुने भएकाले विभिन्न स्थानमा पार्किङ सुविधा विस्तार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ। यस सन्दर्भमा थप सुझावहरू देहायअनुसार रहेका छन् :

- राजमार्ग दायाँबायाँ सडक अधिकार क्षेत्र बाहिरको उपयुक्त स्थानमा पार्किङस्थल निर्माण गरी पार्किङ सेवा उपलब्ध गराउने
- पार्किङ शुल्क असुली विधि छनोट गरी कार्यान्वयनमा ल्याउने

### ५.२.५ पर्यटन स्थल प्रवेश शुल्क

**विद्यमान अवस्था**

नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने सङ्घीय कानुनी व्यवस्था छ। नगरपालिकाको आर्थिक ऐनले "नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट पर्यटन शुल्क कार्यपालिकाले तोकेबमोजिमको शुल्क लगाइने र असुल उपर गरिने व्यवस्था गरेको छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ" भन्ने व्यवस्था गरेको हुँदा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको पर्यटन क्षेत्रमा प्रवेश गर्दा पर्यटकहरूबाट पर्यटन शुल्क

लगाई र असुल उपर गर्ने व्यवस्था गरी सङ्घीय कानुनसँग तादात्म्यता कायम गर्नुपर्ने देखिन्छ। नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा यस शीर्षकमा कुल रु. चार लाख ९२ हजार सङ्कलन आम्दानी गरेको छ।

**सम्भाव्यता**

नगरपालिकामा उल्लेख्य मात्रामा पर्यटकीय/दर्शनीय स्थलहरू रहेका हुँदा उक्त स्थलहरूमा पूर्वाधार विस्तार तथा अन्य सान्दर्भिक सेवा गराई पर्यटन प्रवेश शुल्क सङ्कलन गर्न सक्ने अवस्था रहेको छ। सम्भाव्य स्थलहरूमा काँक्रे बिहार, बुलबुल ताल, घण्टाघर, बाल उद्यान, देउती बज्यै, जलेश्वर शिव मन्दिर, कुइनेपानी, सिद्धपाइला, कटकुवा, वनभोज स्थल, गोठीकाँडा आदि रहेका छन्। हाल नगरपालिकाको घण्टाघरबाट प्रवेश शुल्कबापत रकम सङ्कलन गर्दै आएको छ। यसबाहेक आगामी वर्ष अन्य कुनै थप सम्भाव्य स्थलमा पूर्वाधार तथा सेवा उपलब्ध गराई प्रवेश शुल्क सङ्कलन गर्न सक्ने व्यवस्था रहेको छ। नगरपालिकाले आ.व. २०७९/८० मा यस शीर्षकमा कुल रु. ५० लाख सङ्कलन गर्ने अनुमान गरेको छ तर २०७९ को वैशाखसम्ममा कुल रु. ६ लाख ३१ हजार मात्र सङ्कलन भएको अभिलेख भएकाले आगामी आ.व.मा रु. ३५ लाख सङ्कलन गर्ने सक्ने अनुमान गरिएको छ।

**सुधारका क्षेत्र**

पार्किङ शुल्क सङ्कलनमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- उद्यान, रङ्गशालालगायत आन्तरिक/बाह्य पर्यटकीय स्थलहरूमा पर्यटकीय सेवा, सुविधा तथा पूर्वाधार विस्तार गरी प्रवेश शुल्क लगाउने। सम्भाव्य कार्यहरू :
  - घण्टाघरलाई आकर्षक, व्यवस्थित बनाउने
  - देउतीबज्यै मन्दिरको थप निर्माण एवम् पूर्वाधार सुधार गर्ने
  - बुलबुल तालमा आधुनिक ताल निर्माण गर्ने
  - काँक्रेविहारमा सानो चिडियाघर निर्माण गर्ने
- प्रवेश शुल्क सङ्कलनको उपयुक्त विधि छनोट गरी आर्थिक ऐनमा यस सम्बन्धी व्यवस्था गर्ने

### ५.२.६ व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**विद्यमान अवस्था**

स्थानीय तहले एफ.एम. रेडियो सञ्चालन, "घ" वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर सङ्कलन गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। नगरपालिकाले २०७६/७७ र २०७५/७६ यस शीर्षकमा कुनै राजस्व सङ्कलन गरेको देखिँदैन।[1] धेरै व्यवसायहरू करको दायरामा नआएका र आगामी वर्ष उक्त व्यवसायहरू करको दायरामा आउने अनुमानका आधारमा नगरपालिकाले यस शीर्षकमा आ.व.२०७८/७९ मा रु. ५० लाख सङ्कलन हुने अनुमान गरेको छ। यद्यपि अघिल्ला वर्षहरूमा नगरपालिकाले यस शीर्षकमा कुनै राजस्व सङ्कलन नगरेको हुँदा आगामी वर्ष पनि धेरै करदाता करको दायरा बाहिर रहन सक्ने भएकाले कर सङ्कलनको अपेक्षित लक्ष्य हासिल गर्न नगरपालिकाले विशेष पहल र प्रयास गर्नुपर्ने देखिन्छ। यसका लागि नगरपालिकाले चाल्नुपर्ने आवश्यक कदमहरूलाई तल दिइएको सुधारका क्षेत्रहरू शीर्षकमा प्रस्तुत गरिएको छ।

**सम्भाव्यता**

नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, *घ* वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमन गर्न तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ। नगरपालिका क्षेत्रमा कम्तीमा व्यापारिक फर्म ५०० को सङ्ख्यामा र *घ* वर्गका निर्माण निर्माण

[1] वार्षिक नीति, कार्यक्रम र बजेट, आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७८/७९, वीरेन्द्रनगर नगरपालिका, वीरेन्द्रनगर, सुर्खेत।

व्यवसायी, सहकारी, संस्थागत विद्यालय, व्यवसायिक तालिम केन्द्रहरू, ट्युसन सेन्टरहरू, कोचिङ, औषधि पसललगायत गरी जम्मा १२०० को सङ्ख्यामा व्यवसायीहरू रहेको अनुमान छ। यस्ता व्यवसायिक फर्म/संस्था र उद्योगहरुलाई औसतमा रु. २५०० का दरले दर्ता, अनुमति र नवीकरण दस्तुर लिँदा अधिकतम रु. ३० लाख आय सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ।

**सुधारका क्षेत्र**

व्यवसाय रजिष्ट्रेशन शुल्क सङ्कलनमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- नयाँ संस्था, फर्म वा उद्योग स्थापना गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने।
- सम्बन्धित सबै व्यावसायिक फर्महरूलाई लक्ष्यित गरी दर्ता, अनुमती तथा नवीकरणका बारेमा जानकारीमूलक, सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
- कार्यविधि तर्जुमा गरी दर्ता, अनुमती र नवीकरणलाई सरल, स्पष्ट तथा प्रभावारी बनाउने।
- आर्थिक ऐनमा दर्ता, अनुमति र नवीकरण दस्तुरको दर निर्धारण गर्ने।
- अनुमति नलिई संचालनमा रहेका संस्था, फर्म वा उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने।
- दर्ता हुन बाँकी रहेका व्यवसायलाई घुम्ती टोली परिचालन गरी दर्ता प्रकृयामा ल्याउने।

### ५.२.७ बिक्रीबाट प्राप्त हुने रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**विद्यमान अवस्था**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। यस कानुनी व्यवस्थाअनुसार यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ। तथापि नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको मापदण्डले यस्तो रकमको ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। नगरपालिकाको आर्थिक ऐन दफा १६ ले प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु एवम् सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको सङ्कलन शुल्क प्रदेश आर्थिक ऐनबमोजिम हुने र न्यूनतम बिक्री नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुने व्यवस्था गरेको छ।

नगरपालिकाले झुप्रा खोला बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको दिगो सङ्कलन/उत्खनन्का लागि प्रारम्भिक वातावरणीय परीक्षण गरेको छ। आ.व. २०७७/७८ मा नगरपालिकाले यस शीर्षकमा रु. २ करोड ४६ लाख ८५ हजार सङ्कलन गरेको थियो आ.व. २०७८/७९ मा रु. ३ करोड ७६ लाखमा ठेक्का लागेको छ।

**सम्भाव्यता**

नगरपालिकाको गिरिघाट, यसको बगर आसपास, भेरी दोभान, भुतचोक झुप्रा पावर हाउसमा उत्खनन्योग्य परिमाणमा गिट्टी, बालुवा, ढुङ्गा रहेको छ र सङ्कलनमा पनि रहेको छ। यसबाहेक जर्बुटामा तामाखानी, गरगरेमा सुनखानी, सल्लेरी डाँडामा चुनढुङ्गा खानी रहेको अनुमान छ। नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षणको नतिजाबाट झुप्राखोला बगरबाट ६१२४५ घन मिटर अर्थात् २१,६२,८४६.८ घनफुट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्न प्रस्ताव गरिएको छ। वातावरणीय परीक्षणले सिफारिश गरेको उत्खनन्योग्य परिमाण र प्रदेशले तोकेको दरअनुसार हुन आउने सम्भाव्य आयभन्दा अहिले लागिरहेको ठेक्का अङ्क निकै उच्च भएको हुँदा यस वर्ष ठेक्का लागेको अङ्कका आधारमा आगामी वर्षका लागि पाँच प्रतिशत मात्र रकम वृद्धि गरी कुल रु. तीन करोड ९४ लाख ८० हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ।

**सुधारका क्षेत्र**

- वातावरणीय प्रभाव मूल्याङ्कनले सिफारिश गरेको उत्खनन्योग्य परिणाम र स्वीकृत मूल्यका तुलनामा ठेक्का लागेको अङ्क निकै धेरै भएको हुँदा तोकिएको सीमाभित्र उत्खनन् गराउनु अनुगमनलाई प्रभावकारी बनाउने । झुप्रा खोला बगर क्षेत्र बाहेक अन्य सम्भाव्य क्षेत्रको समेत पुनः प्रारम्भिक वातावरणीय परीक्षण र आवश्यकताअनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने गराउने कुरा सुनिश्चित गर्ने ।
- सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- निजी जमिनको उत्खनन् सम्बन्धमा आर्थिक ऐनमा आवश्यक व्यबस्था गरी सम्भाव्यताका आधारमा अनुमति दिने ।
- नगरपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

### ५.२.८ सिफारिश तथा दस्तुर

**विद्यमान अवस्था**

नागरिकका जनजीवनमा आइपर्ने विभिन्न कार्यालयका कामका लागि आवश्यक प्रारम्भिक सिफारिश (नागरिकता सिफारिश, सर्जमिन, चारकिल्ला छुट्याउने, नाता प्रमाणित, नामथर संशोधन, मिलापत्र, नामसारी आदि) सम्बन्धित वडा/नगरपालिकाको कार्यालयले सम्पादन गर्ने एउटा प्रमुख दैनिक कार्य भएकाले नगरपालिकाका लागि यो एउटा प्रमुख आयस्रोतको क्षेत्र पनि हो ।

**सम्भाव्यता**

नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूले विभिन्न किसिमका निवेदन, सिफारिश, प्रमाणीकरण, दस्तुर, दण्ड, जरिवानाबापत वर्षभरिमा वर्षभरिमा असुल गर्ने अनुमानित सङ्ख्या कायम गरी औसत दरको आधारमा गणना गर्दा निम्नअनुसार गरी कुल ३ करोड १८ लाख ३८ हजार प्राप्त हुन सक्ने अनुमान गरिएको छ । यसरी अनुमानित सङ्ख्या कायम गर्दा विगतको प्रवृत्ति र विद्यमान घरपरिवार सङ्ख्यालाई मुख्य आधार मानिएको छ ।

**तालिका १७ : सिफारिश दस्तुरवापत प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी**

| प्रमाणित तथा दस्तुरका प्रकारहरू | औसत दर (रु.) | अनुमानित संख्या (वार्षिक) | संभाव्य रकम (रु.) |
|---|---|---|---|
| निवेदन तथा सिफारिश दस्तुर | ४०० | ४८००० | १९२००००० |
| व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर तथा प्रमाणपत्र | ३५० | १८०० | ६३०००० |
| नाता प्रमाणित दस्तुर | २०० | १५०० | ३००००० |
| अन्य दस्तुर | ३०० | ८४८० | २५४४००० |
| न्यायिक दण्ड जरिवाना र जफत | २००० | ३० | ६०००० |
| प्रशासनिक दण्ड जरिवाना | ४००० | ५० | २००००० |
| अन्य विविध आय | ३०० | २९६८० | ८९०४००० |
| **जम्मा** | | | **३१८३८०००** |

**सुधारका क्षेत्र**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर आवश्यक परिमार्जन गर्ने
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गर्ने ।

### ५.२.९ सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**विद्यमान अवस्था**

बहालमा लगाउनयोग्य सम्पत्तिहरूमा नगरपालिकामा ब्याक हो लोडर २ वटा, ठूलो टिपर १ वटा, मिनी टिपर १, दमकल १ वटा रहेको छ । ब्याक हो लोडरमा शुल्क लगाउने गरिएको छैन भने इन्धनका लागि स्थान र समयअनुसार फरक-फरक प्रचलन रहेका छन् । मिनी टिपर फोहोर तथा लास उठाउने काममा प्रयोग गर्ने गरिएको छ । नगरपालिका कार्यालयमा रहेका मेसिनरी औजारहरू, ब्याकहो लोडर, टिपर, दमकलजस्ता हेभी सवारी साधनहरूको सञ्चालन, परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारीता अभिवृद्धि गर्ने प्रयोजनका लागि नगरपालिकाले भाडामा र आकस्मिक सेवामा सञ्चालन हुने मेसिनरी औजार तथा सवारी साधनहरूको सञ्चालन विनियमावली, २०७५ जारी गरेको छ। साथै, नगरपालिकामा एक ब्याक हो तथा टिपर संचालन कोष समेत रहने व्यवस्था गरिएको छ। सरकारी सम्पत्तिको बिक्रीबाट नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा रु. सात लाख ४० हजार आम्दानी गरेको छ । तर आर्थिक ऐन तथा विनियमावलीमा समेत बहाल दर भने उल्लेख गरिएको छैन ।

**सम्भाव्यता**

नगरपालिकासँग रहेका उपरोक्तअनुसारका साधनहरू वर्षभरिमा भाडामा लाग्न सक्ने न्यूनतम दिन र प्रचलित दरमा भाडादर कायम गर्दा देहायअनुसार रु. ११ लाख ७० हजार आम्दानी हुन सक्ने सम्भावना देखिन्छ ।

**तालिका १८ : सरकारी सम्पत्तिको बहालबाट प्राप्त हुन सक्ने सम्भाव्य आम्दानी**

| क्र.सं. | सम्पत्ति | औसत भाडा दर दैनिक (रु.) | अनुमानित दिन (वार्षिक) | संभाव्य रकम (रु.) |
|---|---|---|---|---|
| १ | ब्याक हो लोडर | १५००० | ३० | ४५०००० |
| २ | ठूलो टिपर | १२००० | ३५ | ४२०००० |
| ३ | सानो टिपर | १०००० | ३० | ३००००० |
| | | | | ११७०००० |

**सुधारका क्षेत्र**

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।
- वाहन, औजार, उपकरणको मर्मत संभार खर्च तथा सञ्चालनलाई मितव्ययी बनाउने ।

### ५.२.१० सामुदायिक वनबाट प्राप्त हुने आय

**विद्यमान अवस्था**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ मा दफा ६२ ख थप गरे अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। सामुदायिक वन पैदावार विक्रीको १० प्रतिशत रकम यकीन गर्न नगरपालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले वार्षिक रुपमा गर्ने कुल वन पैदावार विक्रीको परिमाण सम्बन्धी यकीन तथ्यांक आवश्यक पर्दछ ।



६२ख. सामुदायिक वनबाट आय प्राप्त गर्ने: (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

नगरपालिकाको नगर पार्श्वचित्रअनुसार यस नगरपालिका क्षेत्रमा कुल ६९ वटा सामुदायिक वनहरू रहेका छन् । वनसँग सम्बन्धित सरोकारवालाहरूसँगको छलफलका आधारमा पाँचवटा सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आम्दानी औसतमा रु. १२ लाख, १५ वटा सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आम्दानी औसतमा

रु. १० लाख र ४९ वटा सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आम्दानी औसतमा रु. ५ लाख रहेको छ। नगरपालिकाले सामुदायिक वनबाट हालसम्म कुनै आम्दानी प्राप्त गरेको छैन।

### ५.२.११ सम्भाव्यता

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित प्रावधान अनुरुप स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार सामुदायिक वनले आफ्नो वार्षिक आयको १० प्रतिशत आम्दानी नगरपालिकामा बुझाउनु पर्ने व्यवस्था भएको हुँदा सामुदायिक वनबाट वीरेन्द्रनगर नगरपालिकाले निम्नअनुसार कुल रु. ३२ लाख ७० हजार आम्दानी गर्न सक्ने देखिन्छ। यसको गणना देहायअनुसार गरिएको छ :

**तालिका १९ : सामुदायिक वनहरुबाट प्राप्त हुने सम्भाव्य आम्दानी**

| क.सं. | सामुदायिक वनको संख्या | प्रति सा.व.को वार्षिक औसत आम्दानी (रु.) | सा.व.हरूको कुल आम्दानी | वार्षिक आम्दानीको १०% ले हुन आउने रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५ | १२,००,००० | ६०,००,००० | ६,००,००० | |
| २ | १५ | ८,००,००० | १२,०००,००० | १२,००,००० | |
| ३ | ४९ | ३,००,००० | १,४७,००,००० | १४,७०,००० | |
| | कुल | | | ३२,७०,००० | |

### ५.२.१२ सुधारका क्षेत्र

- सामुदायिक वन उपभोक्ता महासङ्घ तथा अन्य सहयोगी, सरोकारवाला निकायहरूसँग सामुहिक छलफल तथा अन्तरक्रिया गरी स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्थाका सम्बन्धमा जानकारी गराउने
- सामुदायिक वन उपभोक्ता समितिका वार्षिक कार्ययोजना स्वीकृतिका लागि प्रस्तुत गर्न आवश्यक पत्राचार गर्ने
- कार्ययोजना बनाई ऐनको व्यवस्था कार्यान्वयनमा ल्याउने

# परिच्छेद ४ : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

सम्भावनाअनुसारको आय सङ्कलन गर्न सम्बन्धित स्थानीय तहको भूमिका सधैंभरि महत्वपूर्ण रहन्छ । अघिल्लो परिच्छेदमा आय सङ्कलनको कुल सम्भावनाको विश्लेषण गरिएको छ र यस परिच्छेदमा नगरपालिकाको आय सङ्कलनको क्षमता तथा सङ्कलन अवस्थालाई राजस्व परिचालनमा नगरपालिकाले गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थाका आधारमा विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

## ५.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ । समिति संरचना देहायअनुसार रहेको छ :

तालिका २०: राजस्व परामर्श समिति

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | नीलकण्ठ खनाल | उपप्रमुख | संयोजक |
| २ | नरहरि तिवारी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | यमुना नेपाली | कार्यपालिका सदस्य | सदस्य |
| ४ | ध्रुव कुमार चपाईं | कार्यपालिका सदस्य | सदस्य |
| ५ | भद्र भण्डारी | उ.वा.संघ प्रतिनिधि | सदस्य |
| ८ | खगिसरा घिमिरे | राजस्व उपशाखा प्रमुख | सदस्य सचिव |

राजस्व परामर्श समितिले आवश्यकताअनुसार बैठक बसी राजस्व सम्बन्धी छलफल तथा निर्णयहरू गर्ने गरेको छ । यस समितिले २०७६ साउन १४ देखि २०७८ वैशाख १४ सम्म जम्मा १३ पटक बैठक बसेको छ । धेरैजसो बैठक वैशाख तथा जेठ महिनामा बस्ने गरेको देखिन्छ । उक्त बैठकहरूमा राजस्वका दर तथा दायराका बारेमा छलफल भई सोही सम्बन्धीमा निर्णयहरू हुने गरेको पाइन्छ ।

## ५.२ राजस्व सम्बन्धी नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरु

वीरेन्द्रनगर नगरपालिकाको नगरसभाले राजस्व तथा वित्त व्यवस्थापन सम्बन्धमा आ.व.०७८/७९ का लागि स्वीकृत गरेका नीति तथा कार्यक्रमहरू देहायअनुसार रहेका छन् :

१. आर्थिक वर्ष ०७७/०७८ का लागि स्वीकृत कर दस्तुरलाई वृद्धि नगरी सोहि दरलाई नै निरन्तरता दिंदै करदाता र करको दायरा विस्तारको नीति तथा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid 19) को कारण अर्थतन्त्रमा परेको व्यापक असरलाई मध्यनजर गर्दै करका दरहरुमा आवश्यकता र औचित्यताको आधारमा छुट एवम् सहुलियत दिने

२. प्रत्येक वडालाई तोकिएको न्यूनतम् बजेट सिलिङ एक करोड उपलब्ध गराइने । नगरको राजस्वमा योगदान, वडाको क्षेत्रफल, जनसंख्या लाई आधारमानि थप सुत्रात्मक बजेट उपलब्ध गराउने नीति लिने । यसरी थप सिलिङबाट उपलब्ध गराईएको बजेटबाट तेस्रो प्राथमिकता (P3) योजनाका रुपमा राखी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

३. नेपालको संविधान अन्तर्गत स्थानीय तहको अधिकार सूचीभित्र पर्ने सम्पत्ति कर, भूमीकर, घरजग्गा वहालकर, व्यापार व्यवसाय कर, जडिबुटी, कवाडि तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, वहाल विटौरी शुल्क, पार्किङ शुल्क, विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवम् शुल्क तिरेको अनुभुति हुने गरी कर सङ्कलन कार्यलाई निरन्तरता दिने ।

४. नगरपालिका क्षेत्रभित्रका घरहरुको न्युनतम कोठा तथा घर भाडा दर तोकी घरवहाल कर कार्यविधि अनुसार असुल उपर गर्ने ।

५. घरवहालकर, व्यवसायकर आदिको असुली दरमा प्रभावकारीता ल्याउन राजस्व सङ्कलन सुधार कार्ययोजना अनुरुपका कार्यहरू गर्ने ।

६. कर असुली कार्यलाई प्रविधीमैत्री बनाउँदै नगर तथा वडामा कार्यरत कर्मचारीहरूलाई विभिन्न क्षमता विकास तथा प्रविधीमैत्री तालिमहरू सञ्चालन गर्ने ।

८. नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर तिरेको व्यवसायीहरूबाट मात्र वस्तु तथा सेवाहरू खरिद गर्न नगरपालिका अन्तर्गतका कार्यालय र अन्य सार्वजनिक निकायलाई समेत अनुरोध गर्ने ।

९. अपाङ्गमैत्री व्यक्तिगत भवन निर्माणको नक्सापास दस्तुरमा २५ प्रतिशत, त्यस्तै घरको पानी आफ्नै घर परिसर व्यवस्थापन गर्ने घरधनीलाई समेत १० प्रतिशत नक्सापासमा छुट दिने ।

१०. जेष्ठ नागरिक/अपाङ्ग/गरिब/असहाय/विपन्न/आर्थिक अवस्था कमजोर भएको, उपचार सहुलियत, गरिब तथा जेहेनदार छात्रवृत्ति जस्ताको सिफारिस निःशुल्क गर्ने ।

११. अपाङ्ग, महिला, दलित, जनजाति लगायत विपन्न वर्गले स्थानिय स्रोत साधनको प्रयोग गरी उद्योग सञ्चालन गर्दा २५ प्रतिशत छुट दिने ।

१३. सरकारको नाममा बाटो लगतकट्टा गर्ने (कित्ताकाट तथा खरिदविक्री बाहेक बाटो लगतकट्टाको लागि मात्र) सिफारिस निःशुल्क गर्ने ।

## ५.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

नगरपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ :

- स्थानीय सरकार सञ्चालन ऐन अनुसार राजस्व परामर्श समिति गठन भई आवश्यकता अनुसार बैठक बस्ने, राजस्वका दररेटहरूको पुनरावलोकन गर्ने, नयाँ दररेटहरू सिफारिश गर्ने गरेको छ ।
- राजस्व उपशाखा गठन भई राजस्व सङ्कलन, अभिलेखीकरणमा क्रियाशील रहेको छ । यस उपशाखामा पाँचौं तहका कर्मचारीलाई उपशाखा प्रमुख तोकी जम्मा पाँचजना कर्मचारी खटाइएको छ ।
- वार्षिक रुपमा आर्थिक ऐन तर्जुमा गरी संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानुनले अधिकार प्रदान गरेअनुरुप कर तथा गैरकरहरूको शीर्षकगत रुपमा दर तोक्ने गरिएको छ ।
- वार्षिक नीति तथा कार्यक्रममा राजस्व सम्बन्धी नीतिलाई प्राथमिकताका साथ प्रस्तुत गर्ने गरिएको छ ।
- राजस्व सङ्कलन तथा व्यवस्थापनका लागि सम्पत्ति कर व्यवस्थापन कार्यविधि, घर वहाल कर कार्यविधि, अटो रिक्सा निर्देशिका, भाडामा मेसिन सञ्चालन सम्बन्धी विनियमावली लगायतका कार्यविधि नियमावलीहरू बनाई कार्यान्वयमा ल्याएको छ ।
- राजस्व उपशाखाका लागि दुईवटा कार्यालय कोठा छुट्याइएको छ । एउटा उपशाखा प्रमुखका लागि र अर्को राजस्व सङ्कलन गर्ने काउन्टरका रुपमा । कार्यकक्षमा टेबुल, कुर्सी र दराजहरू छन् र पर्याप्त छैनन् ।
- करदातालाई कर तिर्न आउँदा काउन्टरमा बस्ने ठाउँको व्यवस्था छैन । खानेपानीको व्यवस्था छैन । धेरै वडा कार्यालयहरूमा बैंकको कारोबारको समयअनुसार राजस्व लिने समयलाई मिलाउन खोजिएकाले २-३ बजेपछि राजस्व सङ्कलनको काम नै बन्द हुने हुँदा कार्यालय समय अगावै आइसकेका करदाताले कर तिर्न नपाई घर फर्कनुपर्ने बाध्यता पनि रहेको छ ।
- नगर कार्यपालिकाको कार्यालय सहित सबै वडा कार्यालयमा कम्प्युटर, इन्भर्टर सहित राजस्व सफ्टवेयरको व्यवस्था रहेको छ । सबै वडा कार्यालयबाट कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ गर्ने गरिएको छ ।
- वडा कार्यालयहरूबाट सङ्कलन गरिने राजस्वको आकारमा उल्लेख्य भिन्नता रहेको छ तर कर्मचारी दरबन्दी समान हुँदा धेरै राजस्व उठ्ने वडामा कामको चाप बढी हुने गरेको छ ।
- कर्मचारीहरूले क्षमता विकासका पर्याप्त अवसर पाउन सकेका छैनन् ।
- सम्पत्ति कर सङ्कलन गर्दा सामान्यतया करदाताले सम्पत्ति स्वघोषणा गर्ने र यसक्रममा घरजग्गाको मूल्याङ्कन निकै न्यून गर्ने अभ्यास पाइन्छ ।

## ५.४ राजस्व परिचालनमा रहेका सवालहरु

राजस्व सङ्कलन र व्यवस्थापनका लागि विभिन्न कानुनी व्यवस्था गरिएको भए पनि राजस्वको दायरा बढाउने, दरमा पुनरावलोकन गर्ने तथा सम्भाव्य राजस्व सङ्कलन गरी आयस्रोत वृद्धि गर्नेतर्फ पर्याप्त प्रयास भएको देखिँदैन । राजस्व परिचालमा रहेका केही मुख्य समस्याहरू देहायअनुसार रहेका छन् :

- **कर सङ्कलनको वातावरणमा सुधार :** कर सङ्कलनलाई प्रभावकारी बनाउन विभिन्न विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिएको छ । नगरपालिकामा कर तिर्न आउँदा करदाताका लागि लाम लाग्ने क्रममा बस्ने ठाउँ, पिउने पानीको व्यवस्था गर्नुपर्ने देखिएको छ। यस्तै, राजस्व उपशाखामा कर्मचारीका लागि पर्याप्त स्थानको कमी छ । कर उठ्ने ठाउँको भौतिक सुविधामा पनि विस्तार गर्नु आवश्यक देखिन्छ । कतिपय वडा कार्यालयहरूमा कर सङ्कलनको समयलाई बैङ्कको कारोबार समयसँग सामञ्जस्य गरिएको हुँदा करदाताले कार्यालय समयसमयभित्रै कर तिर्न आउँदा पनि कर तिर्न नपाइकन फर्कनुपर्ने अवस्था रहेको छ ।



*राजस्व उपशाखा*



*राजस्व उपशाखामा कर तिर्न लामबद्ध करदाताहरु*

- **करको दायरा विस्तार तथा कर सङ्कलनमा पदाधिकारीको अभिरुचीमा वृद्धि** : कर सङ्कलन, पुनरावलोकन तथा करको दायरामा नआएका सबैलाई करको दायरामा ल्याउने काममा पदाधिकारीको रुची र इच्छाशक्ति कमजोर रहेको देखिन्छ। घरबहाल करको दायरामा सम्भाव्य धेरै करदाता आउन नसकेको देखिन्छ। यसका कारण पनि नगरपालिकामा सम्भाव्य कर उठ्न उठाउन नसकेको देखिन्छ।
- **करदाताप्रतिको व्यवहार तथा पूर्व सूचना** : करदाताप्रतिको व्यवहार सामान्य रहेको छ। करदाताप्रति सम्मानित व्यवहार, तिर्नुपर्ने करको बारेमा पूर्व सूचना तथा समयमा कर तिर्ने तथा धेरै कर तिर्ने करदातालाई पुरस्कृत गर्नेजस्ता व्यवस्थाहरू गर्न सकिएको खण्डमा कर सङ्कलनमा थप सुधार हुन सक्दछ।
- **सम्पत्ति स्वमूल्याङ्कन** : करदाताले आफ्नो सम्पत्तिको स्वमूल्याङ्कन गरेअनुसार सम्पत्ति कर निर्धारण गरी असुल गर्ने अभ्यास रहेको छ । स्वमूल्याङ्कनको क्रममा वास्तविक/चलन चल्तीको मूल्यभन्दा निकै न्यून मूल्याङ्कन गरिन्छ भन्ने आम बुझाइ रहेको हुँदा स्वमूल्याङ्कनलाई नियमन गर्ने आधारहरू तयार गरी त्यसलाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।
- **तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरण** : घरबहाल करदाता, मालपोत करदाता, सम्पत्ति करदाता, विज्ञापन सामग्रीलगायतका स्थानीय सरकारका अधिकार क्षेत्रभित्रका करदाताको सङ्ख्या वास्तविक सङ्ख्याभन्दा पनि नगरपालिकामा कर तिर्न आएका करदाताको सङ्ख्याका आधारमा गणना गरिएको छ । पहिलो वर्ष सर्भेक्षण गरेर दोस्रो वर्षदेखि नियमित अद्यावधिकरणको व्यवस्था गर्न सकेमा राजस्वका वास्तविक करदाताको सङ्ख्या अभिलेखीकरण गर्न सकिने तथा सम्भाव्य सबैकरदातालाई दायरामा ल्याउन सहज हुनसक्ने देखिन्छ।
- **मालपोत-नगरपालिका समन्वय** : मालपोत कार्यालयमा जग्गाको खरिदबिक्रीको अभिलेख हुने र नगरपालिकाले कर लिने व्यवस्था रहेको छ । करदाताले घरजग्गा खरिद बिक्री गरेपछि त्यो विवरण नगरपालिका/वडा कार्यालयमा अद्यावधिक हुने व्यवस्था नभएको हुँदा धेरै समय अगाडि बिक्री गरिसकेको जग्गाको पनि करदाताले वडा कार्यालय कर तिर्नुपर्ने बाध्यत्मक स्थिति रहेको छ।
- **आवश्यक दरबन्दी तथा क्षमता विकास** : विभिन्न वडा कार्यालयबाट सङ्कलन गरिने करको आकारमा

उल्लेख्य भिन्नता रहेको छ तर कर्मचारी सङ्ख्या समान हुँदा कामको असमान चाप रहेको छ । साथै राजस्वसँग सम्बन्धित कर्मचारीहरूका लागि ज्ञानवर्द्धक, सूचनावर्द्धन, क्षमता विकासका पर्याप्त अवसरहरूको कमी रहेको छ ।

- **समन्वय/सहकार्य** : सरोकारवालाहरूसँगको समन्वय र सहकार्यले नगरपालिकाको राजस्व परिचालन सम्बन्धी क्षमता अभिवृद्धिमा टेवा पुऱ्याउन सक्दछ । घरबहाल कर, विज्ञापन कर, सम्पत्ति कर जस्ता विभिन्न करहरू सङ्कलन गर्न उद्योग वाणिज्य सङ्घ जस्ता प्रतिनिधिमूलक संस्था तथा आन्तरिक राजस्व कार्यालयसँगको सहकार्य प्रभावकारी हुन सक्दछ । राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ। आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ ।
- **चुहावट नियन्त्रण, पारदर्शिता, जवाफदेहिता** : आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय-व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

## ५.५ विगतको आय परिचालनको अवस्था

### ५.५.१ समग्र आयको अवस्था

वीरेन्द्रनगर नगरपालिकाको समग्र आयको अवस्था अध्ययन गर्ने क्रममा आ.व. २०७४/७५ देखि २०७८/७९ सम्मको आयको अध्ययन गरिएको छ । यस अवधिको आय विवरण तालिका-२३ मा प्रस्तुत गरिएको छ । आ.व. २०७४/७५ स्थानीय तह गठनको प्रारम्भिक वर्ष भएको हुँदा यस वर्ष विभिन्न शीर्षकमा आय प्राप्त भएको देखिँदैन भने त्यसपश्चात् आयमा वृद्धि हुँदै गएको देखिन्छ । यस अध्ययन अनुसार आ.व. २०७५/७६ मा नगरपालिकाको कुल आय ५७ करोड ७६ लाख ९४ हजार रहेको देखिन्छ भने आ.व. २०७७/७८ मा आइपुग्दा नगरपालिकाको कुल आय १ अर्ब ५८ करोड ६ लाख ५० हजार पुगेको देखिन्छ । यस तथ्याङ्क अनुसार यस अवधिमा नगरपालिकाको समग्र आयमा औसत वार्षिक वृद्धिदर सरदर ५० प्रतिशतका दरले भएको देखिन्छ ।

यस्तै, आ.व. २०७५/७६ मा नगरपालिकाको कुल आन्तरिक आय रु. ३ करोड ५९ लाख ४० हजार रहेकोमा आ.व. २०७७/७८ मा आइपुग्दा नगरपालिकाको कुल आन्तरिक आय रु. ८ करोड ८६ लाख ४० हजार पुगेको देखिन्छ। यस अवधिमा नगरपालिकाको कुल आन्तरिक आयमा औसत वार्षिक ४५ प्रतिशतले वृद्धि भएको देखिन्छ । आ.व. २०७८/७९ मा भने नगरपालिकाले कुल आन्तरिक आय १३ करोड १४ लाख २० हजार पुग्ने अनुमान गरेको छ । आन्तरिक आयलाई कर र गैरकर गरी वर्गीकृत रुपमा अध्ययन गरिएको छ । करका शीर्षकहरूमध्ये आ.व २०७५/७६ का तुलनामा सम्पत्ति कर र घरजग्गा बहाल करमा उल्लेख्य वृद्धि भएको देखिन्छ । आ.व. २०७५/७६ मा सम्पत्ति कर ४९ लाख १४ हजार भएकोमा आ.व. २०७७/७८ को यथार्थ १ करोड २० लाख ७५ हजार पुगेको छ । घरजग्गा बहाल कर आ.व. २०७५/७६ मा ५ लाख ३१ हजार रहेकोमा आ.व. २०७७/७८ मा १ करोड ९५ लाख ४५ हजार पुगेको छ । विशेषगरी यी दुई करमा भएको वृद्धिले उक्त तीन वर्षको यथार्थ आयमा उल्लेख्य वृद्धि देखिन्छ । यद्यपि, अघिल्ला परिच्छेदहरूमा भएको विश्लेषणअनुसार सम्पत्ति कर र घरजग्गा बहालकर यहाँको कुल सम्भावना अनुरुप अझ उठिसकेको देखिँदैन । गैरकरको अवस्था हेर्दा बहाल बिटौरी शुल्क, सिफारिश दस्तुर, नाता प्रमाणित दस्तुर र ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीमा उल्लेख्य वृद्धि भएको देखिन्छ तर नक्सापास दस्तुर भने घटेको देखिन्छ । नगरपालिका पूर्वाधार विकास शाखाको अनुभव तथा अभिलेख अनुसार कोभिड-१९ को अवधिमा घर निर्माणको गति पनि बन्द हुँदा नक्सापास दस्तुर पनि सोही अनुरुप घटेको हो ।

राजस्व बाँडफाँट तथा रोयल्टीतर्फ मूल्य अभिवृद्धि तथा अन्तशुल्कबाट आ.व. २०७५/७६ मा ३ करोड ३७ लाख ८८ हजार प्राप्त भएकोमा आ.व. २०७७/७८ मा १५ करोड ३७ लाख ४९ हजार प्राप्त भई समग्रमा यस अवधिमा वार्षिक औसत ७६ प्रतिशतले वृद्धि भएको देखिन्छ। तर राजस्व बाँडफाँट तथा रोयल्टीतर्फका अन्य शीर्षकहरूमा भने उल्लेख्य वृद्धि भएको देखिँदैन। नगरपालिकाको समग्र आयमा विगत पाँच आ.व.मा भएको वृद्धिको अवस्थासहित यससम्बन्धी थप विवरण देहायअनुसार तालिका-२३ मा प्रस्तुत गरिएको छ :

**तालिका २१ : विगत पाँच वर्षको आय परिचालनको अवस्था**

| बजेटका स्रोतहरू | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | २०७८/७९ जेठ महिना सम्मको यथार्थ | औसत वार्षिक वृद्धि दर |
|---|---|---|---|---|---|---|---|
| **आन्तरिक आय** | **१९६६३** | **३५९४०** | **७३७०१** | **८८६४०** | **१३१४२०** | **५४७६५** | **४५** |
| कर | **१९६६३** | **५९६५** | **३२०८५** | **४७९६५** | **५५०३०** | **२५६१७** | १०४ |
| सम्पत्ति कर | १८६९५ | ४९१४ | १०२३३ | १२०७५ | १२५०० | ७३३५ | ४५ |
| भूमिकर | ६८ | २ | ३०८७ | ५३७४ | ५५०० | ५६१७ | ३९० |
| घरजग्गा बहाल कर | ५७२ | ५३१ | १४८२९ | १९५४५ | ३०००० | ९१३२ | १८० |
| व्यवसाय कर | २६४ | ४९० | ३४७ | २६८८ | ५०५० | २२०७ | ८५ |
| जडीबुटी, कवाडी जीवजन्तु | १२ | ७ | १ | ३४० | ३३० | ६२५ | १९६ |
| सवारी साधन कर (साना सवारी) | | २० | १६९४ | ७०८ | ६५० | ४१४ | १७७ |
| अन्य कर | ५२ | | १८९५ | ७२३४ | १००० | २८८ | |
| गैरकर | **०** | **२९९७५** | **४१६१६** | **४०६७५** | **७६३९०** | **२९१४८** | **१५** |
| सिफारिश दस्तुर | | ३०५१ | १२४३८ | १७५१८ | १६००० | १२८३२ | ८७ |
| नक्सापास दस्तुर | | २४८५१ | १४७१३ | १४७४८ | २०००० | ६३९८ | -२६ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | | १७० | २२२ | ४४४ | २०० | ८४० | ४८ |
| नाता प्रमाणित दस्तुर | | २५ | २०४ | ३१३ | २०० | २८९ | १२६ |
| अन्य दस्तुर | | १३३६ | ५२१२ | १७४२ | १२१६० | ६६३७ | १३ |
| बहाल बिटौरी शुल्क | | २४० | १३७९ | १५३२ | ११००० | ८४५ | ९३ |
| अन्य सेवा शुल्क तथा बिक्री | | १७ | ४३३४ | २३२० | १५२३० | ५०१ | २४५ |
| सा.व.बाट प्राप्त हुने | | | ० | ० | ० | ० | |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त हुने आय | | | ६६३ | २ | २०० | ० | |
| दण्ड जरिवाना जफत | | ५५ | १५८८ | ९३० | २०० | ५४२ | १४१ |
| अन्य | | २३० | ८६३ | ११२८ | १२०० | २६५ | ७९ |
| **ऋण** | | २१४५४ | | | | | |
| **बेरुजु असुली** | | ७७३० | | ५५३ | ५०० | २३३३ | -१३२ |
| **गत वर्षको नगद मौज्दात** | | २४८०० | २८२०२२ | ३३६२१२ | १८२६४१ | ४००६६५ | १३० |
| **राजस्व बाँडफाँट** | **७१८१** | **३३७९५** | **२०८८७६** | **२४८६०२** | **२४९८६६** | **१९२८६८** | **१००** |
| मूअकर तथा अन्तशुल्क | | ३३७८८ | १२२०४४ | १५३७४९ | १५१३३३ | ९५८२९ | ७६ |
| सवारी साधन कर | | | ० | | २४६३ | ० | |
| विज्ञापन कर | ५१२ | ५ | | | १००० | ८४७ | |
| मनोरञ्जन कर | | २ | ९४ | ५ | ७० | १८ | ५४ |
| वन रोयल्टी | | | ६७६ | | | | |
| दहत्तर बहत्तर बिक्री | | | १७२८९ | १०००० | १५००० | ६००२ | |
| घरजग्गा रजिष्ट्रेशन | ६६६९ | | ६८७७४ | ८४८४८ | ८०००० | ९०१७२ | |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | | **४५२५७६** | **७२९३३३** | **७७६०१७** | **७८३६८८** | **७६८६६८** | **२७** |
| वित्तीय समानीकरण | | १८३८२५ | २४२३०० | २३६५०० | २५२००० | २५२००० | १३ |
| सशर्त अनुदान | | २६८७५१ | ४५४७४९ | ५३४५१७ | ५३१६८८ | ५१६६६८ | ३४ |
| समपुरक अनुदान | | | १६३०० | ० | | | |
| विशेष अनुदान | | | १५९८४ | ५००० | | | |

| बजेटका स्रोतहरू | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | २०७८/७९ जेठ महिना सम्मको यथार्थ | औसत वार्षिक वृद्धि दर |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | | ० | १८१७६६ | १३०६२६ | १४६६४७ | ८३९७९ | |
| वित्तीय समानीकरण | | | ११९६७ | २६४६२ | २९३१२ | २९३१२ | |
| सशर्त अनुदान | | | २२३०० | ७७५३२ | ९६३३५ | ५१६६७ | |
| समपुरक अनुदान | | | ७६३१ | १७६८२ | १५००० | ० | |
| विशेष अनुदान | | | २६१८ | ५९५० | ६००० | ३००० | |
| **अन्य अनुदान** | | | १३७२५० | ३००० | | | |
| **द्विपक्षीय वैदेशिक अनुदान** | | १४०० | | | | | |
| **कुल जम्मा** | | ५७७६९५ | १४७५६९८ | १५८०६४९ | १४९४७६२ | १५०३२७८ | ५० |

*स्रोत: नगरपालिका आर्थिक प्रशासन शाखाबाट सूत्र (SuTRA) बाट लिइएको*

### ५.५.२ आन्तरिक आयको अवस्था

नगरपालिकाको आन्तरिक आय अन्तर्गत संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले व्यवस्था गरेका विभिन्न कर, शुल्क तथा दस्तुर, सेवा शुल्क, बिक्री तथा अन्य करहरू रहेका छन् । कर तथा गैरकरका विभिन्न शीर्षकहरूमध्ये आ.व. २०७५/७६ देखि आ.व.२०७७/७८ सम्मको कुल यथार्थ आयको अवस्था हेर्दा कर सबैभन्दा धेरै ४२ प्रतिशत रहेको देखिन्छ र यसपश्चात् दस्तुरले आन्तरिक आयको ३८ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । यस सम्बन्धी थप विवरण देहायको तालिका-२४ मा प्रस्तुत गरिएको छ :

**तालिका २२ : आय परिचालनको अवस्था**

| आन्तरिक आयका शीर्षक | २०७४/७५ को यथार्थ | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को यथार्थ आय | २०७७/७८ को यथार्थ आय | २०७८/७९ को अनुमान | कुल २०७५/७६-२०७७/७८ | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| स्थानीय कर | १९६६३ | ५९६५ | ३२०८५ | ४७९६५ | ५५०३० | १६०७०८ | ४२ |
| सेवा शुल्क | ० | २४० | १३७९ | १५३२ | ११००० | १४१५१ | ४ |
| दस्तुर | ० | २९४३३ | ३२७८९ | ३४७६४ | ४८५६० | १४५५४५ | ३८ |
| बिक्री | ० | १७ | ४३३४ | २३२० | १५२३० | २१९०२ | ६ |
| अन्य आय | ० | २९४६९ | ३११४ | २६१२ | २१०० | ३७२९४ | १० |
| **कुल** | **१९६६३** | **६५१२३** | **७३७०१** | **८९१९२** | **१३१९२०** | **३७९६००** | १०० |
| अघिल्लो वर्षको नगद मौज्दात | ० | २४८०० | २८२०२२ | ३३६२१२ | १८२६४१ | ८२५६७५ | ६९ |
| **कुल जम्मा** | **१९६६३** | **८९९२३** | **३५५७२३** | **४२५४०४** | **३१४५६१** | **१२०५२७५** | |

*स्रोत: नगरपालिका आर्थिक प्रशासनक शाखाबाट सूत्र (SuTRA) बाट लिइएको तथ्याङ्कमा आधारित विश्लेषण*

### ५.५.३ मुख्य स्रोत अनुसारको आय

नगरपालिकाको समग्र आयलाई आन्तरिक आय, राजस्व बाँडफाँट तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण गरी तीन शीर्षकमा वर्गीकरण गरी अध्ययन गरिएको छ । नगरपालिकाको समग्र आय संरचनामा यी तीन शीर्षकहरूमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको हिस्सा सबैभन्दा धेरै देखिन्छ । आ.व. २०७४/७५ देखि २०७७/७८ सम्मको यथार्थ आयको अध्ययन गर्दा उपर्युक्त तीन शीर्षकहरूमध्ये अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सबैभन्दा धेरै अर्थात् ७५ प्रतिशत आय भएको देखिन्छ । नगरपालिकाको दोस्रो महत्वपूर्ण आयस्रोत राजस्व बाँडफाँट तथा रोयल्टी भएको देखिन्छ । आ.व. २०७४/७५ देखि २०७७/७८ सम्मको यथार्थ आयको अध्ययन गर्दा नगरपालिकाको समग्र आयमा यस शीर्षकको हिस्सा १७ प्रतिशत रहेको देखिन्छ । उपर्युक्त तीन वर्षको अवधिमा नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा करिब २ प्रतिशत रहेको छ। यस सम्बन्धी थप विवरण देहायअनुसार रहेको छ :

### तालिका २३ : विगत पाँच वर्षको आय परिचालनको अवस्था

| आन्तरिक आयका शीर्षक | २०७४/७५ को यथार्थ | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को यथार्थ आय | २०७७/७८ को यथार्थ आय | २०७८/७९ को अनुमान | कुल २०७४/७५-२०७७/७८ | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| आन्तरिक आय (नगद मौज्दात बाहेक) | १९६६३ | ६५१२३ | ७३७०१ | ८९१९२ | १३१९२० | ५७०९८ | २ |
| राजस्व बाँडफाँट तथा रोयल्टी | ७१८१ | ३३७९५ | २०८८७६ | २४८६०२ | २४९८६६ | ४९८४५४ | १७ |
| अन्तर-सरकारी वित्तीय हस्तान्तरण | ० | ४५३९७६ | ९११०९९ | ९०६६४३ | ९३०३३५ | २२७१७१८ | ७५ |
| **कुल** | **२६८४४** | **५५२८९५** | **११९३६७६** | **१२४४४३७** | **१३१२१२१** | **३०१७८५२** | **१००** |

माथि दिइएको तालिका २४ मा प्रस्तुत आय परिचालनको समग्र अवस्था रेखाचित्रमा देहायअनुसार रहेको छ :



# परिच्छेद ५ : राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्वका विविध पक्षहरू, आर्थिक, सामाजिक एवम् भौतिक विकासको अवस्थाको विश्लेषणबाट नगरपालिकाको राजस्व सुधारका लागि विभिन्न पक्षमा चाल्नुपर्ने कदमहरू पहिचान गरिएको छ । साथै, नगरपालिकाको कार्यालयमा गरिएको सहभागितामूलक छलफलका क्रममा समेत सहभागीहरूबाट नगरपालिकाको राजस्व सुधारका लागि विभिन्न सल्लाह सुझावहरू प्राप्त भएका छन् । यसरी प्राप्त सल्लाह सुझाव तथा सूचना एवम् तथ्याङ्क विश्लेषणका आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी यस परिच्छेदमा प्रस्तुत गरिएको छ । राजस्व सुधार कार्ययोजना निम्नअनुसार मूलत: तीन क्षेत्रमा केन्द्रित गरिएको छ :

क. राजस्व प्रशासन सुधार

ख. कर राजस्व सुधार

ग. गैरकर राजस्व सुधार

## १. राजस्व प्रशासन सुधार

तालिका २४ : राजस्व प्रशासन सुधार योजना

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **क्षमता विकास** | | |
| i. | कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम<br>(राजस्व उपशाखाका कर्मचारी तथा राजस्व परामर्श समिति सदस्यहरूका लागि करका विभिन्न सैद्धान्तिक तथा व्यवहारिक विषयमा तालिम, पुनर्ताजगी तालिम, एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण तथा राजस्वको अभिलेखीकरण लगायत क्षमता विकासका अन्य कार्यक्रमहरू सञ्चाल गर्ने) | २०७९ पुस-माघ | प्रमुख प्रशासकिय अधिकृत<br>राजस्व परामर्श समिति, कार्यपालिका |
| ii. | नगरपालिकालगायत सङ्घ र प्रदेश समेतको राजस्व सम्बन्धी कानुनी व्यवस्थाका सम्बन्धमा अभिमुखीकरण तथा छलफल | २०७९ पुस-माघ | राजस्व परामर्श समिति, कार्यपालिका |
| iii. | पदाधिकारी क्षमता अभिवृद्धि कार्यक्रम<br>(पदाधिकारीहरूलाई स्थानीय तहको संस्थागत विकास, सामर्थ्यमा आधारित कर सङ्कलनको न्यूनताको असरलगायत कर सङ्कलनको आवश्यकता, महत्वका अन्य आयाममा अभिमुखीकरण गरी करको दायरा र आकार वृद्धिमा उत्प्रेरित गर्ने) | २०७९ पुस-माघ | प्रमुख प्रशासकिय अधिकृत,<br>राजस्व परामर्श समिति, कार्यपालिका |
| iv. | राजस्व शाखाको संस्थागत क्षमता अभिवृद्धि<br>(राजस्व उपशाखालाई शाखाको रुपमा स्तरोन्नति गर्ने, आवश्यकताअनुसार कर्मचारी, स्थान, उपकरण अन्य स्रोत सामग्रीहरू तथा कार्यकक्ष उपलब्ध गराउने तथा राजस्व सङ्कलन मात्र नभई तथ्याङ्क विश्लेषण गरी नगरपालिकालाई नीति तर्जुममा सघाउन सक्षम बनाउने) | २०७९ पुस-माघ | प्रमुख प्रशासकिय अधिकृत,<br>राजस्व परामर्श समिति, |
| v. | एकद्वार कर सङ्कलन प्रणाली स्थापना<br>(मुख्य करहरु एकैपटक असुल गर्ने गरी एकद्वार कर सङ्कलन प्रणालीको सुरुवात गर्ने) | २०७९ फागुनसम्म | प्रमुख प्रशासकिय अधिकृत |
| vi. | करदाता तथ्याङ्क सङ्कलन तथा अद्यावधिकरण<br>(सबै करदाताको तथ्याङ्क सङ्कलन गरी कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने) | २०७९ चैत्रसम्म | राजस्व परामर्श समिति, राजस्व शाखा, |

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| २ | **करदातामैत्री वातावरण निर्माण** | | |
| vii. | करदाता कक्ष निर्माण एवम् व्यवस्थापन (करदातालाई कर तिर्ने ठाउँमा बस्ने व्यवस्था मिलाउने तथा खानेपानीको उचित प्रबन्ध मिलाउने) | २०७९ चैत्रसम्म | प्रमुख प्रशासकिय अधिकृत, राजस्व परामर्श समिति |
| viii. | नगरपालिकाको कार्यालयसहित सबै वडामा करदातालाई कार्यालय समयभरि कर तिर्न पाउने व्यवस्था सुनिश्चितताका लागि लकरलगायतका विकल्पहरूको पहिचान र कार्यान्वयन | २०७९ चैत्रसम्म | प्रमुख प्रशासकिय अधिकृत, राजस्व परामर्श समिति |
| ix. | करदाता सम्मान कार्यक्रम (समयमा नियमित रुपमा कर तिर्ने तथा धेरै कर तिर्ने करदातालाई सम्मानित/पुरस्कृत गर्ने व्यवस्था गर्ने) | नियमित रुपमा हरेक वर्ष | नगर कार्यपालिका, नगर सभा |
| x. | करदाता सूचना प्रणाली विकास (करदाताले कुन शीर्षकमा के कति कर तिर्नुपर्नेछ भन्ने कुरा अग्रिम जानकारी पाउन सक्ने व्यवस्था गर्ने) | २०७९ माघसम्म | राजस्व परामर्श समिति, राजस्व उपशाखा |
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| xi. | राजस्व परामर्श समितिको मासिक बैठक, राजस्व सम्बन्धी मुद्दाहरू छलफल तथा समीक्षा | हरेक महिना | राजस्व परामर्श समिति |
| xii. | राजस्व परामर्श समितिबाट मासिक स्थलगत अनुगमन | हरेक महिना | राजस्व परामर्श समिति |
| xiii. | सङ्कलित करको निश्चित अंश कर सङ्कलनको वातावरण सुधार, सम्भाव्य करदातालाई करको दायरामा ल्याउने तथा आन्तरिक कर वृद्धिका कार्यहरूमा खर्च गर्ने नीति तर्जुमा | २०८० असार पहिलो हप्ता | राजस्व परामर्श समिति, नगरसभा |

## २. कर राजस्व सुधार योजना

**तालिका २५ : कर राजस्व सुधार योजना**

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **सम्पत्ति कर** | | |
| i. | • करदाता तथ्याङ्क सङ्कलनका लागि सर्भेक्षण तथा करको दायरामा नआएका करदाताको सङ्ख्या पहिचान<br>• | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| ii. | सम्पत्ति करयोग्यजग्गाको *डिजिटलाइजेसन* (सम्पत्ति करको स्वमूल्याङ्कन प्रणालीलाई विश्वसनीय, भरपर्दो बनाउन सम्पत्ति करयोग्य घरजग्गाको अवस्थिति र तस्वीर करदाता नम्बरबाट हेर्न मिल्ने व्यवस्था गर्ने) | २०८० असार | राजस्व परामर्श समिति, कार्यपालिका |
| iii. | निर्माण सम्पन्न प्रमाणपत्र प्रणाली सुधार (घरको निर्माण सम्पन्न प्रमाण दिँदाखेरी नै सम्पत्ति करमा समावेश गरेर मात्र निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने) | २०७९ चैत्र | प्रप्रअ, राजस्व उपशाखा, पूर्वाधार शाखा |

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| iv. | सम्पत्ति कर र घरबहाल करको अन्तर आबद्धता विकास (सम्पत्तिको विवरणलाई घर बहाल करसँग आवद्ध गरी एकैपटक कर निर्धारण र असुल गर्ने व्यवस्था गर्ने) | २०७९ चैत्रसम्म | प्रप्रअ, राजस्व प्रशासन उपशाखा, पूर्वाधार शाखा |
| v. | वडाहरूमा कर्मचारी आवश्यकता मूल्याङ्कन र पदस्थापना (करदाता उल्लेख्य रुपमा धेरै भएका तथा धेरै कर सङ्कलन हुने वडाहरूमा तदनुरुप कर्मचारीको सङ्ख्या वृद्धि गर्ने) | २०७९ पौषसम्म | प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका |
| vi. | आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधान (एकिकृत सम्पत्ति करको रुपमा रहेको) लाई विद्यमान संघीय कानून बमोजिम परिमार्जन गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति, कार्यपालिका, नगरसभा |
| २ | **भूमि कर (मालपोत)** | | |
| i. | करदाता तथ्याङ्क सङ्कलन तथा अद्यावधिकरण (मालपोत कार्यालयसँगको समन्वयमा सम्पत्ति करदाताको यथार्थ तथ्याङ्क सङ्कलन गरी अभिलेखीकृत गर्ने तथा नियमित अद्यावधिकरणको व्यवस्था गर्ने) | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| ii. | कर सङ्कलन अभियान (समयमा सबै करदाताबाट कर सङ्कलन गर्न प्रचारात्मक, प्रवर्द्धनात्मक कार्यक्रमहरू सङ्कलन गर्ने । समयमै कर सङ्कलन गर्न विशेष पहल गर्ने) | निरन्तर | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| iii. | स्थानीय सरकारका निर्णय कार्यान्वयनमा राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने | निरन्तर | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| iv. | आर्थिक ऐन पुनरावलोकन एवम् मस्यौदा तयारी (मालपोतको दर प्रगतिशील आधारमा तय गर्ने, मालपोत र सम्पत्ति करको एउटै दर रहेकोमा फरक फरक दर निर्धारण गर्ने, मालपोत र सम्पत्ति कर दुवैको दर जग्गाको मूल्याङ्कन गरी गर्ने गरिएकोमा मालपोत जग्गाको क्षेत्रफलका आधारमा लिने कानुनी व्यवस्था गर्ने) | २०८० असार | राजस्व परामर्श समिति, कार्यपालिका, नगरसभा |
| ३ | **घरजग्गा बहाल कर** | | |
| i. | सर्भेक्षणमार्फत् सम्पत्ति करदाताको यथार्थ तथ्याङ्क सङ्कलन गरी अभिलेखीकृत गर्ने तथा नियमित अद्यावधीकरणको व्यवस्था गर्ने | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| ii. | घरजग्गा बहाल करलाई सम्पत्ति करसँग आबद्ध गरी सङ्कलन गर्ने । पहिलो पटक सर्भेक्षणका माध्यमबाट सम्पत्ति करदाताको तथ्याङ्क सङ्कलन गर्दा घरजग्गा बहालको अवस्था यकिन गरी एकैसाथ सङ्कलन गर्ने र त्यसपश्चात् वार्षिक रुपमा अद्यावधिक गर्दै जाने । | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| iii. | घरजग्गा कर सङ्कलन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा गर्ने | २०७९ पौष | राजस्व परामर्श समिति, कार्यपालिका, नगरसभा |
| iv. | शहरीकरण तथा बसोवासको प्रकृतिका आधारमा शहरका विभिन्न स्थानका लागि बहाल करको औसत सीमा निर्धारण | २०८० असार | राजस्व परामर्श समिति, कार्यपालिका, नगरसभा |

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | गरी क्षेत्र (slab) न्यूनतम भाडादर कायम आर्थिक ऐनमा समावेश गर्ने | | |
| ३ | **सवारी साधन कर** | | |
| i. | सञ्चालनमा रहेमा टेम्पो, अटो रिक्सा, पावर टिलर, रिक्सा, टाँगा, गाडा, ठेला साना सवारीको तथ्याङ्क सङ्कलन गर्ने | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| ii. | सञ्चालनमा रहेका सबै साना सवारीलाई करको दायरामा ल्याउन प्रचार प्रसार तथा सूचना जारी | २०७९ चैत्र | राजस्व परामर्श समिति, कार्यपालिका |
| iii. | साना सवारीको दर्ता, रुट अनुमति र कर सङ्कलनलाई व्यवस्थित गर्ने (प्रचार प्रसारमार्फत् कानुनी व्यवस्थाका बारेमा जानकारी गराई सबै साना सवारी धनीलाई दर्ताका लागि आह्वान गर्ने, कार्यविधि तर्जुमा/कार्यान्वयन गरी दर्ता, रुट अनुमति र कर सङ्कलनको प्रभावकारीता अभिवृद्धि गर्ने । | २०७९ चैत्र | राजस्व परामर्श समिति, कार्यपालिका |
| iv. | इञ्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने | २०८० असार | राजस्व परामर्श समिति, नगरसभा |

## ३. गैरकर राजस्व सुधार योजना

तालिका २६ : गैरकर राजस्व सुधार योजना

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **बहाल बिटौरी शुल्क** | | |
| i. | सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्याङ्क सङ्कलन | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| ii. | सार्वजनिक जमिन तथा संरचनाको विद्यमान उपयोग र प्रकृतिका आधारमा वर्गीकरण तथा करका दर पुनरावलोकन | २०८० असार | राजस्व परामर्श समिति, नगरसभा |
| २ | **नक्सापास दस्तुर** | | |
| i. | नक्सापास नभएका पुराना घरहरूको अभिलेखीकरण | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| ii. | नक्सा पास, घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोगमार्फत् अन्तरआवद्धता विकास | २०७९ पौष | राजस्व उपशाखा, राजस्व परामर्श समिति |
| iii. | निर्माण गरिने घर/भवनको आकार र प्रकृति अनुसारको नक्सापास दस्तुर | २०८० असार | रा.प.स., का.पा., नगरसभा |
| ३ | **पार्किङ शुल्क** | | |
| i. | पार्किङ् स्थलको अभाव भएकाले मुख्य चोक तथा आसपासका क्षेत्रमा पार्किङ स्थल निर्माणमा नगरपालिकाले प्राथमिकता दिने | २०७९ चैत्र | राजस्व उपशाखा, पूर्वाधार शाखा, कार्यपालिका |
| ii. | पार्किङको दर रेट निर्धारण तथा आर्थिक ऐनमा समावेश | २०८० असार | राजस्व परामर्श समिति, नगरसभा |

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ४ | **ढुङ्गा, गिट्टी बालुवा बिक्री** | | |
| i. | ठेक्का दिइएका क्षेत्रहरूको नियमित अनुगमन<br>(ठेक्का दिइएका क्षेत्रहरूको नियमित अनुगमन गरी वातावरणीय प्रभाव मूल्याङ्कनको सिफारिश/मापदण्ड सीमाभित्र रहेर मात्र उत्खनन् भइरहेको कुरा सुनिश्चित गर्ने) | निरन्तर | राजस्व परामर्श समिति |
| ii. | आर्थिक ऐन पुनरावलोकन<br>(निजी जमिनको उत्खनन् अनुमति दिनुपर्ने अवस्थाका लागि नीतिगत व्यवस्था गर्ने, नियम विपरित गर्ने ठेकदारलाई कारबाही तथा जरिवानाको व्यवस्था गर्ने) | २०८० असारसम्म | राजस्व परामर्श समिति, नगरसभा |
| ५ | **सामुदायिक वनबाट प्राप्त गर्ने आय** | | |
| i. | सामुदायिक वन उपभोक्ता समिति तथा सब/डिभिजन वन कार्यालयसँग छलफल<br>(स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्थाका बारेमा जानकारी गराउने, सामुदायिक वन उपभोक्ता समितिले वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्ने तथा वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सञ्चित कोषमा जम्मा गर्ने निर्णय गर्ने) | २०७९ असोजसम्म | राजस्व परामर्श समिति, कार्यपालिका |
| ii. | आर्थिक ऐन परिमार्जन<br>(वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने) | २०८० असारसम्म | राजस्व परामर्श समिति, नगरसभा |

प्रस्तुत राजस्व सुधार कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट रकम विनियोजन गर्नुपर्नेहुन्छ । नगरपालिकाले आन्तरिक स्रोतबाट सङ्कलित राजस्वको निश्चित हिस्सा राजस्व सुधार योजनामा खर्च गर्न आवश्यक नीतिगत व्यवस्था गरी यस कार्ययोजनाको कार्यान्वयनका लागि स्रोतको सुनिश्चित गर्नेछ ।

# परिच्छेद ६ : आगामी तीन वर्षको राजस्व प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आ.व. २०८०/८१ देखि २०८२/८३ सम्मका लागि नगरपालिकाको सम्भाव्य राजस्वको शीर्षकगत रुपमा प्रक्षेपणका लागि आधार प्रस्तुत गरिएको छ। आय प्रक्षेपणमा प्रचलित कानुनअनुसार स्थानीय सरकारलाई प्राप्त राजस्व अधिकार, हालको आय सङ्कलनको अवस्था, विगतको आय सङ्कलनको प्रवृत्ति, स्थानीय/प्रादेशिक तथा सङ्घीय स्तरमा भइरहेका नीतिगत परिवर्तनहरू र यस राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पर्ने प्रभाव समेतलाई मध्यनजगर गरिएको छ । साथै, अधिकांश शीर्षकहरूको आय प्रक्षेपणमा नगरपालिकाको विगत वर्षहरूको आय प्रवृत्तिलगायत सङ्घीय, प्रादेशिक तथा नगरपालिकाको राजस्वसम्बन्धी नीति तथा प्राथमिकताका साथै भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। आयका शीर्षकहरूलाई महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) को आधारमा आय प्रक्षेपण गरिएको छ। यसले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। राजस्व सुधार कार्ययोजना अध्ययन अनुसार नगरपालिकाका राजस्वको शीर्षकको कुल सम्भाव्यता तथा आय प्रक्षेणका आधारहरू देहायअनुसार रहेका छन् :

तालिका २७ : सम्भाव्य आय तथा आय प्रक्षेपणका आधार

| क्र. सं. | राजस्व शीर्षक | कुल सम्भाव्य आय (रु. हजार) | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम (रु. हजार) |
|---|---|---|---|---|
| **क** | **आन्तरिक आयतर्फ** | | | |
| १ | सम्पत्ति कर | ३९००० | पहिलो आ.व.मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३१,२०० |
| २ | भूमि कर (मालपोत) | ७६६८ | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६,५१८ |
| ३ | घर बहाल कर | ४५३७८ | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ४०,८४० |
| ४ | बहाल विटौरी शुल्क | ११५५० | कुल सम्भावनको शतप्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ११,५५० |
| ५ | व्यवसाय कर | १६३०४ | कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १५,४८९ |
| ६ | सवारी साधन कर (साना सवारी) | १२०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ९६० |
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २,७०० |
| ८ | जडीबुटी, कवाडी, जीवजन्तु कर | ७५० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ६७५ |
| ९ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २००० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १,६०० |
| १० | अन्य बिक्रीबाट प्राप्त रकम | ७२० | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीलगायतको बिक्रीबाट चालु आ.व.मा सम्भावनाको ८० प्रतिशत र त्यसपश्चात्को आम्दानीमा १० प्रतिशतले वृद्धि हुँदै जाने | ५७६ |
| ११ | अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी, बालुवा बिक्री) | ३८,४८० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्ने | ३८,४८० |
| १२ | सेवा शुल्क (मूल्यांकन समेत) | २,५०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | २,२५० |

| क्र.सं. | राजस्व शीर्षक | कुल सम्भाव्य आय (रु. हजार) | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम (रु. हजार) |
|---|---|---|---|---|
| १३ | पर्यटनस्थल प्रवेश शुल्क | ३,५०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३,१५० |
| १४ | नक्सापास दस्तुर | २१९२० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १९,७२८ |
| १५ | सिफारिश दस्तुर | १९२०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | १७,२८० |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६३० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५९९ |
| १७ | सामुदायिक वनबाट प्राप्त हुने आय | ३२७० | कुल सम्भावनाको ६५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २,१२६ |
| १८ | नाता प्रमाणित दस्तुर | ३०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २७० |
| १९ | अन्य दस्तुर | २५४४ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २,२९० |
| २० | न्यायिक दण्ड, जरिवाना र जफत | ६० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ५४ |
| २१ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | २०० |
| २२ | अन्य राजस्व | ८९०४ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ८,०१४ |
| **क** | **राजस्व बाँडफाँड** | | | |
| | ***संघीय सरकार*** | | | |
| १९ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | १५१,३०० | चालु आ.व.को प्राप्तीमा १५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | १७३,९९५ |
| २० | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | |
| २१ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ५४८ | आ.व. २०७९।८० मा प्राप्त सिलिङमा १० प्रतिशतका दरले वृद्धि हुँदै जाने | ६०३ |
| २२ | बाँडफाँड भई प्राप्त विद्युत्त रोयल्टी | | चालु आ.व.मा प्राप्त नभएकाले आगामी आ.व.मा अनुमान नगरिएको | |
| | ***प्रदेश सरकार*** | | | |
| २३ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १००,००० | चालु आ.व.को प्राप्तीमा २० प्रतिशतका दरले वृद्धि हुँदै जाने | ११०,००० |
| २४ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ३,०३४ | चालु आ.व.को प्राप्तीमा १० प्रतिशतका दरले वृद्धि हुँदै जाने | ३,३३७ |
| २५ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | चालु आ.व.मा प्राप्त नभएकाले आगामी आ.व.मा अनुमान नगरिएको | |
| २६ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १,०४६ | चालु आ.व.मा नगरपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपश्चात् वार्षिक २० प्रतिशतले वृद्धि हुँदै जाने | ६२८ |
| २७ | बाँडफाँटबाट प्राप्त हुने दहत्तरबहत्तर बिक्री बापतको आय | १५,००० | चालु आ.व.को प्राप्तीमा १० प्रतिशतका दरले वृद्धि हुँदै जाने | १६,५०० |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | | |
| | ***संघीय सरकार*** | | | |
| २७ | समानीकरण अनुदान | २६५७०० | आ.व. २०७९।८० का लागि प्राप्त सिलिङ्गमा क्रमश: ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान | २७८,९८५ |
| २८ | सशर्त अनुदान चालु | ५४६,५०० | | ६०१,१५० |

| क्र. सं. | राजस्व शीर्षक | कुल सम्भाव्य आय (रु. हजार) | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम (रु. हजार) |
|---|---|---|---|---|
| २९ | सशर्त अनुदान पूँजीगत | | आ.व. २०७९।८० का लागि प्राप्त सिलिङ्गमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान | |
| ३० | विषेश अनुदान चालु | ७,५०० | आगामी पहिलो आ.व.का लागि रु. ७५ लाख अनुमान गरी त्यसपश्चात् वार्षिक १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान | ७,५०० |
| ३१ | विषेश अनुदान पूँजीगत | | | |
| ३२ | समपुरक अनुदान चालु | ३५,००० | आगामी पहिलो आ.व.का लागि रु. तीन करोड ५० लाख अनुमान गरी त्यसपश्चात् वार्षिक १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान | ३६,७५० |
| ३३ | समपुरक अनुदान पूँजीगत | | | |
| ३४ | अन्य अनुदान चालु (*सामाजिक सुरक्षा समेत*) | ३६१,२९८ | चालु आ.व.मा उपरोक्त बाहेक अन्य शीर्षकमा प्राप्त अनुदानमा ८ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान | ३९७,४२८ |
| ३५ | अन्य अनुदान पूँजीगत | | | |
| | ***प्रदेश सरकार*** | | | |
| ३६ | समानीकरण अनुदान | २९,३१२ | आ.व. २०७९।८० को सिलिङ्गमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुँदै जाने | ३२,२४३ |
| ३७ | शसर्त अनुदान चालु | २०४,४७२ | आ.व. २०७९।८० को सिलिङ्गमा क्रमशः १५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | २३५,१४३ |
| ३८ | शसर्त अनुदान पूँजीगत | | | |
| ३९ | विषेश अनुदान चालु | ७,००० | आगामी पहिलो आ.व.का लागि रु. ७० लाख अनुमान गरी त्यसपश्चात् वार्षिक १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान | ७,००० |
| ४० | विषेश अनुदान पूँजीगत | | | |
| ४१ | समपुरक अनुदान चालु | १२०,००० | आगामी पहिलो आ.व.का लागि रु. २ करोड अनुमान गरी त्यसपश्चात् वार्षिक १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान | १२०,००० |
| ४२ | समपुरक अनुदान पूँजीगत | | | |
| | ***अन्य आन्तरिक अनुदान*** | | | |
| ४३ | अन्य संस्थागत आन्तरिक अनुदान | ७४४९ | चालु आ.व.को प्राप्तीमा वार्षिक १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान | ८,१९४ |
| ४४ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | चालु आ.व.मा प्राप्त नभएकाले आगामी आ.व.मा अनुमान नगरिएको | - |

## ७.१ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको आन्तरिक आयको प्रक्षेपण

आय शिर्षकहरू अनुसारको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आन्तरिक आयको विवरण तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ। प्रक्षेपणको लागि राजस्व सङ्केत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ।

**तालिका २८ : सम्भाव्य आय तथा आय प्रक्षेपण**

*रकम रु. हजारमा*

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १०००० | **राजस्व तथा अनुदान** | १,५०३,२७९ | १,९४१,११३ | २,२७२,३०२ | २,४९७,७६४ | २,७३३,७०१ |
| | **आन्तरिक आय** | ४५७,७८१ | २५५,५०० | २०१,२७२ | २३५,३४८ | २५९,३८८ |
| ११३१३ | एकीकृत सम्पत्ति कर (*सम्पत्ति कर*) | ७,३३५ | १२,५०० | ३१,२०० | ३४,३२० | ३७,७५२ |
| ११३१४ | भूमी कर/मालपोत | ५,६१७ | ६,५०० | ६,५१८ | ७,१७० | ७,८८७ |
| ११३२१ | घरजग्गा बहाल कर | ९,१३२ | ४०,००० | ४०,८४० | ४६,९६६ | ५४,०११ |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | ८४५ | ११,००० | ११,५५० | १२,७०५ | १३,९७६ |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ४१४ | १,००० | ९६० | १,१०४ | १,२७० |
| ११६३२ | जडीबुटी, कवाडी, जीवजन्तु कर | ६२५ | ७०० | ६७५ | ७७६ | ८९३ |
| १४६११ | व्यवसाय कर | १ | २०,००० | १५,४८९ | १७,८१२ | २०,४८४ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २,२०६ | ५०० | २,७०० | २,९७० | ३,२६७ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | २०० | १,६०० | १,७६० | १,९३६ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | १४८ | ७२० | ५७६ | ६६२ | ७६२ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | ६५ | ३८,४८० | ३८,४८० | ४०,४०४ | ४२,४२४ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मूल्याङ्कन समेत) | २९ | ३०० | २,२५० | २,३६३ | २,४८१ |
| १४२४२ | नक्सापास दस्तुर | ६,३९८ | २०,००० | १९,७२८ | २१,७०१ | २३,८७१ |
| १४२४३ | सिफारिश दस्तुर | १२,८३२ | १६,००० | १७,२८० | १९,००८ | २०,९०९ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८४० | ५०० | ५९९ | ६५८ | ७२४ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २८९ | २५० | २७० | २९७ | ३२७ |
| १४२४९ | अन्य दस्तुर | ६,६३६ | २,००० | २,२९० | २,५१९ | २,७७० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १ | १२ | ५४ | ५९ | ६५ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५४२ | १०,६६८ | २०० | २२० | २४२ |
| १४५२९ | अन्य राजस्व | ४०३,८२७ | ७४,१७० | ८,०१४ | २१,८७४ | २३,३३८ |
| | **राजस्व बाँडफाँड** | **१९२,८५०** | **२७०,८८२** | **३०५,०६३** | **३४६,९९१** | **३९५,३६६** |
| | **संघीय सरकार** | **९५,८२९** | **१५१,८४८** | **१७४,५९८** | **१९२,०५८** | **२११,२६३** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ९५,८२९ | १५१,३०० | १७३,९९५ | १९१,३९५ | २१०,५३४ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | - | ५४८ | ६०३ | ६६३ | ७२९ |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | - | | | | |
| | **प्रदेश सरकार** | **९७,०२१** | **११९,०३४** | **१३०,४६५** | **१५४,९३३** | **१८४,१०३** |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | - | ३,०३४ | ३,३३७ | ४,००५ | ४,८०६ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर *(प्रदेशसँग राजस्व बाँडफाँड)* | ९०,१७२ | १००,००० | ११०,००० | १३२,००० | १५८,४०० |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | - | २५ | २८ |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ८४७ | १,००० | ६२८ | ७५३ | ९०४ |
| १४१५६ | बाँडफाँटबाट प्राप्त हुने दहत्तरबहत्तर बिक्री बापतको आय | ६,००२ | १५,००० | १६,५०० | १८,१५० | १९,९६५ |
| | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **८५२,६४७** | **१,४०७,२८२** | **१,७५७,७७४** | **१,९०७,२३२** | **२,०६९,९३४** |
| | **संघीय सरकार** | **७६८,६६८** | **१,१७३,४९८** | **१,४६३,३८८** | **१,५८५,०१९** | **१,७१७,१९३** |
| १३३११ | समानीकरण अनुदान | २५२००० | २६५,७०० | २७८,९८५ | २९२,९३४ | ३०७,५८१ |
| १३३१२ | शसर्त अनुदान चालु | ५१६,६६८ | ५४६,५०० | ६०१,१५० | ६६१,२६५ | ७२७,३९२ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | ७,५०० | ८,२५० | ९,०७५ |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | ३५,००० | ३८,५०० | ४२,३५० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| १३३१८ | अन्य अनुदान चालु ( सामाजिक सुरक्षा समेत) | | ३६१,२९८ | ५४०,७५३ | ५८४,०७० | ६३०,७९६ |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | | |
| | **प्रदेश सरकार** | **८३,९७९** | **२३३,७८४** | **२९४,३८६** | **३२२,२१२** | **३५२,७४१** |
| १३३११ | समानीकरण अनुदान | २९३१२ | २९,३१२ | ३२,२४३ | ३३,८५५ | ३५,५४८ |
| १३३१२ | शसर्त अनुदान चालु | ५१,६६७ | २०४,४७२ | २३५,१४३ | २५८,६५७ | २८४,५२३ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | ३,००० | | ७,००० | ७,७०० | ८,४७० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | - | | २०,००० | २२,००० | २४,२०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| | **अन्य आन्तरिक अनुदान** | **-** | **७,४४९** | **८,१९४** | **८,१९४** | **९,०१३** |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | ७,४४९ | ८,१९४ | ८,१९४ | ९,०१३ |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान *(लागत सहभागिता)* | | | | | |
| | **जम्मा राजस्व** | १,५०३,२७९ | १,९४१,११३ | २,२७२,३०२ | २,४९७,७६४ | २,७३३,७०१ |

## ७.२ प्रक्षेपित आय संरचना

यस अध्ययनअनुसार वीरेन्द्रनगरनगरपालिकाको आगामी आ.व. २०८०/८१ को कुल वार्षिक आय दुई अर्ब २७ करोड २३ लाख २ हजार हुनसक्ने र त्यसपश्चात्का दुई आ.व.हरूमा क्रमशः दुई अर्ब ४९ करोड ७७ लाख ६४ हजार र दुई अर्ब ७३ करोड ३७ लाख एक हजार पुग्न सक्ने प्रक्षेपण गरिएको छ। राजस्व वृद्धिमा नगरपालिकाको उच्च

प्राथमिकता हुनु, नयाँ कार्यपालिका भएको हुँदा स्थानीय तहहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि दातृ संस्थाहरूसमेतको चासो र सहयोग रहने सक्ने सम्भावना भएकाले पनि आ.व. २०८०/८१ मा आ.व. २०७९/८० को अनुमानित कुल राजस्वको तुलनामा प्रक्षेपित आय केही उच्च रहन गएको छ भने त्यसपश्चात्का दुई आ.व.हरूमा नगरपालिकाको कुल आयमा वार्षिक क्रमशः १० र ९ प्रतिशतले वृद्धि भएको छ। थप विवरण देहायअनुसार रहेको छ :

| **क्र. सं.** | **राजश्व शिर्षक** | **अनुमान** | **प्रक्षेपण** | | |
|---|---|---|---|---|---|
| | | **०७९/८०** | **०८०/८१** | **०८१/८२** | **०८२/८३** |
| १ | आन्तरिक आय | २५५,५०० | २०१,२७२ | २३५,३४८ | २५९,३८८ |
| २ | राजस्व बाँडफाँड | | | | |
| | *संघीय सरकार* | १५१,८४८ | १७४,५९८ | १९२,०५८ | २११,२६३ |
| | *प्रदेश सरकार* | ११९,०३४ | १३०,४६५ | १४४,९३३ | १५८,१०३ |
| ३ | अनुदान तथा वित्तिय हस्तान्तरण | | | | |
| | *संघीय सरकार* | १,१७३,४९८ | १,४६३,३८८ | १,५८५,०१९ | १,७१७,१९३ |
| | *प्रदेश सरकार* | २३३,७८४ | २९४,३८६ | ३२२,२१२ | ३५२,७४१ |
| | *अन्य आन्तरिक अनुदान* | ७,४४९ | ८,१९४ | ८,१९४ | ९,०१३ |
| | **जम्मा** | **१,९४१,११३** | **२,२७२,३०२** | **२,४९७,७६४** | **२,७३३,७०१** |
| | कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत) | | ८.८६ | ९.४२ | ९.४९ |

# परिच्छेद ७ : अपेक्षित नतिजा

स्थानीय तहका राजस्व अधिकार सम्बन्धी विद्यमान व्यवस्थाहरू, नगरपालिकाको आर्थिक ऐन तथा विगत पाँच वर्षको आय विवरण, नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलगायत राजस्व परामर्श समितिसँगको छलफल, नगरपालिकाको सामाजिक-आर्थिक अवस्था अध्ययनसमेतका आधारमा तयार गरिएको यस राजस्व सुधार कार्ययोजनाको अपेक्षित नतिजा हासिल गर्न नगरपालिकाले यसमा दिइएका सुधारका उपायहरूको प्राथमिकताका साथ कार्यान्वयन गर्नु आवश्यक छ । नगरपालिकाको राजस्व सुधारका लागि आन्तरिक राजस्वका सबै शीर्षकहरूमा राजस्वको अवस्था तथा सम्भावना विश्लेषण गरी सुधारका उपायहरू प्रस्तुत गरिएको छ (परिच्छेद ३) । राजस्व सुधार कार्ययोजनाका अपेक्षित नतिजाहरू देहायअनुसार रहेका छन् :

**प्रतिफल तहका नतिजा**

- नगरपालिकाको आन्तरिक आयका आधार, विगत पाँच वर्षको आय प्रवृत्ति र नगरपालिकाको राजस्व परिचालनको अवस्था विश्लेषण भएको हुनेछ
- नगरपालिकाले अवलम्बन गरेका राजस्व सम्बन्धी विद्यमान नीति, कानून, संस्थागत संरचना, सूचना प्रविधि र तथ्याङ्क एवम् प्रतिवेदन प्रणाली लगायत समग्र राजस्व प्रशासनको विश्लेषणको आधारमा नगरपालिकाको आन्तरिक राजस्व परिचालनमा सुधारका क्षेत्रहरू पहिचान भएको हुनेछ
- स्थानीय आर्थिक विकासका दृष्टिकोणबाट सम्भाव्य तर नगरपालिकाले हालसम्म सङ्कलन नगरेका राजस्वका नयाँ स्रोतहरू पहिचान भएको हुनेछ
- आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण तथा राजस्व सुधारका कृयाकलाप र सोको कार्यान्वयन जिम्मेवारी निर्धारण एवम् राजस्व सुधारका रणनीतिहरूसहितको वीरेन्द्रनगर नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको हुनेछ
- नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनमा स्थानीय सरकार सञ्चालन ऐनसँगको सामञ्जस्यतामा वृद्धि भएको हुनेछ ।
- नगरपालिकाका पदाधिकारी तथा राजस्व परामर्श समितिका सदस्यहरूले नगरपालिकाको राजस्व अधिकार तथा राजस्व सुधार कार्ययोजनाको आवश्यकता सम्बन्धी विषयमा अभिमुखीकरण प्राप्त गरेका हुनेछन् ।
- राजस्व सुधार कार्ययोजनाको अध्यावधिक गर्न नगरपालिकाको प्राविधिक सक्षमतामा वृद्धि भएको हुनेछ ।

**असर तहका नतिजा**

- आगामी आर्थिक वर्षहरूमा राजस्व परामर्श समितिबाट गरिने राजस्व अनुमान बढी यथार्थपरक भएको हुनेछ
- नगरपालिकाको चालु आ.व.को वार्षिक कुल आय अनुमान रु. एक अर्ब ९४ करोड ११ लाख १३ हजार रहेकोमा यसमा वृद्धि भई आ.व. २०८२/८३ मा कुल दुई अर्ब ७३ करोड ३७ लाख एक हजार हुन सक्नेछ ।
- नगरपालिका र करदाता तथा सरोकारवालाहरूबीचको सम्बन्ध थप सुधार भएको हुनेछ
- कार्यवातावरणमा सुधार तथा क्षमता अभिवृद्धि तालिम मार्फत् नगरपालिकाको राजस्व प्रशासनको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- राजस्व प्रशासन करदातामैत्री भएको हुनेछ तथा कर तिर्ने भावनामा वृद्धि भएको हुनेछ ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

यस राजस्व सुधार कार्ययोजनाले राजस्व परामर्श समितिलाई राजस्व कानुनमा आवश्यक परामर्श प्रदान गर्ने, वार्षिक रुपमा राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गर्ने तथा राजस्व प्रशासनमा सुधारलगायतका विभिन्न कार्यहरूमा प्रत्यक्ष सहयोग गर्दछ। हरेक वर्ष आर्थिक ऐन तर्जुमा गर्नुपर्ने भएकाले यस वर्ष राजस्व सुधार कार्ययोजनामा गरिएको विश्लेषणलाई आधार मानी सम्बन्धित तथ्य तथ्याङ्कलाई पनि वार्षिक रुपमा अद्यावधिक गर्दै लैजान सकिएको खण्डमा राजस्वको अनुमान तथा विश्लेषणमा समेत निरन्तर सुधार भई राजस्व परामर्श समितिले नगरपालिकाको राजस्व सम्बन्धमा प्रदान गर्ने परामर्श थप प्रभावकारी हुँदै जानेछ। यस राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएमा मात्र यसले देखाएका सम्भावनाहरू अनुरुप राजस्व सङ्कलनमा वृद्धि भई नगरपालिकाको आन्तरिक राजस्व सुदृढीकरणमा योगदान पुग्नेछ र यसका लागि यस राजस्व सुधार कार्ययोजनाको अनुगमन मूल्याङ्कन पद्धति प्रभावकारी हुनु आवश्यकता छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दर तथा दायराको विश्लेषण गरी आय अनुमान गर्ने अख्तियारी रहेको हुनाले राजस्व परामर्श समितिले राजस्वका स्रोत, दर तथा दायराको परिमार्जनका सम्बन्धमा आवश्यक सुझाव प्रदान गर्न आवधिक तथा छड्के अनुगमन गर्नु आवश्यक छ। यस कार्यले स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिलाई पनि आगामि तीन आर्थिक वर्षको आय अनुमान गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउँदछ। नगरपालिकाको राजस्वमा सुधार गर्नका लागि आन्तरिक राजस्वका हरेक शीर्षकको अध्ययन विश्लेषण गर्ने क्रममा (परिच्छेद ४ : आन्तरिक राजस्वको अवस्था र सम्भावना) सुधारका क्षेत्रहरू प्रस्तुत गरिएको छ। साथै, परिच्छेद ६ मा राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। उपर्युक्त परिच्छेदहरूमा प्रस्तुत गरिएका सुझावहरू कार्यान्वयनमा आएमा मात्र यस दस्तावेजमा आँकलन गरिएबमोजिम नगरपालिकाको राजस्व सुधार हुने भएकाले यस कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन, मूल्याङ्कनका लागि खासगरी राजस्व परामर्श समिति र राजस्व उपशाखाले बढी सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ।

राजस्व परामर्श समितिले नियमित अनुगमन गरी हरेक आर्थिक वर्ष वैशाख महिनाको पहिलो हप्तासम्ममा राजस्व सुधार कार्ययोजना परिमार्जनसहित सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरूका लागि आवश्यक आधार हुनेछ। यसका लागि राजस्व परामर्श समितिले राजस्व सुधारका लागि नगरपालिकाले अवलम्बन गरेका नीति, यससम्बन्धी सञ्चालित क्रियाकलापहरू र यस दस्तावेजमा प्रस्तावित सुधार कार्ययोजनाअनुरुपका आवश्यक क्रियाकलापहरू सञ्चालन भए नभएको सम्बन्धमा अध्ययन, अनुगमन गरी निरन्तर सुधार गर्दै जान पहल कदमी लिनु आवश्यक छ। यस्तैगरी, अनुमान गरिए अनुसार राजस्व असुली भएको नभएको सम्बन्धमा यकिन गर्न नियमित रुपमा अनुगमन गर्ने, अनुमान गरिएअनुसार राजस्व सङ्कलन नभएको वा सङ्कलन हुने नदेखिएमा समयमै थप सुधारका कदमहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने कार्यहरू समेत गर्न राजस्व परामर्श समितिले सक्रिय रहनु आवश्यक हुनजान्छ। यस्तैगरी, आगामी आर्थिक वर्षको आय प्रक्षेपणका लागि त्यस अवधिसम्मका क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्याङ्कन गर्ने तथा आर्थिक वर्ष सम्पन्न भएपछि सो आर्थिक वर्षका लागि तय गरिएका क्रियाकलापहरू तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ। उल्लिखित आवश्यकतालाई सम्बोधन गर्ने प्रयोजनका लागि यस राजस्व सुधार कार्ययोजनाको अनुगमन मूल्याङ्कन पद्धति निम्नअनुसार प्रस्ताव गरिएको छ :

| क्र. सं. | अनुगमनको स्तर | अनुगमन विधि र समय | अनुगमनका विषयवस्तु र कार्यहरू | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | कार्यालयस्तरीय अनुगमन | • विधि : स्थलगत अवलोकन, तथ्याङ्क अध्ययन, करदाता अन्तर्वार्ता | • कर सङ्कलनको अवस्था, कर सङ्कलनको वातावरण, कर सुधारका लागि भएका क्रियाकलाप र कार्यान्वयनको | • मुख्य जिम्मेवारी : राजस्व उपशाखा प्रमुख |

| क्र. सं. | अनुगमनको स्तर | अनुगमन विधि र समय | अनुगमनका विषयवस्तु र कार्यहरू | जिम्मेवारी |
|---|---|---|---|---|
| | | ● समय : दैनिक, साप्ताहिक, मासिक | अवस्था, मासिक रुपमा सङ्क्षिप्त प्रतिवेदन तयारी लगायत अन्य | ● सहायक जिम्मेवारी : प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख |
| २. | राजस्व परामर्श समितिस्तरीय अनुगमन/मूल्याङ्कन | ● विधि : स्थलगत अवलोकन, करदाता अन्तर्वार्ता, सरोकारवालासँग छलफल, प्रतिवेदन अध्ययन<br>● समय : मासिक, चौमासिक, वार्षिक | ● कर प्रशासन तथा कर सुधारका लागि भएका प्रयास, राजस्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था, कर सङ्कलन/असुलीको वातावरण, आय सङ्कलनको अवस्था, कार्यपालिकालाई आवश्यक परामर्श, राजस्व सुधार योजनाको समीक्षा र परिमार्जन, स्रोत, दर तथा दायरामा सुधारका लागि क्रियाकलाप सिफारिश, मार्गदर्शन, निर्देशन र अन्य | ● मुख्य जिम्मेवारी : राजस्व परामर्श समिति संयोजक<br>● सहायक जिम्मेवारी : प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख, राजस्व उपशाखा प्रमुख, परामर्श समिति सदस्यहरू |
| ३. | कार्यपालिका स्तरीय अनुगमन तथा मूल्यांकन | ● विधि : स्थलगत अवलोकन, करदाता अन्तर्वार्ता, सूचना सङ्कलन तथा विश्लेषण, सरोकारवालासँग छलफल, प्रतिवेदन अध्ययन<br>● समय : चौमासिक, वार्षिक | ● कर प्रशासन तथा कर सुधारका लागि भएका प्रयास, राजस्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था, कर सङ्कलन/असुलीको वातावरण, आय सङ्कलनको अवस्था, कार्यपालिकालाई आवश्यक परामर्श, वार्षिक रुपमा राजस्व सुधार योजनाको समीक्षा र परिमार्जन, स्रोत, दर तथा दायरामा सुधारका लागि क्रियाकलाप सिफारिश | ● मुख्य जिम्मेवारी : राजस्व परामर्श समिति संयोजक<br>● सहायक जिम्मेवारी : नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख, राजस्व उपशाखा प्रमुख, परामर्श समिति सदस्यहरू |
| ४. | वाह्य अनुगमन तथा मूल्यांकन | ● विधि : प्रतिवेदन अध्ययन, सरोकारवालासँग छलफल, प्रतिवेदन अध्ययन<br>● समय : वार्षिक | ● राजस्व नीति, समन्वय, सहकार्य, राजस्व सुधार योजना, प्रतिवेदनहरू, समीक्षा प्रतिवेदन, मार्गदर्शन, कार्यपालिकालाई आवश्यक परामर्श, स्रोत, दर तथा दायरामा सुधारका लागि क्रियाकलाप सिफारिश | ● मुख्य जिम्मेवारी : नगर प्रमुख<br>● सहायक जिम्मेवारी : नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख, राजस्व उपशाखा प्रमुख, संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय |

# अनुसूची

## अनुसूची–१ : छलफलका लागि २०७९ असारमा नगरपालिकामा पेश गरिएको प्रस्तावित आर्थिक विधेयक,२०७९

### वीरेन्द्रनगर नगरपालिकाको आर्थिक विधेयक २०७९

**(छलफलका लागि प्रस्तावित)**

**प्रस्तावनाः**

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी काम कारवाहीलाई नियमित गर्न स्थानीय कर तथा शुल्क सङ्कलन गर्न छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न तथा समय सापेक्ष करका दरहरु थपघट गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) बमोजिम वीरेन्द्रनगर नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “वीरेन्द्रनगर नगरपालिकाको आर्थिक ऐन, २०७९” रहेको छ। (२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. **सम्पति करः** (१)नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको भौतिक संरचना र सो (घर) घरले चर्चेको जग्गामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। (२ बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) उपदफा (-१ मा उल्लेख भए बमोजिम हुनेछ (क)। (३ ( यसदफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि जग्गा र घरको मूल्याङ्कन दर अनुसूची - १ तथा घरको ह्रास (ख) कट्टीको दर अनुसूची- १ मा उल्लेख भए बमोजिम हुनेछ। (ग)(४बमोजिम लगाइएको सम्पत्ति करमा (२) उपदफा ( छुट तथा जरिवानाको व्यवस्था व ीरेन्द्रनगर नगरपालिकाको सम्पत्ती कर व्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

३. **भूमि कर (मालपोत):** )१) नगरपालिका क्षेत्रभित्रका जग्गामा मूल्याङ्कनको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ। तर दफा (२) बमोजिम सम्पत्ति कर लगाइएको जग्गामा मालपोत लगाइने छैन। (२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची–२ मा उल्लेख भएबमोजिम हुनेछ।

४. **घरजग्गा वहाल करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाइने र असूल उपर गरिनेछ। (२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची – ३ मा उल्लेख भएबमोजिम हुनेछ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। (२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग–अलग एकाइ मानी कर असूली गरिनेछ। (३) यस दफा बमोजिम लगाइने व्यवसाय करको दर अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछ। (४) यस दफा बमोजिम लगाइने व्यवसाय कर सोहि आ।व।भित्र

भुक्तान नगरि वक्यौता कायम हुन गएमा पहिलो वर्ष १० प्रतिशत र सो भन्दा अघिका वर्षहरुको वक्यौतामा क्रमशस्हरेक वर्षको लागि थप ५ प्रतिशतका दरले जरिवाना लिइने छ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** (१) नगरपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ। (२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची – ६ मा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटलबोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। (२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची – ७ मा तोकिए बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** (१) नगरपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ

१०. **बहाल बिटौरी शुल्कः** (१ नगरपालिका (क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ। (२बमोजिम लगाइने (१) उपदफा ( बहालविटौरी शुल्कको दर अनुसूची मा तोकिए बमोजिम हुनेछ। ८ –

११. **पार्किङ शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टिङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३. फोहरमैला व्यवस्थापन तथा सरसफाई शुल्कः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन तथा सरसफाई गरेबापत अनुसूची – १० मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **सेवा शुल्क, दस्तुरः** (१) नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूची (११) मा उल्लिखित सिफारिश, प्रमाणित, अनुमती दस्तुर, स्थानीय पूर्वाधार, ओजेटी सेवा, शिक्षा सेवा शुल्क तथा सहकारी लगाएत उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१५. **पर्यटन शुल्कः** (१) नगरपालिकाको पर्यटकीय क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क अनूसूची (१२) मा उल्लेख गरिए बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ। तरप्रदेश कानुन स्वीकृत भई सो , कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१६. **बिक्री गर्न सक्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा सङ्कलन हुने ढुङ्गा, गिट्टी, बालुवा

एवम् माटोजन्य वस्तुहरु यस नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधी २०७५ का प्रावधान पालाना हुने गरी तथा नक्सापासका लागि आवश्यक निवेदन फाईल, बोलपत्र वा दरभाउपत्र फाराम अनुसूची -१३ मा उल्लेख भए बमोजिमको दरमा बिक्री गरी रकम असुल उपर गरिनेछ । (२) उपदफा (१) बमोजिमको ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुहरु बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सकिनेछ ।

१७. **भाडामा लगाउन सक्नेः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची -१४ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ।

१८. **दण्ड जरिवानाः** (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तव्य भएको व्यक्ति वा संघसंस्थाले कर्तव्य पालना नगरेमा वा नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची – १५ मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ।

१९. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कार्यपालिकाले पटके निर्णय गरी कर छुट दिन सकिनेछ । (१) नगरपालिकालाई वार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको पहिलो चौमासिकभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करको दश प्रतिशत छुट दिइनेछ। (२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ।

२०. **कार्यविधि बनाउन सक्नेः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ।

२१. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

२२. **विविधः (१)** कृषि, पशु, सहकारी, शिक्षा, घरेलु जस्ता अन्य विषयगत कार्यालयबाट हुने कार्यको सेवा शुल्क दस्तुर उल्लेख भएमा सोहि बमोजिम र नभएमा साविकमा यी विषयगत कार्यालयले लिँदै आएको दस्तुर शुल्क लाग्नेछ । **)२ (**यस ऐनमा नसमेटीएका र अन्य कानुनसँग नबाझिने गरी कर दस्तुर शुल्कको दररेट नगर कार्यपालिकाको निर्णय तथा स्वीकृत कार्यविधीको मापदण्ड बमोजिम हुनेछ।

## अनुसूची १ (क)

)दफा २ संग सम्वन्धित)

## सम्पत्ति कर करको दर

| करयोग्य सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| रु १ देखि ५ लाख रुपैयाँसम्मको मूल्यांकनमा | एकमुष्ठ रु ५०.०० |
| रु ५ लाख १  देखि २० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१ |
| २० लाख १ देखि ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१५ |
| रु ५० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँसम्म | प्रति सय रु ०.०२ |
| रु १ करोड १ रुपैयाँ देखि १ करोड ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०३ |
| १ करोड ५० लाख १ देखि २ करोडसम्म | प्रति सय रु ०.०४ |
| रु २ करोड १ देखि २ करोड ५० लाखसम्म | प्रति सय रु ०.०५ |
| रु २ करोड ५० लाख १ देखि ३ करोडसम्म | प्रति सय रु ०.०६ |
| रु ३ करोड  १ देखि ३ करोड ५० लाखसम्म | प्रति सय रु ०.०७ |
| रु ३ करोड ५० लाख १ देखि ४ करोडसम्म | प्रति सय रु ०.०७५ |
| रु ४ करोड १ देखि माथि | प्रति सय रु ०.०८ |

# अनुसूची १ (ख)

**)दफा २ को उपदफा सँग सम्ब (३)न्धित (**

## <u>जग्गाको मूल्यांकन दर</u>

**मालपोत कार्यालय सुर्खेतले रजिष्ट्रेशन पास निमित्त नगरक्षेत्रमा निर्धारण गरेको न्यूनतम मूल्याङ्कन र चलन (दररेट) मालपो) चल्तीको स्वघोषणातले गरेको भन्दा कम नहुने गरीमू (ल्याङ्कनमध्ये जुन बढी हुन्छ सो रकम।**

## <u>संरचनाको मूल्याङ्कन दर</u>

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की जोडाईमा ढलाई | | माटोको जोडाइमा ढलाई | | पक्का जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाई भै जस्ता वा टायल छाना | | सेड | |
| | | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | १८०० | १७०० | १७०० | १६०० | १५०० | १४०० | १३०० | १२०० | ५०० | ३०० |
| ख | संस्थागत क्षेत्र | १७०० | १६०० | १६०० | १५०० | १४०० | १३०० | १२०० | ११०० | ४०० | २५० |
| ग | आवासीय क्षेत्र | १६०० | १५०० | १५०० | १४०० | १३००० | १२०० | ११०० | १००० | ३०० | २०० |
| घ | कृषि क्षेत्र | १५०० | १४०० | १४०० | १३०० | १२०० | ११०० | १००० | ९०० | ३०० | २०० |
| ङ | वन तथा वगर क्षेत्र | १४०० | १३०० | १३०० | १२०० | ११०० | १००० | ९०० | ८०० | ३०० | २०० |

ढुंगा वा इँटाको पर्खाल प्रति रनिङफिट रु. २५०।००
कच्ची घर एकमुष्ट रु १००००।०० (१०० वर्ग फिट सम्म)

नोटः माथि उल्लेखित बाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दोजुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्याङ्कन गरिनेछ।

## अनुसूची १ (ग)

(दफा २ को उपदफा (३) सँग सम्बन्धित)

# संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम → <br> संरचनाको आयु ↓ | आर.सि.सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---:|---:|---:|---:|---:|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३ - ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६ - ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९ - १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ७० |
| १२ - १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ८० |
| १५ -१८ वर्ष | ३६ | ५४ | ७२ | ८० | ८० |
| १८ - २१ बर्ष | ४२ | ६३ | ८४ | ८० | ८० |
| २१ - २४ वर्ष | ४८ | ७२ | ८० | ८० | ८० |
| २४ - २७वर्ष | ५४ | ८१ | ८० | ८० | ८० |
| २७ - ३० वर्ष | ६० | ८० | ८० | ८० | ८० |
| ३० - ३३ वर्ष | ६६ | ८० | ८० | ८० | ८० |
| ३३ - ३६ वर्ष | ७२ | ८० | ८० | ८० | ८० |
| ३६ - ४० वर्ष | ७८ | ८० | ८० | ८० | ८० |
| ४० - ४३ वर्ष | ८४ | ८० | ८० | ८० | ८० |
| ४३ - ४६ वर्ष | ८० | ८० | ८० | ८० | ८० |
| ४६ भन्दा माथि | ८० | ८० | ८० | ८० | ८० |

# अनुसूची २

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## भूमि (मालपोत) करको दर

| करयोग्य भूमि (मालपोत) जग्गाको मूल्य | वार्षिक कर |
|---|---|
| रु १ देखि ५ लाख रुपैयाँसम्मको मूल्यांकनमा | एकमुष्ठ रु ५०.०० |
| रु ५ लाख १ देखि २० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१ |
| २० लाख १ देखि ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१५ |
| रु ५० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँसम्म | प्रति सय रु ०.०२ |
| रु १ करोड १ रुपैयाँ देखि १ करोड ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०३ |
| १ करोड ५० लाख १ देखि २ करोडसम्म | प्रति सय रु ०.०४ |
| रु २ करोड १ देखि २ करोड ५० लाखसम्म | प्रति सय रु ०.०५ |
| रु २ करोड ५० लाख १ देखि ३ करोडसम्म | प्रति सय रु ०.०६ |
| रु ३ करोड १ देखि ३ करोड ५० लाखसम्म | प्रति सय रु ०.०७ |
| रु ३ करोड ५० लाख १ देखि ४ करोडसम्म | प्रति सय रु ०.०७५ |
| रु ४ करोड १ देखिमाथि | प्रति सय रु ०.०८ |

## अनुसूची ३

(दफा ४ को उपदफा (२) सँग सम्वन्धित)

## घर जग्गा बहाल करको दर

घर वा जग्गा बहाल रकमको १० प्रतिशत

## अनुसूची ४

(दफा ५ को उपदफा (३) सँग सम्वन्धित)

## व्यवसाय करको दररेट

| सङ्केत | व्यवसायको विवरण | २०७९।०८० को प्रस्तावित |
|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | |
| | चार पांग्रे गाडी मर्मत | १५०० |
| | मोटरसाइकल मर्मत | ७५० |
| | रेडियो,घडी, मोवाइल, तथा विभिन्न विद्युतीय उपकरण मर्मत | ६१० |
| | टायर, पञ्चर टाल्ने र टायरमा हावा भर्ने | ४०० |
| | सवारी डेन्ट, पेन्ट गर्ने पसल | |
| | सवारी साधन धुने | ५५० |
| | सवारी साधनको सिट, हुट बनाउने पसल | ११०० |
| | साइकल, कुकर,पंखा, छाता, स्टोभ आदि मर्मत | ४०० |
| २. | **स्वास्थ्य सेवातर्फ** | |
| | १५ बेडसम्मका अस्पताल | ८००० |
| | १५ बेडमाथिका अस्पताल | १०००० |
| | नर्सिङ् होम | ७००० |
| | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | २५०० |
| | एक्सरे, ल्याव सुविधा रहित डाक्टरको सेवा भएको मेडिकल पसल/औषधी थोक पसलमा | १५०० |
| | दात उपचार केन्द्र | २००० |
| | डाक्टरको सेवा नभएको मेडिकल पसल | ७५० |
| | सर्जिकल सामान बेच्ने पसल | ६५० |
| | वैद्य खाना तथा अन्य क्लिनिक, ल्याव | ६५० |

| सङ्केत | व्यवसायको विवरण | २०७९।०८० को प्रस्तावित |
|---|---|---|
| ३. | **शिक्षा सेवा तर्फ** | |
| | निजिस्तरबाट संचालीत चाइल्ड केयर तथा मोन्टेश्वरी | १००० |
| | आधारभुत तहका निजी विद्यालय (कक्षा १-८सम्म) | २००० |
| | मा.वि.तहका निजी विद्यालय | ३००० |
| | निजि स्तरका क्याम्पसहरु | ६००० |
| | तालीम तथा अनुसन्धान केन्द्र | ४००० |
| | टाइपिङ् , कम्प्युटर तथा प्रशिक्षण केन्द्र | ६००० |
| ४. | **सञ्चार सेवातर्फ** | |
| | साइवर तथा इमेल, इन्टरनेट, रेडियो पेजिङ् आदिमा | २००० |
| | फोन, फ्याक्स, फोटोकपि | ६०० |
| | रिचार्ज कार्डको डिलर | २००० |
| | कुरियर सेवा | ५५० |
| | एफ.एम. रेडियो | १५०० |
| | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | ५००० |
| | केवल नेटवर्क,इन्टरनेट सेवा प्रदायक | २५००० |
| ५. | **छपाइ तथा प्रकाशन** | |
| | अफसेट प्रेस | २५०० |
| | साधारण प्रेस | १५०० |
| ६. | **वित्तीय सेवा तर्फ** | |
| | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक केन्द्रिय स्तरका वाणिज्य बैंकहरु | २०००० |
| | विकास बैंकहरु मुख्य कार्यालय तथा प्रदेश कार्यालय | १५००० |
| | विकास बैंकहरु शाखा कार्यालय | ८००० |
| | वीमा कम्पनी केन्द्रिय कार्यालय | १५००० |
| | वीमा कम्पनी शाखा कार्यालय | १०००० |
| | मनीट्रान्सफर (बैंक बाहेक) | २००० |
| | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय (शेयर कारोबार गर्ने समेत) | १०००० |
| | वित्तीय कम्पनीको शाखा कार्यालय | ७००० |
| | सहकारी बैंक र बचत तथा ऋण सहकारी (क श्रेणी : २ करोड भन्दा बढी कारोवार हुने) | ३००० |
| | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहरु (ख श्रेणी : २ करोड भन्दा कम कारोवार हुने ) | २००० |
| | अन्य कारोवार गर्ने सहकारी संस्थाहरु | १५०० |
| | विदेशी मुद्रा सटही | १५०० |
| | वीमा कम्पनीहरु | ७००० |
| | मनी ट्रान्सफर सेवा (बैंक बाहेक) | २००० |
| ७. | **होटल, लज तथा रेष्टुरन्ट/बार (पर्यटन उद्योग )** | |
| | तारे होटल थ्री स्टार सम्म | २५००० |
| | उच्च स्तरको लजिङ, फुडिङ,स्वीमिङ पुल,सेमिनारहल सुविधा भएको होटल | १०००० |
| | मध्यम स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल | ४५०० |
| | सामान्य लजिङ, फुडिङको सुविधा भएको | २००० |
| | रेस्टुरेन्ट/बार सांस्कृतिक कार्यक्रम सहितको | १०००० |
| | लज मात्र भएको | १८०० |

| सङ्केत | व्यवसायको विवरण | २०७९।०८० को प्रस्तावित |
|---|---|---|
| | राम्रो खालको रेष्टुरन्ट /बार AC सुविधा सहित | ३००० |
| | सामान्य खालको रेष्टुरन्ट/बार | २००० |
| | सामान्य खालको होटल | १००० |
| | ट्राभल्स एंव टुरीजम एजेन्सी | २००० |
| | प्याराग्लाइडिङ/ऱ्याफ्टिंग | २००० |
| ८. | **चिया नास्ता तथा चाट पसल** | |
| | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | १००० |
| | मिष्ठान्न भण्डार रहितको चिया नास्ता पसल | ६०० |
| | ग्रामीण क्षेत्रको चियानास्ता पसल | ५०० |
| | चाट पसल | ५०० |
| ९. | **सुन चांदी पसल** | |
| | थोक रुपमा तथा मेसिनद्वारा गहन बनाई बिक्री गर्ने पसल | ४००० |
| | साना तथा हातले गहना बनाई बिक्री गर्ने पसल | २००० |
| | गहना बनाउने तथा मर्मत गर्ने पसल | १००० |
| १०. | **मदिरा पसल** | |
| | थोक बिक्री पसल | ८००० |
| | मध्यम खालको पसल | ४००० |
| | खुद्रा विक्री पसल | ३००० |
| ११. | **मासु पसल** | |
| | एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल | १००० |
